




# खुल्यो ढोका +2को

**परीक्षाफलका आधारमा उत्कृष्ट दस कलेज**

| | |
|---|---|
| १ | सेन्ट मेरिज उ.मा.वि., जावलाखेल, ललितपुर |
| २ | प्रसादी एकेडेमी, तफाल्हो, मानभवन, ललितपुर |
| ३ | काठमाडौं मोडल उ.मा.वि., बागबजार, काठमाडौं |
| ४ | नेशनल कलेज अफ साइन्सेज, लैनचौर, काठमाडौं |
| ५ | लिटिल एन्जल्स उ.मा.वि., हात्तिवन,ललितपुर |
| ६ | एस उच्च मा.वि., बानेश्वर, काठमाडौं |
| ७ | युनाइटेड एकेडेमी, कुमारीपाटी, ललितपुर |
| ८ | सगरमाथा उच्च मा.वि., पोखरा |
| ९ | एनसीसीएस उच्च मा.वि., काठमाडौं |
| १० | मेरिल्यान्ड उच्च मा.वि., विराटनगर |

• **विदुर खतिवडा**

काठमाडौं- अहिले पत्रपत्रिका, रेडियो र टेलिभिजनमा कलेजहरूका प्रशस्त विज्ञापन सुन्न र हेर्न सकिन्छ। एसएलसी परिणाम सार्वजनिक भएलगत्तै कलेज विज्ञापनको मात्रा बढेको हो। परिणाम आएलगत्तै विद्यार्थीहरूको ठूलो जमात पनि विभिन्न कलेजको शैक्षिक वातावरण अध्ययन गरिरहेका छन्। यसपटकको एसएलसी परीक्षामा २ लाख ५० हजार विद्यार्थी उत्तीर्ण भएका छन्।१० वर्षे विद्यालय अध्ययनपछि उच्च शिक्षा हासिल गर्दै आफ्नो उद्देश्यअनुसार क्यारियर विकास गर्ने चाहना बोकेर राम्रो कलेज खोजिरहेका यी विद्यार्थीहरूलाई सही परामर्श दिने निकायको भने अभाव छ।

'मैले अहिलेसम्म राजधानीका करिब एक दर्जन कलेजको शैक्षिक कार्यक्रम एवं वातावरणका सम्बन्धमा जानकारी लिइसकें' यसै वर्ष विशिष्ठ श्रेणीमा एसएलसी उत्तीर्ण मीनाक्षी खड्काले साप्ताहिकसँगको कुराकानीमा भनिन्- 'अब कुन कलेजमा जाने भनेर कन्फ्युजन भएको छ, तर धेरैवटा कलेजका बारेमा बुझिसकेपछि कलेजको राम्रो र नराम्रो पक्ष 'जजमेन्ट' गर्न सजिलो हुँदो रहेछ।'

मीनाक्षीको यो समस्या एसएलसी उत्तीर्ण आमविद्यार्थीको भोगाइ हो। सरसर्ती हेर्दा सबै कलेजको शैक्षिक वातावरण राम्रो देखिने हुनाले पहिलो चरणमा विद्यार्थीले कुन कलेजमा जाने भन्ने निर्णय गर्न गाह्रो हुन्छ। कलेजहरूको भीडमा सही कलेजको छनौट निश्चय नै गाह्रो काम हो। यसका निम्ति विद्यार्थी र अभिभावकले सुझबुझपूर्ण ढंगले अघि बढ्नुपर्ने हुन्छ। जतिसक्दो धेरै कलेजको शैक्षिक वातावरण बुझेर मात्र कलेज छनौट गर्नुपर्छ। 'हामीकहाँ विद्यार्थीलाई सही काउन्सिलिङ गर्ने ट्रेन्ड विकास हुनसकेन' शिक्षाविद् बबिता लाभ भन्छिन्- 'अब कता जाने भनेर रुमल्लिरहेका विद्यार्थीहरूलाई यो बाटो सही छ भनेर परामर्श दिनु आवश्यक छ।'

यो समयमा आफ्नो क्यारियर कुन क्षेत्रमा विकास गर्ने हो विद्यार्थीले गम्भीर रूपमा सोच्नुपर्ने शिक्षाविद्हरू बताउँछन्। विज्ञान, व्यवस्थापन, मानविकी र शिक्षा संकायअन्तर्गत कुन विषयमा उच्च शिक्षा हासिल गर्ने भनेर निर्णय गरिसकेपछि विद्यार्थीले त्यो संकाय वा विषयका निम्ति कुन शैक्षिक संस्था उपयुक्त छ भनेर निर्णय गर्नुपर्छ। एसएलसीसम्मको अध्ययनमा विद्यार्थीले एकै प्रकारको पाठ्यक्रम अध्ययन गरे पनि एसएलसीपछि आफ्नो रोजाइको संकायअन्तर्गत अध्ययन गर्न पाउँछन्। यस बेला विद्यार्थीले जुन संकाय रोज्छ, उसको क्यारियर

**पृष्ठ ५ मा जारी**

## क्यासेट

### भिजोन

गायक प्रकाश हमालको पहिलो गीतिसंग्रह 'भिजोन' दर्शक-श्रोतामाझ आएको छ। सी एन्ड पीएनआर म्युजिक प्रा.लि.ले बजारमा ल्याएको यो संग्रहमा चर्चित गीत 'सुन सुन सनम' लाई रिमिक्स गरिएको छ। संग्रहमा शब्द तथा संगीत प्रकाश हमाल, मनोज राई र मनीषाको छ।

### पर्फेक्ट



गायक सतिश महर्जनको पहिलो गीतिसंग्रह 'पर्फेक्ट' श्रोतामाझ आएको छ। म्युजिक डटकमले बजारमा ल्याएको यो संग्रहमा शब्द राधिका भारद्वाज, पल्पसा प्रधान, जितेन्द्र बस्नेत, ग्रेसी मोक्तान तथा माधवप्रसाद घिमिरेको छ। यो संग्रहमा सतिश महर्जन, बब्बीराज र राजु सिंहको संगीत सुन्न सकिन्छ।

### अ४



कमेडी गायक राजकुमार घिमिरेको एकल गीति एल्बम अचार श्रोतामाझ आएको छ। इना क्यासेट सेन्टरले बजारमा ल्याएको उक्त एल्बममा चार विधा भाङ्गडा, सोलो, कमेडी र सेन्टिमेन्टल गीतहरू समावेश छन्। एल्बममा गायक राजकुमार घिमिरेकै शब्द, संगीत र स्वर समेटिएको छ। यो संग्रहको एउटा गीतमा गायिका रमिता श्रेष्ठको पनि स्वर सुन्न पाइन्छ। एल्बममा सातवटा गीत समावेश छन्।

## रंगमञ्च

ललितपुरको जावलाखेलस्थित सेन्ट जेभियर्स स्कुलमा गत शनिबार आयोजित उपत्यकाव्यापी विद्यालयस्तरीय एकांकी नाटक प्रतियोगितामा एनके सिंह मेमोरियल विद्यालय (ईपीएस), मीनभवनले पहिलो स्थान हासिल गरेको छ। उक्त प्रतियोगितामा जेम्स उच्च मा.वि., धापाखेलले दोस्रो तथा लिटिल एन्जल्स उच्च मा.वि., हात्तीवनले तेस्रो स्थान तथा पुष्पसदन मा.वि., कीर्तिपुरले गरेका छन्। प्रतियोगितामा उपत्यकाका तीनै जिल्लाका विद्यार्थीहरूबाटै नाटक लेखन गराएर पहिलो तथा दोस्रो हुने छवटा नाटकलाई मात्र मञ्चनको अवसर प्रदान गरिएको थियो। प्रतियोगितामा मञ्चित नाटकका उत्कृष्ट निर्देशकहरूलाई समेत पुरस्कृत गरिएको थियो।

## ग्यालरी

- गत शनिबार राजधानीमा सम्पन्न 'स्लाइड सो' प्रदर्शनीमा दुई जना फोटोपत्रकारले खिचेका तस्बिरहरूको प्रदर्शन सम्पन्न भएको छ। सुन्दर श्रेष्ठ तथा सुरेश महर्जनले खिचेका तस्बिरहरूको उक्त प्रदर्शनी फोटो सर्कलले आयोजना गरेको हो। प्रदर्शित तस्बिरहरूले नेपालको पर्यटकीय स्थल लाङ्टाङको प्राकृतिक सुन्दरता त बोकेकै थियो, यसबाहेक सार्कराष्ट्रका सांस्कृतिक पक्षहरूको समेत प्रतिनिधित्व गरेको थियो। करिब एक वर्षअघि सम्पन्न सार्क कार र्‍यालीमा सहभागी फोटोपत्रकार श्रेष्ठले खेलजगत्मा ऐतिहासिक महत्त्व बोक्ने उक्त स्पर्धाको स्वागतमा जुटेका नेपाललगायत सातै राष्ट्रका सांस्कृतिक पाटोलाई समेटेका छन्। केही महिनाअघि रसुवाको लाङ्टाङ पुगेका सुरेशका तस्बिरमा पनि आन्तरिक पर्यटनको महत्त्व झल्किएको छ। स्याब्रुबेसीदेखि क्यानजिङ गुम्बासम्मको मनोरम प्राकृतिक दृश्यका साथै त्यहाँको जनजीवन पनि उनका तस्बिरमा समेटिएका छन्।
- ललितकला क्याम्पसको अनेरास्ववियु प्रारम्भिक कमिटीले कार्टुनिस्ट तथा कलाकारहरूलाई सम्मान गरेको छ। सम्मानित हुनेहरूमा बासु क्षितिज, राजु मानन्धर, राधेश्याम मुल्मी, नेमबहादुर तामाङ तथा एनबी चौधरी छन्। आइतबार आयोजित कार्यक्रममा क्याम्पसका नवनियुक्त प्रमुख तथा सम्मानित व्यक्तित्व राजु मानन्धरले चित्रकार, मूर्तिकार तथा संगीतकार उत्पादनका लागि क्याम्पसमा सुधारको खाँचो रहेको बताए। कार्यक्रममा गायक जेबी टुहुरे तथा क्याम्पसमा अध्ययनरत संगीतका विद्यार्थीहरूले गीत-संगीत प्रस्तुत गरेका थिए। सोही कार्यक्रममा सगरमाथा दिवसको अवसर पारेर नगरकोटमा आयोजित चित्रकला प्रतियोगिताका विजयीहरूलाई पुरस्कार वितरण गरिएको थियो।
- चित्रकार जुजुकाजी महर्जनले तयार पारेका चित्रकलाहरूको एकल प्रदर्शनी राजधानीमा प्रारम्भ भएको छ। आफ्नो कलालाई समाजसेवामा समर्पण गर्दै आएका कलाकार महर्जनले गत आइतबारदेखि प्रदर्शनीमा राखिएका चित्रको बिक्रीबाट आएको रकम पनि अनाथ बालबालिकाहरूको सहयोगमा प्रयोग गरिने बताएका छन्। कान्तिपथस्थित १९०५ होटलमा भैरहेको प्रदर्शनी आगामी तीन सातासम्म जारी रहनेछ। प्रदर्शनीमा महर्जनका १५ वटा चित्र समावेश छन्।

## पुस्तक

### सम्मान

कथाकार केदार पोखरेलका २२ वटा कथाको संग्रह सम्मानलाई भरत पोखरेल र विजय पोखरेलले प्रकाशित गरेका हुन्। यो कथा संग्रहको मूल्य १ सय ५० रुपैयाँ छ।

# तपाईंको यो साता



ज्यो. पं. ओजराज उपाध्याय लोहनी

### मेष

समष्टिमा साता राम्रो रहनेछ। प्रसन्नता बढ्नेछ भने काममा सफलता प्राप्त होला। व्यवसायबाट लाभ मिल्नेछ। भाग्यले साथ दिनेछ। अरूको विश्वास जित्नसकिनेछ। यात्रा हुनसक्छ। मान-सम्मान पनि पाउनुहोला। सोमबार तथा मंगलबार स्वास्थ्य गडबड रहने तथा चिन्ता बढ्ने योग छ। काममा अवरोध आउनेछ।

### वृष

काममा सफलता पाउन गाह्रो पर्ला। चिन्ता बढ्न सक्छ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। स्वास्थ्य गडबड हुन सक्छ। घरेलु समस्याले सताउनेछ। मित्र बनेर धोका दिनेहरू प्रशस्तै हुनेछन्। आइतबार, सोमबार तथा मंगलबार व्यापार बढ्ने, यात्रा हुने एवं प्रसन्नता बढ्ने योग छ। त्यसपछि काममा सफलता हात पर्नेछ।

### मिथुन

समष्टिमा साता राम्रो छ। सानातिना उल्झनको सामना गर्नुपरे पनि धेरै काममा सफलता मिल्नेछ। अरूबाट सहयोग पनि पाउनुहोला। व्यवसायमा लाभ हासिल हुनेछ। यात्रा गर्ने अवसर जुट्नेछ भने पराक्रम बढ्नेछ। नयाँ काम पाइने सम्भावना छ। अध्ययनमा सफलता हात पर्नेछ। धन आर्जन हुन सक्छ। शत्रुबाट सजग रहनुहोला। स्वास्थ्य गडबड हुन सक्छ।

### कर्कट

समय मध्यम रहनेछ। काममा सफलता पाइने योग भए पनि विनाकारणको विवादले चिन्ता बढाउनेछ। आफन्तहरूले सहयोग गर्नेछन्। नयाँ मित्रको आगमनले मन प्रसन्न होला। अध्ययनमा सुधार आउनेछ। रोग तथा शत्रु बढ्ने हुँदा खानपान एवं बोलीमा विचार पुर्‍याउनुपर्ला। धनमाल हराउन सक्छ। संयमित रहनुपर्ने बेला छ।

### सिंह

सानातिना उल्झन आए पनि काममा सफलता मिल्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। नोकरीमा पदोन्नतिको सम्भावना छ। राजनीतिमा सफलता पाइनेछ। अरूको विश्वास जित्न सकिनेछ। अध्ययनमा सफलता हात लाग्नेछ। ठूला व्यक्तिले तपाईंको भरोसा गर्नेछन्। नयाँ घर-जग्गाको बन्दोबस्त हुनसक्छ।

### कन्या

अरूलाई आफ्नो वशमा लिन सकिनेछ। अरूले तपाईंमाथि भरोसा गर्नेछन्। मान-सम्मान पनि पाइनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम हात लाग्ने योग छ। नोकरीमा सफलता मिल्नेछ। राजनीतिमा सम्मान पाउनुहोला। यात्रा तथा व्यवसायमा लाभ देखिन्छ। गलत विचार बढ्ने हुँदा संयमित रहनुहोला।

### तुला

भोज-भतेरमा संलग्न हुने अवसर जुट्नेछ। मान-सम्मान पनि पाउनुहोला। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। बोलीको प्रभाव बढ्नेछ। नोकरी तथा राजनीतिमा सफलता मिल्नेछ। धन आर्जन हुन सक्छ। व्यवसायबाट सफलता हात लाग्नेछ। अरूले सहयोग गर्नेछन्।

### वृश्चिक

खर्च एवं विवाद बढ्नेछ। काममा सफलता पाउन गाह्रो होला। घरेलु समस्याले सताउनेछ। नोकरीमा समस्या देखापर्न सक्छ। राजनीतिमा आलोचित हुनुपर्ला। आइतबारदेखि मान-सम्मान पाइने योग छ। बोलीको प्रभाव बढ्नेछ भने धन आर्जन गर्ने अवसर जुट्नेछ। व्यवसायबाट सफलता हात लाग्नेछ। यात्रा सन्तोषजनक रहनेछ।

### धनु

धन आर्जन गर्ने अवसर जुट्नेछ भनेसोच्ने शक्ति बढ्नेछ। अध्ययनमा पनि सुधार आउला। अरुबाट पर्याप्त सहयोग मिल्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम हात लाग्ने योग छ। मान-सम्मान पाइनेछ। आइतबार र सोमबार खर्च एवं विवाद बढ्ने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने देखिन्छ।

### मकर

सुरुमा मान-सम्मान पाउनुहोला। काममा सफलता मिल्नेछ। व्यवसायबाट लाभ हुनुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ। आफन्तहरूबाट सहयोग प्राप्त होला। मंगलबारदेखि खर्च, विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग छ। झूटा आरोप पनि लाग्न सक्छ।

### कुम्भ

धार्मिक कार्यमा रुचि एवं प्रसन्नता बढ्नेछ। मान-सम्मान पनि पाउनुहोला। अध्ययनमा सफलता मिल्नेछ। व्यवसायमा सुधार आउनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। अरूको विश्वास सजिलै जित्न सकिनेछ। सफलताका लागि स्वास्थ्यको ख्याल गर्नुहोला। शत्रुदेखि सजग रहनुपर्ने बेला छ।

### मीन

सुरुमा स्वास्थ्य खराब रहन सक्छ। चिन्ता पनि बढ्नेछ। काममा अवरोध आउने देखिन्छ। घरेलु समस्याले सताउन सक्छ। आइतबारदेखि भाग्यले साथ दिन थाल्नेछ। धर्मकर्ममा मन जानेछ। अध्ययनमा सफलता एवं व्यवसायबाट लाभ मिल्नुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। नयाँ मित्रको आगमनले मन प्रसन्न होला। धन आर्जन हुन सक्छ।

### यो साताको पञ्चाङ्ग

असार २७ गते : विश्व जनसंख्या दिवस, पुष्पलाल स्मृतिदिवस, २९ गते : भानुजयन्ती, ३० गते : हरिशयनी एकादशी, चतुर्मास व्रत प्रारम्भ, साउन १ गते : साउने सक्रान्ति, सूर्य दक्षिणायन हुने, कण्डारक पूजा, लुतो फाल्ने दिन।



## साता संक्षेप

**असार २० गते शुक्रबार**

• मधेसवादी दलहरूको एक मधेस एक प्रदेशका विषयमा १३ दल विपक्षमा बस्ने, नेकपा (एमाले) द्वारा साना १३ दललाई साथ दिने आश्वासन ।

• पूर्वी तराईका महोत्तरी तथा झापामा दुई व्यापारीको हत्या, डाँका तथा तराई जनतान्त्रिक मोर्चा (ज्वाला सिंह) द्वारा हत्या गरिएको खुलासा ।

• राष्ट्रिय प्रकृति संरक्षण कोषको गाडी तथा कम्प्युटर पूर्वराजाको साथमै रहेको खुलासा, फिर्ताका लागि सरकारद्वारा पत्राचार ।

**असार २१ गते शनिबार**

• मधेसी दलको माग पूरा गर्न प्रमुख तीन दलद्वारा पूरक विधेयक निर्माण, मधेसवादी दलद्वारा आफ्ना मागमाथि छलछाम नगर्न चेतावनी ।

• हाल परराष्ट्र मन्त्रालय रहेको शीतल निवासलाई राष्ट्रपति भवन बनाउने निर्णय, परराष्ट्र मन्त्रालय पूर्वराजाको कार्यालयमा सारिने ।

• मानवअधिकार रक्षकहरूको स्वेच्छाचारी गिरफ्तारी तथा नियन्त्रण गर्ने देशहरूको सूचीमा नेपाल पनि रहेको भन्दै अन्तर्राष्ट्रिय मानवअधिकार महासंघद्वारा चिन्ता व्यक्त ।

• समग्र मधेस एक प्रदेशका विरुद्धमा थारूहरूद्वारा तराई बन्द, यातायात, कलकारखाना तथा शैक्षिक संस्था बन्द ।

**असार २२ गते आइतबार**

• समग्र मधेस एक प्रदेशमा सहमति नगर्न दबाब दिँदै संविधानसभा भवन क्षेत्र वरपर थारू समुदायको आन्दोलन ।

• संविधानसभामा २६ जना मनोनयन, विभिन्न जात-जाति तथा संविधानविद्लाई स्थान दिइयो ।

• जंगली च्याउ खाँदा पाल्पाको भुवनपोखरीमा एकै परिवारका चार जनाको मृत्यु, परिवारका आठ वर्षीय यमबहादुर बाँच्न सफल ।

• पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई सरकारी आश्रममा सारियो ।

**असार २३ गते सोमबार**

• मधेसवादी दलहरूसँग पूरक विधेयकमार्फत गतिरोध अन्त्य गर्ने सहमति, मधेसवादी दलहरू सकारात्मक ।

• आठ पटकसम्म अवरोध भएको संविधानसभाको बैठक केही दिनभित्रै सुचारु हुने संकेत, आदिवासी, जनजातिलगायत मधेसका मागका विषयमा विधेयक ल्याउने तयारी ।

• भारतद्वारा स्टिल निर्यातमा लगाएको१५ प्रतिशत भन्सार महसुल नेपालका लागि आंशिक रूपमा हटायो, छड तथा सिमेन्टमा लगाइएको शुल्क कायमै ।

• विराटनगर औद्योगिक करिडोरमा रहेका ५० वटा प्लास्टिक उद्योग अन्तर्राष्ट्रिय रूपमा भएको उच्च मूल्यवृद्धिका कारण बन्द ।

**असार २४ गते मंगलबार**

• समग्र मधेस एक प्रदेशविरुद्ध मुस्लिम समुदाय पनि आन्दोलनमा, थारू समुदायको विरोध जारी ।

• मधेसवादी दलको नयाँ प्रस्ताव, मधेसमा एक प्रदेश तथा पहाड एवं हिमालमा बहुप्रदेश बनाउन प्रस्ताव ।

**असार २५ गते बुधवार**

• संघीय संरचनाका विषयमा सरकारले ल्याएको पूरक विधेयकका विषयमा तीन मधेसवादी दलबीच विवाद, तमलोपा सकारात्मक, फोरम तथा सद्भावना पार्टी असहमत ।

• संविधानसभा अवरोधका कारण आर्थिक वर्ष ०६५/०६६ को बजेट पेस हुन सकेन, सरकारले पेश्की विधेयक ल्याएर काम चलाउने ।

• इराक गएका पश्चिम नेपालका करिब ३ सय नेपाली बगदादको एयरपोर्टमा अलपत्र, दिनमा दुईवटा पाउरोटी दिएर राखिएको जानकारी ।

## सोफिया भइन् मिस लिटिल सनसाइन पोखरा



पोखरा– जिन्स अफ्यसले तयार पारेको जिन्सका पहिरनमा स-साना नानीहरू नृत्य गर्दै मञ्चमा प्रकट भए । पोखरा उद्योग वाणिज्य संघको सभाहलमा खचाखच दर्शकहरूले ताली बजाउँदै उनीहरूलाई हौसला बढाए । त्यसपछि सुरु भयो मिस लिटिल सनसाइन-२००८ पोखरा बालसौन्दर्य प्रतियोगिता । सुरुदेखि नै दर्शकहरूको नजरमा परिसकेकी थिइन् फरासिली सोफिया बराल ।

मुलुकको अहिलेको राजनैतिक खिचातानीलाई उनले सटीक रूपले बोल्दा सभाहल तालीले गुन्जायमान बनेको थियो । नृत्यमा समेत पोखरामा कहलिएकी सोफिया नै प्रतियोगिताकी विजेता हुनेमा धेरैले पहिल्यै अनुमान लगाइसकेका थिए । दर्शकको अनुमान अन्ततः सही साबित भएर छाड्यो ।

आफ्ना १४ जना प्रतिस्पर्धी साथीलाई पछाडि पार्दै उनले यस वर्षको मिस लिटिल सनसाइन-२००८ प्रतियोगिताको ताज पहिरिन सफल भइन् । आफ्नै आमाले स्टेजमा पुगेर ताज पहिऱ्याउँदा सोफियाले हर्षको आँसु खसालेकी थिइन् । स्थानीय बालोदय बोर्डिङ स्कुलमा कक्षा ६ मा अध्ययनरत ९ वर्षीया सोफियाले उपाधिसँगै मोस्ट ट्यालेन्टको टाइटल पनि जितिन् ।

रवीन्द्र बज्रचार्य तथा राजेश जोशीको कोरियोग्राफी रहेको प्रतियोगितामा स्थानीय ६ देखि १२ वर्ष उमेर समूहका १५ जना बालिकाको सहभागिता थियो । स्वागत नृत्यबाट सुरु भएको कार्यक्रम परिचय, प्रश्नोत्तर, ट्यालेन्ट, ड्रेस, टप टेन र टप फाइभ हुँदै विजेताको चयनसम्म पुगेको थियो ।

## किड्ज क्यापिटल २००८

काठमाडौं– गत मंगलवार राजधानीमा सम्पन्न ‘किड्ज क्यापिटल २००८’ शीर्षकको प्रतियोगितामा सहभागी ४३ बालबालिकाले आ-आफ्नो प्रतिभा प्रदर्शन गर्दा निर्णायकलाई समेत उत्कृष्ट बालबालिकाको छनौट गर्न गाह्रो भएको थियो । ग्रीन एप्पल इन्टरटेन्मेन्टले आयोजना गरेको उक्त प्रतिस्पर्धामा १५ जना बालक तथा २८ जना बालिकाको सहभागिता रह्यो ।

बालबालिकाहरूकै आकर्षक स्वागत नृत्यबाट प्रारम्भ भएको कार्यक्रमको पहिलो चरणमा सबै प्रतियोगीले आफ्नो परिचय दिए । त्यसपछिको चरणमा उनीहरूले आकर्षक पहिरन प्रदर्शन गर्दै ‘बेस्ट कल्चरल ड्रेस’ का लागि प्रतिस्पर्धा गरे । आफूलाई मनपर्ने पहिरन प्रदर्शन गरिसकेका सबै प्रतियोगितामध्येबाट निर्णायकले छनौट गरेका दस जना बालिका तथा छ जना बालकले ‘टप ८’ का लागि प्रतिस्पर्धा गरे । निर्णायक चरणमा पुगेका बालबालिकाहरूबाट विजेताको घोषणा गरिएको थियो ।


प्रतियोगितामा सृजन सुवेदी तथा युनिषा गुरुङले किड्ज क्यापिटलको उपाधि जितेका थिए । सृजनले शीर्षक उपाधिसहित मास्टर बेस्ट डिसिप्लिनको उपाधिसमेत जिते भने युनिषाले मिस पर्फर्मेन्सको उपाधि जितिन् । प्रतियोगिताका अन्य उपाधिहरूमध्ये सौजन्य पहाडी तथा रितु गुबाजुले मास्टरट्यालेन्ट तथा प्रस्तुति, ब्रिटिप पाठक तथा सन्ध्या राईले बेस्ट ड्रेस, निस्सिम राज आङदम्बे तथा निहारिका ज्ञवालीले बेस्ट स्माइल, सृजन श्रेष्ठ तथा पासाङ तामाङले क्याटवाक, सुशील भण्डारी तथा डेनिषा सिंहले फोटोजेनिक, कुनाल राई तथा संस्कृति सिंहले बेस्ट हेयर, इसिका अर्यालले डिसिप्लिन, दावा शेर्पा तथा आस्ना सिजापतिले पर्सनालिटी तथा गृष्मजंग कार्की तथा दीक्षा गुरुङले फ्रेन्डसिपको उपाधि जिते ।

सुरज कार्कीको कोरियोग्राफीमा सम्पन्न उक्त कार्यक्रममा बालबालिकाहरूले कोरियाली नृत्य तथा तेक्वान्दो खेल प्रदर्शन गरेका थिए । रेश्मा सुनुवार तथा सुगम पोखरेलको गायनले कार्यक्रमको रौनक बढाएको थियो ।







## सम्पादकीय

# मौन चेतावनी

गत असार २२ गते विश्व जुनोटिक दिवस मनाउने क्रममा यो विषयसँग सरोकार राख्ने पक्षले पशुपन्छी तथा मानिसबीचको सम्पर्कका कारण उत्पन्न हुने रोगव्याधिका बारेमा चेतावनी दिए। मानिससँग प्रत्यक्ष सरोकार राख्ने पशुपन्छी स्रोत भएका रोगहरूका बारेमा नेपाली जनता र सरकार दुवैले खासै चासो देखाएको पाइँदैन। सबैखाले महामारीमा आर्थिक तथा सामाजिक रूपमा सबैभन्दा बढी क्षति पुऱ्याउने भनिएको पशुपन्छीजन्य रोगका बारेमा सरकारले देखाउँदै आएको उदासीनताका कारण नेपाली जनताले भोग्नुपर्ने सम्भावित क्षतिका बारेमा नेपाल भेटेरीनरी एसोसिएसन एवं सरकारी निकाय पशुपन्छी बजार एवं प्रबर्द्धन निर्देशनालयले मात्र केही चासो देखाउने गरेको छ। यद्यपि उनीहरूको चासोलाई सरकारका अन्य निकाय तथा सञ्चारमाध्यमहरूले कमै ध्यान दिने गरेका छन्। नेपालमा यो विषयमा कतिसम्म सूचनाको अभाव देखिएको छ भने विश्व जुनोटिक दिवसलाई यो क्षेत्रसँग सरोकार राख्नेहरूले मात्र चुपचाप मनाउनुपऱ्यो। यस्तो स्थिति रहेसम्म नेपालमा पशुपन्छीजन्य रोगहरूले कुनै पनि बेला भयावह स्थितिलाई निम्त्याउन सक्छ। त्यस्तो स्थितिलाई समयमै नियन्त्रण गर्न हामी सबैले अस्वस्थकर मासु र मासुजन्य पदार्थको उपयोगका बारेमा सरोकारवालाहरूको चेतनाको स्तर वृद्धिका लागि ठोस कार्यक्रम सञ्चालनमा ल्याउन सक्नुपर्छ।

मासुजन्य पदार्थबाट फैलिने रोगहरू जतिसुकै हल्का वा घातक भए पनि त्यसको प्रभावमा हामी सबै परेका छौँ। खासगरी नेपालको मासु बजारमा देखिएको अनियन्त्रित स्थितिका कारण नेपाली उपभोक्ताले जुन किसिमको मासु प्रयोग गर्छन् त्यो विश्व स्वास्थ्य संगठनको मापदण्डविपरीत छ। यस्तो मापदण्डविपरीतको मासुजन्य पदार्थको खुला व्यापारलाई नियन्त्रण गर्न सरकारी निकाय असफल देखिएको छ। यस्तो स्थितिमा उपभोक्ताहरूलाई मासुजन्य पदार्थबाट उत्पन्न हुने रोगको प्रकोपबाट बचाउन सरकारले पशु वधशालाहरू निर्माण गरी मासु जाँच ऐनलाई कठोरताका साथ कार्यान्वयनमा लैजानुको विकल्प छैन। सीमित व्यापारीको स्वार्थका लागि आमजनताको स्वास्थ्यसँग खेलबाड गर्ने अधिकार कसैलाई पनि छैन भन्ने अपिल गर्दै नेपाल जुनोटिक सोसाइटीले पछिल्ला दिनहरूमा आफ्ना गतिविधिहरूलाई विस्तार गर्दै लगेको छ, तर उसका गतिविधिहरूले मात्र मासुजन्य रोगहरूको नियन्त्रणमा सफलता पाउन सकिन्छ भन्ने आधार अहिलेसम्म देखिएको छैन। तसर्थ मासुजन्य रोग नियन्त्रणका लागि र उपभोक्ताले स्वच्छ एवं स्वस्थ मासुजन्य पदार्थ उपयोग गर्ने वातावरण निर्माणका लागि सरकार स्वयंले यो विषयमा चासो देखाउनुपर्छ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### जनतामारा काम

इन्धनको मूल्य वृद्धिसँगै सवारीसाधनको भाडा पनि बढाइएको छ। सर्वसाधारणको जनजीवनसँग प्रत्यक्ष सरोकार राख्ने तथा दैनिक उपभोग्य कुरामा यसरी भाडा बढाउँदा कम्तीमा पनि नागरिकको पीर-मर्कालाई ध्यानमा राखिनुपर्थ्यो। अहिले उपभोक्ताका पीर-मर्कालाई ध्यान नदिई एकलौटी जबर्जस्ती भाडा बढाएर कुनै ठूलो काम गरेजस्तो भएको छ। आमजनता र उपभोक्ताको ढाड सेकाउने यस्तो काम कहिलेसम्म भैरहने ? उपभोक्ताहरूका लागि जबर्जस्ती महँगी लाद्ने काम भैरहँदा उपभोक्ता मञ्चका पदधिकारीहरू पनि निदाएर बसेका छन्, केही आवाज त उठाइनुपर्थ्यो।

इन्धनको भाउ बढ्यो, यातायात व्यवसायीहरूको भाडा बढ्यो, तर उपभोक्ताहरूको चाहिं के बढ्यो ? उही पीडा, अभाव र गरिबी ? यसरी उपभोक्तामाथि चरम महँगी लाद्ने काम निन्दानीय छ। आमउपभोक्ताले यसरी चुपचाप सहँदै जाने हो भने महँगीले अझ उग्र रूप लिन सक्छ। सरोकारवालाहरूले समयमै ध्यान नदिने हो भने यसले नकारात्मक परिणाम ल्याउने सम्भावना पनि छ। अहिलेको अवस्थामा उपभोक्ताहरू सजग भएर आन्दोलन गर्नुबाहेक अरू विकल्प पनि देखिएको छैन।

जनताको भावना र जीवनसँग खेलवाड गर्ने अधिकार कसैलाई छैन। जनतासँग छलफल नगरी आफैं एकलौटी ढङ्गले भाउ बढाइएको छ। कम्तीमा पनि भाउ बढाउनुअघि उपभोक्तासँग छलफल गरी सहमतिका आधारमा निकर्षमा पुगी सबैलाई उपयुक्त हुने निर्णय गरिएको भए के हुने थियो ?

**रेशमकुमार सुनुवार, काठमाडौं**

### कुरा नेपाल वायु सेवा निगमको

तपाईं नारायणगढ जान चाहनुहुन्छ भने पहिले नारायणगढको गाडी खोज्नुहुन्छ, त्यसमा झमेला भयो र केही सीप लागेन भने मात्र अन्यत्रको गाडी चढ्नुहुन्छ। विदेशी पाहुनाले नेपाल आउन कति झमेला बेहोर्नुपर्छ होला ? सबै विदेशी के चाहन्छन् भने नेपाल आउँदा नेपालकै हवाईजहाजमा सोझै काठमाडौं ओर्लन पाइयोस् तर विडम्बना हवाईजहाज कुर्दाकुर्दै बिदाको समय सकिन्छ। त्यसैले पनि विदेशीहरू वैकल्पिक गन्तव्य रोज्छन्। नेपाल वायु सेवा निगम पनि नेपाली जनताकै हो तर हामी यसको विकास एवं विस्तारमा सचेत छैनौं।

हामी सेयरका रूपमा बैंकका करोडौंको सेयर किन्न सक्छौं, नेपाल टेलिकमको अरबौं सेयर किन्न सक्छौं तर हामीले कहिल्यै सोचेनौं– विदेशीहरूलाई भित्र्यायो भने टेलिकम, बैंकभन्दा पनि धेरै आम्दानी गर्न सकिन्छ। सरकारले विमानसेवा चलाउन सक्दैन भने नेपाली जनताको हातमा जिम्मा दिएर त हेरोस्, सरकार यसमा किन मौन छ ? जनताको राज्यमा जनतालाई नै किन उत्तरदायी नबनाउने ? आर्थिक क्रान्ति गर्ने हो भने पर्यटकलाई पहिलो स्थानमा राखेर हेर्न आवश्यक छ किनकि पर्यटक भित्र्याउँदा गाउँदेखि सहरसम्मका मानिस लाभान्वित हुन्छन्। बिनालगानी नेपाली जनताको आर्थिक स्थिति माथि उठाउन सकिन्छ र ? के सेयर निष्कासन गरी जनतालाई जिम्मा दिए निगम नाफामा जाँदैन ? विदेशी कम्पनी नाफामा गैरहने, नेपाली निगमलाई मात्र किन घाटा ? निगमलाई नाफामा लान नयाँ जहाज ल्याउनु आवश्यक छ, पुरानो नेपाललाई बिर्सिएजस्तै पुरानो विमानलाई लिलाम गरी नयाँ जहाज किन्न सकिन्छ। सरकारले सेयर निष्कासन गरे विदेशीहरू पनि लगानी गर्न तयार हुन सक्छन्। विदेशी लगानी गर्दा नेपाल र नेपालीलाई फाइदा हुन्छ भने किन लगानी गर्न नदिने ? सेयर निष्कासन गर्दा विदेशीहरूलाई पनि समेट्न सक्यो भने उनीहरू आफ्ना साथीहरूलाई नेपाल पठाउन उत्साही हुन्छन् तर राज्यले यसमा किन कानमा तेल हालेको होला ? विदेशी लगानी नभित्र्याएसम्म आर्थिक क्रान्ति हुन सक्दैन, त्यसैले नीति-नियम बनाएर विदेशी लगानीलाई उत्साहित गरे पाँच वर्षभित्रमा आर्थिक क्रान्तिको खाका खिचिनुपर्छ।

एउटा पर्यटक नेपालको हवाईजहाज चढेर नेपाल आउँदा उसलाई गर्व महसुस हुन्छ– म नेपाल घुम्न जाँदै छु भनेर। जब एयरपोर्टमा उत्रन्छ उसलाई ट्याक्सीको आवश्यकता हुन्छ। ट्याक्सी चढेपछि त्यसका मालिकलगायत ड्राइभरलाई पनि फाइदा हुन्छ, त्यसै क्रममा होटलमा बस्दा त्यसमा कति फाइदा हुन्छ वा रोजगारी बढ्छ अनुमान लाउन सकिन्छ। एउटा पर्यटक नेपालमा १५ दिन मात्र बस्यो भने उसले कम्तीमा १ हजार डलर खर्च गर्छ। उक्त १ हजार डलरबाट नेपाली जनता कहीं न कहीं, कोही न कोही लाभान्वित नै हुनेछन् र त्यसबाट रोजगारी पनि सिर्जना हुन्छ।

त्यसैले नेपाल वायु सेवा निगमको जिम्मा नेपाली जनतालाई नै दिनु उचित हुन्छ। नेपालीहरूले चाहे एकैचोटि १० वटा जहाज किन्ने हैसियत राख्छन्। यसबाट नेपाल र नेपालीलाई कति फाइदा छ ? अब जनताकै लगानीमा देशमा नयाँ वायु सेवा निगमको उदय हुनेछ भन्ने प्रण गरौं र देशको अर्थतन्त्र जोगाउने काम तपाईं-हाम्रै दायित्व भएकाले यसमा सहयोग पुऱ्याउने वचन सबैले दिऊँ।

**–बलराम पौडेल, काठमाडौं**

### असल चालचलन

प्राणीजगत्मा सर्वश्रेष्ठ र चेतनशील प्राणी भनेकै मानिस हो। मानिसले हरेक कुरा चिन्तन-मनन गर्न सक्नुका साथै जान्न-बुझ्न र अनुभव गर्न सक्छ। के राम्रो, के नराम्रो, के असल, के खराब, कुन काम उचित, कुन अनुचित, कुन बाटो हिंड्न हुन्छ, कुन बाटो हिंडन हुँदैन भन्नेजस्ता कुरा आत्मबोध गरी सहजताका साथ सतर्क भएर होसियारपूर्वक अगाडि बढ्न सक्छ। चुप लागेर केही नगरी बसिरहने हो भने हामी जहाँको तहीं रहन्छौं, सफलता हासिल गर्न सक्दैनौं। हरेक क्षेत्रमा असफल हुँदै पछाडि पर्न बाध्य भइन्छ।

परिस्थिति र समयअनुसार चल्न जानेको खण्डमा कर्तव्यपथमा अग्रसर रहेर अघि बढ्ने क्रममा उत्प्रेरित हुन सक्षम र दक्ष भइन्छ। जिन्दगी नै चुनौति हो, जिन्दगी नै संघर्ष हो। चुनौति र संघर्षविना जिन्दगीमा सफलता प्राप्त गर्न असम्भव नै हुन्छ। संघर्षको यात्रामा अगाडि बढ्दा जोस र जाँगर पनि हुनुपर्छ, हौसला र प्रेरणा पनि मिल्नुपर्छ। खुट्टा तानेर लडाउने, खोइरो खन्ने, उचाल्ने-पछार्ने, जालझेल-छलकपट गर्ने, षड्यन्त्रको पर्खाल खडा गर्ने काम गर्नु हुँदैन।

संघर्षको मैदानमा चुनौती, बाधा-अड्चनसँग लड्दै, जुद्धै अनेकौं कठिनाइ भोग्दै आरोह-अवरोहपूर्वक संघर्षरत रहनु सबैको कर्तव्य र दायित्व हो। काम गर्न सक्ने क्षमता र सीप हुँदाहुँदै पनि केही नगरी बस्दा जीवन सार्थक हुन सक्दैन। मानिसले सदा सर्वदा इमान्दारिता अपनाएर कर्तव्य वहन गर्नुपर्छ। लाज लाग्ने र दाग बस्ने काम गर्नुबाट टाढै रहनु उचित हुन्छ। चोर्नु, खोस्नु र लुट्नु मानवीय धर्म होइन। सफलता हासिल गर्नु नै छ भने हिम्मत हार्न र हरेश खान कदापि हुँदैन। देश तथा समाजको भलाइमा सेवारत रहेर हामी आफ्नो व्यक्तित्वलाई उजागर गर्न सक्छौं।

**–विन्दु लामा, पनौती**

## तीतो सत्य

• अरूले गरेको उपकार भुल्नु हुँदैन।

**प्रेम मायालु भाट, बैतडी**

• शत्रुको मीठो बोलीभन्दा मित्रको गाली उत्तम हुन्छ।

• साँचो मित्रता त्यस्तो बन्धन हो जसले जीवनलाई सही मार्गमा हिंड्न सधैं प्रेरित गर्छ।

• मित्रता त्यस्तो संगत हो, जसले मानिसलाई बिगार्न पनि सक्छ, सपार्न सक्छ।

**रेशमकुमार सुनुवार, काठमाडौं**

• प्रेमले मान्छेलाई पोखरीको माछाजस्तो बनाइदिन्छ।

• प्रेमविना संसारलाई अँध्यारो देख्नु आफैं अन्धो हुनु हो।

• प्रेमको परिभाषा बुझ्नेहरू प्रेम एकलाई होइन, सबैलाई गर्छन् र त विश्वप्रसिद्ध हुन्छन्, उनीहरू प्रेमको अध्ययन गर्छन्।

**राजन थपलिया, गोंगब**

• विष कहिल्यै अमृत हुन सक्दैन, तर अमृत कुनै पनि बखत विष बन्न सक्छ।

• आगोले पोल्दैन, सर्पले डस्दैन, बाघले हिंसा गर्दैन र छलीले छल गर्दैन भन्नु मूर्खता हो।

• त्यही कार्य गर्नुपर्छ जुन सुकार्य होस्, जुन कार्यले पर हित होस्।

• वचन त्यही बोल्नुपर्छ जुन सुसत्य होस्। जुन वचन बोलिएको छ, त्यो कसैलाई बिझाउने नहोस्।

**वसन्त खत्री, पनौती, खोपासी**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

*–सम्पादक*

## सहर चर्चा

### रहस्यमय अनमेल प्रेम



विश्वभर चर्चामा रहेका कुख्यात अपराधी चार्ल्स शोभराजसँग जेलको डण्डी वारपारबाटै 'टङ्ग किस' गरेपछि उनी एकाएक चर्चामा आइन्। उनी अर्थात् २० वर्षीया निहिता विश्वासले ६५ वर्षका शोभराजसँग प्रेम सम्बन्ध मात्र होइन 'इन्गेज्मेन्ट रिङ्ग' समेत साटासाट गरिन् भनिए पनि धेरैले यो अनमेल प्रेममा अन्तरनिहित रहस्य खोज्न छोडेनन्। अधिवक्ता आमा तथा हाल नेपाल छोडिसकेका भनिएका भारतीय नागरिककी पुत्री निहिता ललितपुरको लुभु, नरकटेमा बस्छिन्। प्लस टुको परीक्षा दिएर परिणाम पर्खिरहेकी 'अल्ट्रा मोडर्न' निहिता अहिले शोभराज आरोपमुक्त हुने र चाँडै नै उनीहरूले फ्रान्समा गएर विवाह गर्ने कुरामा विश्वास व्यक्त गरिरहेकी छिन्। विश्वासको विश्वासका आफ्नै आधारहरू होलान् तर निहिताकी आमा शकुन्तला थापाले (पहिले एमाले, हाल माओवादी समर्थक) शोभराजको सहयोगीका रूपमा कार्य गरिरहेको परिप्रेक्ष्यमा ४५ वर्षको अन्तर रहेको यो अनमेल प्रेममा विश्वास गर्ने आधार भने धेरैले फेला पार्न सकिरहेका छैनन्।

### वसन्तीको चौतर्फी उडान

**साइबर गर्ल**

वसन्ती बस्नेत पोखराको मोडलिङमा जम्ने तर्खरमा छिन्। उनलाई मोडलिङमा पारदर्शी कपडा लगाएर हिँडेको भने फिटिक्कै मन पर्दैन। वसन्ती भन्छिन्- 'सामान्य पहिरनमा पनि त मोडलिङ गर्न सकिन्छ।' केही गीतमा मोडलिङ गरेकी वसन्तीको परिचय मोडल मात्र होइन, उनी आरजेसँगै शिक्षिका पनि हुन्। उनले विगत पाँच वर्षदेखि स्थानीय अन्नपूर्ण एफ.एम.मा मा कार्यक्रम प्रस्तोताका रूपमा हजारौं दर्शकको मन जितिरहेकी छिन्। ५ फिट ३ इन्च अग्ली वसन्ती नयाँ ठाउँ घुम्न, गीत रचना गर्न तथा पत्रपत्रिका पढ्न मन पराउँछिन्। वसन्ती मोडलिङलाई नै पेसा बनाउँछु भनेर मरिहत्ते गरिरहेकी छैनन्। केवल रुचि र सौखले मात्र उनी मोडलिङमा लागेकी हुन्।

स्नातकोत्तर तहमा अध्ययनरत वसन्ती मोडलिङमा विकृति फैलनबाट जोगाउन पेसालाई मर्यादित बनाउनुपर्छ भन्ने मान्यता राख्छिन्। फुर्सद भयो कि साथीहरूसँग अनलाइन च्याटिङमा रमाउने वसन्तीलाई मन पर्ने पहिरन जिन्स पाइन्ट र टिसर्ट हुन्। बाहिरी सुन्दरताभन्दा मानिसको भित्री सौन्दर्यलाई महत्त्वपूर्ण मान्ने वसन्तीलाई दुईजिब्रे कुरा गर्ने मानिस पटक्कै मन पर्दैनन्। दुःखमा साथ दिने र आकर्षक व्यक्तित्व भएको पुरुष आफ्नो भावी जीवनसाथी होस् भन्ने उनको चाहना छ। वसन्तीलाई घरमा माया गरेर अप्सरा भनेर बोलाइन्छ। गम्भीर र भावुक स्वभावकी वसन्तीका आकर्षक तस्बिरहरू पोखरापेज डटकममा हेर्न सकिन्छ।



## मुखाले

अन्य सभासद्ले बोल्नै नपाउने गरी मधेसवादी दलले मानव-अधिकारको हनन गर्न पाइँदैन।

**कुलबहादुर गुरुङ, अध्यक्ष, संविधानसभा**

यदि नेकपा (एमाले) लाई प्रधानमन्त्री दिने हो भने अहिलेको सबै गतिरोध अन्त्य हुन्छ।

**केपी शर्मा ओली, नेता, नेकपा (एमाले)**

अहिले केको अप्ठचारो ? आगामी दिन अझै चुनौतीपूर्ण छन्।

**शेरबहादुर देउवा, नेता, नेपाली कांग्रेस**

भारतीय शासकवर्ग, मधेसवादीको रोस्टम घेराउ तथा गिरिजाबाबुको धम्कीका बीच केही न केही तारतम्य छ।

**मोहन वैद्य, नेता, नेकपा (माओवादी)**

हामीले जातीयताका आधारमा संघीय कुरा गरेका छैनौं, भूगोल हाम्रो माग हो।

**जयप्रकाश गुप्ता**
**नेता, मधेसी जनअधिकार फोरम**

संसद् घेरेर समस्या सामाधान भएन, अब संघर्षमा जान्छौं।

**उपेन्द्र यादव**
**संयोजक, मधेसी जनअधिकार फोरम**

संविधानसभाअघि सरकारले मधेसवादी दलसँग गरेको सम्झौता अनुचित थियो।

**झलनाथ खनाल, महासचिव, एमाले**

दुई वर्षमा पनि संविधान बन्न नसके संविधानसभा स्वतः विघटन हुने देखिन्छ। यसले गम्भीर अर्थ राख्छ।

**शम्भु थापा**
**पूर्वअध्यक्ष, नेपाल बार एसोसिएसन**

नेपालजस्तो सानो तथा आर्थिक रूपमा कमजोर मुलुकमा संघीय प्रणाली घातक छ।

**चित्रबहादुर केसी, राष्ट्रिय जनमोर्चा नेपाल**

# खुल्यो ढोका +2 को

पृष्ठ १ बाट जारी

पनि लगभग त्यही क्षेत्रसँग जोडिन्छ । एसएलसी उत्तीर्ण भएपछि विज्ञान संकाय लिएर अध्ययन गरेको विद्यार्थीले प्लस टु वा प्रमाणपत्र तहपछि अन्य संकायमा गएर अध्ययन गर्न पाए पनि व्यवस्थापन, मानविकी र शिक्षा संकाय अध्ययन गरेकाले विज्ञान संकायमा जान पाउँदैनन् । त्यसैले विद्यार्थीले अहिले नै भविष्यलाई मध्यनजर गरेर अघि बढ्नुपर्ने हुन्छ ।

एसएलसी उत्तीर्ण भएका अधिकांश विद्यार्थी प्लस टु प्रणालीको शैक्षिक बाटोलाई अवलम्बन गर्छन् । प्लस टु शिक्षा प्रणाली लोकप्रिय भएकाले पनि विद्यार्थीको ठूलो संख्या यसतर्फ आकर्षित भएको शिक्षाविद् विद्यानाथ कोइराला बताउँछन् । प्लस टु शिक्षा प्रणाली लोकप्रिय बनिसकेको अवस्थामा पनि यसका सकारात्मक एवं नकारात्मक पक्षका बारेमा अध्ययन गर्ने बेला आएको शिक्षाविद्हरू बताउँछन् । प्लस टु पछि त्रिभुवन विश्वविद्यालयको प्रवीणता प्रमाणपत्र तहमा धेरै विद्यार्थी अध्ययन गर्छन् । त्यस्तै प्राविधिक शिक्षाअन्तर्गत सिटिइभिटीका ओभरसियर, स्टाफ नर्सलगायत अन्य कार्यक्रममा पनि विद्यार्थीले अध्ययन गर्दै आएका छन् । पछिल्ला वर्षहरूमा बेलायतस्थित क्याम्ब्रिज युनिभर्सिटीको ए लेभल कार्यक्रममा पनि विद्यार्थीको आकर्षण छ । एसएलसीपछिको प्राविधिक शिक्षा र ए लेभलमा प्लस टुको तुलनामा एकदमै न्यून विद्यार्थी भर्ना हुन्छन् । यसबाहेक एसएलसीलगत्तै केही विद्यार्थी विदेश गएर उच्च शिक्षा हासिल गर्ने योजनामा हुन्छन् ।

एक अध्ययनअनुसार आजभन्दा आधा दशकअघिसम्म पनि ६५ प्रतिशत विद्यार्थी प्रवीणता प्रमाणपत्र तहमा र बाँकी प्लस टु तथा प्राविधिक शिक्षा प्रणालीमा जान्थे । अहिले आएर त्यसको ठीक विपरीत ६५ प्रतिशत प्लस टु, ३० प्रतिशत प्रवीणता प्रमाणपत्र तह र ५ प्रतिशत अन्य प्रणालीको बाटोमा जान्छन्, तर यो अध्ययन सही नभएको उच्च माध्यमिक शिक्षा परिषद्का सहसचिव तथा प्रवक्ता नारायण कोइराला जिकिर गर्छन् । सहसचिव कोइरालाका अनुसार ७० प्रतिशतभन्दा बढी विद्यार्थी प्लस टु प्रणालीमा आउँछन् । बाँकी विद्यार्थी प्रमाणपत्र तह, ए लेभल, प्राविधिक शिक्षा र वैदेशिक शिक्षामा जाने गरेको उनको तर्क छ । 'मसँग गत वर्षको तथ्याङ्क नै छ,' कोइरालाले भने- 'तथ्याङ्कले ७० प्रतिशतभन्दा बढी विद्यार्थी प्लस टुमा भर्ना हुने गरेको देखाइरहेको बेला म त्यो अध्ययनलाई कसरी सही भन्न सक्छु ?' यता शिक्षाविद् विद्यानाथ कोइराला अहिले पनि प्रवीणता प्रमाणपत्र तहका निम्ति विद्यार्थीको संख्या उल्लेख्य भएको जिकिर गर्छन् । शिक्षाविद् कोइराला गरिबीका कारण पनि विद्यार्थीको ठूलो हिस्साका निम्ति प्लस टु प्रणाली गन्तव्य बन्न नसकेको बताउँछन् ।

२०६४ सालको एसएलसी परीक्षामा नियमिततर्फ १ लाख ९५ हजार ६ सय ८९ र एक्जामटेडतर्फ ५९ हजार ९ सय ६३ जना गरी कुल २ लाख ५५ हजार ६ सय ५२ विद्यार्थी उत्तीर्ण भएका छन् । उ.मा.वि. परिषद्को तथ्याङ्कअनुसार गत वर्ष १ लाख ६० हजार विद्यार्थी प्लस टुमा भर्ना भएको तथ्यांकले यसपटक २ लाख भन्दा बढी विद्यार्थी प्लस टुमा भर्ना हुने प्रवक्ता कोइरालाको दाबी छ ।

### कस्तो कलेज छनौट गर्ने ?

- सुगम स्थलको कलेज छनौट गर्ने, जसले गर्दा समयको बचत हुन्छ ।
- कलेजको वातावरण शान्त हुनुपर्छ, भौतिक रूपमा साँघुरो तथा अति व्यस्त हुने सडकछेउका कलेजमा अध्ययन गर्दा असजिलो महसुस हुनसक्छ ।
- कलेजको उत्तीर्णाङ्क दर हेरेर पनि अध्यापनको स्तरियता आँक्न सकिन्छ ।
- राम्रो कलेजले विद्यार्थीलाई ध्यानमा राखेर भौतिक संरचना विकासमा त्यतिकै ध्यान दिएका हुन्छन्, त्यो बुझ्न सक्नुपर्छ ।
- आफन्त एवं परिवारले चिनेको मानिसले भनेको भन्दैमा कलेजको जानकारी नै नलिई भर्ना हुनुहुँदैन ।
- आफूलाई रुचिकर विषयमा अध्यापन हुने कलेजहरूको शैक्षिक कार्यक्रमका सम्बन्धमा पर्याप्त जानकारी लिनुपर्छ ।
- साथीभाइ कहाँ अध्ययन गर्छन् भन्दा पनि स्तरीय अध्यापन कहाँ हुन्छ भन्ने कुरामा ध्यान पुर्याउनुपर्छ ।
- कलेजमा अध्यापन गराउने शैलीका बारेमा प्रारम्भिक कक्षा लिएर अनुमान गर्नुपर्छ ।
- कलेजमा अध्यापन गराउने शिक्षकका बारेमा जानकारी लिनुपर्छ ।
- कुनै पनि प्लस टु कलेजका सम्बन्धमा बुझ्नुछ भने त्यहाँ अध्ययनरत वा अध्ययन पूरा गरिसकेका विद्यार्थीहरू राम्रो माध्यम हुन सक्छन् ।

'एसएलसी उत्तीर्ण पछि कलेज भर्ना नहुन्जेलसम्म विद्यार्थीमा एक प्रकारको तनाव हुन्छ ।' जेभियर इन्टरनेसनल कलेजका प्राचार्य लोकबहादुर भण्डारी भन्छन्- 'तनाव बढाउनमा सामाजिक प्रतिष्ठा, परिवारको अनावश्यक दबाब तथा सम्बन्धित विषयमा स्पष्ट जानकारी नहुनुजस्ता कुराले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।' यो समयमा आफ्नो क्षमताअनुसारको सही निर्णय गर्न नसक्दा एसएलसीसम्म राम्रो भनिएका विद्यार्थी उच्च शिक्षामा कमजोर सावित हुन पुग्छन् भने त्यस्तै कमजोर विद्यार्थीले उच्च शिक्षामा सरल विषय लिएर राम्रो गर्न सक्छन् ।

अधिकांश अभिभावकले आफ्ना सन्तानले विज्ञान संकायमा उच्च शिक्षा हासिल गरोस् भन्ने चाहना



राख्ने गरेका छन्, तर पछिल्ला वर्षहरूमा अन्य संकायमा पनि रोजगारमुखी विषयहरू राखिएकाले सुरक्षित भविष्यका लागि विज्ञान संकायमै जानुपर्छ भन्ने छैन ।

एसएलसीमा विशिष्ठ श्रेणी तथा राम्रो अंक ल्याएर प्रथम श्रेणीमा उत्तीर्ण भएका विद्यार्थीहरू ए लेभलको पाठ्यक्रमप्रति आकर्षित भैरहेको पाइन्छ । कतिपय विद्यार्थीमा ए लेभल गरिसकेपछि सीधै क्यारियर विकास हुन्छ भन्ने भ्रम पनि हुन्छ । ए लेभलको पाठ्यक्रममा विद्यार्थीले आफूले रोजेको विषयमा राम्रो अंक नआउन्जेल परीक्षा दिइरहन पाउँछन् । 'राम्रो अंक नआएको भनेर ए लेभलको दुईवर्षे पाठ्यक्रममा वर्षौं अल्झिरहेका विद्यार्थी पनि प्रशस्त भेटिन्छन् ।' शिक्षाविद् बबिता लाभ भन्छिन्- 'नियमित समयमा यो पाठ्यक्रममा राम्रो गर्न सक्छु भन्ने विद्यार्थीले मात्र ए लेभल अध्ययन गर्नु राम्रो हुन्छ ।'

उच्च शिक्षाको बाटो तय गर्दा विद्यार्थीले धैर्य एवं संयम अपनाउनुपर्छ । विषय तथा कलेज छनौट गर्न गाह्रो भैरहेको छ भने आफूभन्दा अग्रज, परामर्शदाता संस्थासँग सरसल्लाह गर्नुपर्छ । राजधानीका केही कलेजले आफ्नै पहलमा शैक्षिक परामर्श उपलब्ध गराउँदै आएका छन् । यो विद्यार्थीका निम्ति राम्रो कुरा हो, तर कलेजले सञ्चालन गरेको परामर्श केन्द्रमा आफ्नै कलेजको बढी व्याख्या गरिने भएकाले सजगता भने अपनाउनुपर्छ ।

**उत्कृष्ट कलेज छनौटको आधार**

एसएलसी उत्तीर्ण विद्यार्थीलाई उत्कृष्ट प्लस टु कलेज छनौट गर्न सहज होस् भनेर साप्ताहिकले प्रत्येक वर्ष मुलुकभरका उत्कृष्ट १० कलेजको सुची प्रकाशन गर्दै आएको छ । जसअनुसार यसपटक पनि साप्ताहिकले उत्कृष्ट १० कलेजको नाम सार्वजनिक गरेको छ । उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमीले सञ्चालन गरेको प्लस टु कार्यक्रम चलाइरहेका कलेजहरूमध्ये अघिल्लो वर्षका परीक्षामा आफूलाई अब्बल सावित गरेका कलेजहरूको विवरण हामीले जस्ताको तस्तै प्रस्तुत गरेका छौं । परिषद्ले उपलब्ध गराएको तथ्याङ्कका आधारमा यो सूची तयार गरिएको हो । प्रतिशतको आधारमा वि.सं. २०६३ सालको कक्षा ११ तथा वि.सं. २०६४ सालको कक्षा १२ को परीक्षामा धेरै विद्यार्थी उत्तीर्ण गराउने कलेजहरूमध्येबाट यी दस उत्कृष्ट छनौट भएका हुन् ।

बुझ्नुपर्ने पक्ष के हो भने उत्कृष्ट १० भित्र अटाउन सफल कलेजमात्र सबै दृष्टिकोणले उपयुक्त छन् भन्ने होइन । उत्कृष्ट १० को र्याङ्किङ गर्दा थोरै प्रतिशतको अन्तरमा बाहिरिएका उच्च मा.वि.को संख्या पनि उत्तिकै छ । परिषद्को स्ट्यान्डर्ड मानक न्यूनतम् ८२ जना विद्यार्थी भएका कलेजलाई यो र्याङ्किङमा स्पर्धा गराउने भनिए पनि हामीले न्यूनतम १ सय विद्यार्थी भएका कलेजमध्येबाट यो छनौट सूची तयार गरेका हौं । थोरै विद्यार्थीमा राम्रो गर्नेभन्दा पनि धेरै विद्यार्थीमा राम्रो गर्नेहरूलाई प्राथमिकता दिनुपर्छ भन्ने हाम्रो मान्यता यस वर्ष पनि कायमै छ । यसै आधारमा झापा, बिर्तामोडस्थित लिटिल फ्लावर्स बोर्डिङ स्कुल यो छनौट सूचीअन्तर्गत उत्कृष्ट १० भित्र अटाउन सक्ने भए पनि विद्यार्थी संख्या ९० मात्र भएकाले लिटल फ्लावर्स उत्कृष्ट १०भित्र अटाउन सफल भएन् ।

उत्कृष्ट १० को सूचीमा थोरै प्रतिशतको अन्तरमा पछाडि पर्ने कलेजहरूमा क्यास्पियन भ्याली कलेज कुमारीपाटी, रिलायन्स इन्टरनेसनल एकेडेमी, चाबहिल, कलेज अफ एप्लाइड बिजनेस (क्याब), भीएस निकेतन उच्च मा.वि., मीनभवन, सेन्टर फर इनोभेटिभ टेक्नोलोजी, बत्तीसपुतली, तिलोत्तमा उच्च मा.वि., रूपन्देही, जेभियर एकेडेमी, लाजिम्पाट, काठमाडौं डनबस्को उच्च मा.वि. नयाँ बानेश्वर, पिनाकल उच्च मा.वि. लगनखेल, ओम उच्च मा.वि. रौतहट, प्रेसिडेन्सी उच्च मा.वि., चितवन थिए । त्यसैगरी थोरै विद्यार्थीमा उत्कृष्ट परिणाम ल्याएका कलेजहरूमा नामग्याल उच्च मा.वि., गोकर्ण, दीपेन्द्र प्रहरी आवासिय उच्च मा.वि., साँगा, एसओएस हर्मन माइनर उच्च मा.वि. भक्तपुर र पोखरा, वीरेन्द्र सैनिक उ.मा.वि. भक्तपुर, बूढानीलकण्ठ उच्च मा.वि., काठमाडौं, अरुणिमा उ.मा.वि., बौद्ध, गोर्खा इन्टरनेसनल पब्लिक स्कुल, घोराही, दाङ प्रमुख छन् ।

**प्लस टु प्रणाली कसरी लोकप्रिय बन्यो ?**

प्लस टु शिक्षा प्रणाली लोकप्रिय हुनुमा धेरै कुराले भूमिका खेलेको छ । त्रिभुवन विश्वविद्यालयको प्रवीणता प्रमाणपत्र तह पुरानो ढर्रामा अध्यापन भैरहेको अवस्थामा उच्च माध्यमिक शिक्षा परिषद्को प्लस टु लोकप्रिय बन्दै गएको हो । शिक्षाविद् विद्यानाथ कोइरालाका अनुसार प्रमाणपत्र तहमा ३० वर्षभन्दा पुरानो पाठ्यक्रममा अध्यापन हुँदै आएको छ । त्यसको तुलनामा प्लस टु मा विषयगत विविधता भएका कारण विद्यार्थीले नयाँ विषय तथा पाठ्यक्रम छनौट गर्ने अवसर पाएका छन् । उच्च माध्यमिक शिक्षा परिषद्ले ३ सय ३० वटा विषयमा अध्यापन गराउँदै आएको छ । कलेज पढ्ने भनेको दिउँसो मात्र हो भन्ने टेन्ड चलिरहेको बेलामा बिहानी कक्षामा अध्यापन हुने प्लस टुको प्रणालीले पनि यसलाई लोकप्रिय बनाएको शिक्षाविद् कोइराला बताउँछन् । यसो गर्दा बिहानको समयमा अध्ययन गर्ने र दिउँसो जागिर खाने वातावरण सृजना भयो । सहरी क्षेत्रमा कतिपय प्लस टु कलेजले मल्टिमिडिया डिभाइस प्रयोग गरेर अध्यापन गराउँछन्, यसले प्राविधिक रूपमा विद्यार्थीलाई अपडेट गराएको छ । समाजमा हुनेखाने र हुनेखाने रहर गर्नेहरूका निम्ति प्लस टु सही गन्तव्य बन्यो । सस्तो मूल्यको प्रमाणपत्र तहमा नियमित अध्यापन नहुने भएकाले मध्यमवर्गीय एवं निम्न मध्यमवर्गीय परिवारले प्लस टुलाई गन्तव्य बनाएको शिक्षाविद्हरू बताउँछन् । कलेजमा पढाएर सामान्य जीविकोपार्जन गरिरहेका लेक्चरर तथा अध्ययन पूरा गरी बेरोजगार बसेकाहरूले प्लस टुमा मेहनत गरेर अध्यापन गराउन थालेपछि शैक्षिक प्रणालीमा पनि सुधार आयो । समग्रमा प्लस टुमा विषय विविधता रहनु र नियमित अध्यापन नै यसको लोकप्रियताको मुख्य कारण हो ।


अर्जेन्ट आवश्यकता
NGO संग विगत ४ वर्षदेखि आबद्ध संस्थालाई कर्मचारीहरुको आवश्यकता।
पार्टटाइम, फुलटाईम जबको व्यबस्था।
तलब-७०००+गाडीभाडा
संख्या: १६ जना
योग्यता: साधरण लेखपढ, Test-SLC +2 + above
नोट : विद्यार्थी तथा महिलागृहणीलाई उपयुक्त र ग्राहयता
सम्पर्क: २०६४०५९, ९८०३०७५९८१, ९८४१४९३०२६
शनिबारपनि अफिस खुल्ला रहनेछ

कष्मेटिक उपचार
-अनुहारमा भएका दाग, कोठीहरु हटाउन
-अप्रेशनपछिको दागहरु हटाउन
-पोलेको घाउको उपचार
-ट्याटुहरु हटाउन
-मंगोलियन आँखाको उपचार
-कष्मेटिक सम्बन्धि सम्पूर्ण सेवाहरु
सम्पर्क: ०१६९१०५३२, ९८०३८८३५७७


www.skybird.com.np
AIR HOSTESS TRAINING
Enroll now and get 10% Discount (for the 1st 10 candidates)
Sky Bird Air Hostess Training Institute
New Baneshwor
Tel 2044661, 9841363475

होटल तालिम त्यो पनि छुटमा 2003 मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
COOK (1, 2, 3, 6 month)
Continental, Italian, Chinese, Indian
WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc.
EPS मा कोरियन भाषाको तालिम
- UK, Australia, Canada मा student visa मा जानेलाई Job Replacement, Airport Pickup, parttime & fulltime Job को लागि यहाँ सिप सिकेर जाऔं
- ३ महिने कुकमा FREE WAITER/ ENGLISH LANG.
होस्टलको पनि व्यवस्था छ
- ६ महिने कुकमा FREE BARMAN/६ जनाको ग्रुपमा आउँदा १ जना FREE
- थप Industrial Training लाई Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने।
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Student Visa मा जानेलाई Special Discount
र्याडीसन होटल ट्रेनिङ सेन्टर
Bagbazar, Near P.K. Campus way to Ratnapark
2200889, 016913003, 9841-891131
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Toursim Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरबोट मार्ग
2040782, 016200575, 98510-93629
र्याडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC पानी ट्याङ्कीको ठीक अगाडि
4464720, 9841-891131, 98510-93629



# कहाँ पढ्ने विचार छ ?

दस वर्षको कडा मेहनतपछि उच्च शिक्षा हासिल गर्ने अभिलाषा बोकेका लाखौं विद्यार्थी अहिले कुन कलेजमा भर्ना हुने भन्ने कुराले दोधारमा परेका छन्। राजधानीलगायत देशभरिका प्लस टु कलेजहरूले रेडियो, टेलिजिभन तथा पत्रपत्रिकामा प्रकाशन तथा प्रसारण गरेर विद्यार्थीहरूलाई आफ्नो कलेजतर्फ आकर्षित गर्ने क्रम रोकिएको छैन। साउनको दोस्रो सातासम्म यो क्रम जारी रहनेछ।

उच्च माध्यमिक शिक्षा परिषद्को नियमअनुसार आगामी साउन महिनाको दोस्रो सातासम्ममा कक्षा ११ को कक्षा सञ्चालन गरिसक्नुपर्नेछ। त्यसका लागि एकातिर विद्यार्थी तथा अविभावकहरू राम्रा कलेजको खोजीमा व्यस्त छन् भने कलेजहरू राम्रो शिक्षा, आकर्षक भौतिक पूर्वाधार, योग्य शिक्षक तथा आफूसँगै भएका अन्य सुविधा समावेश गरेर विज्ञापन गरिरहेका छन्। राजधानीमा सञ्चालन भैरहेका प्लस टु कलेजहरूमध्ये केही उत्कृष्ट कलेजको सूची *साप्ताहिक*ले संकलन गरेको छ।

### क्यापिटल हिल एकेडेमी
(**प्रिन्सिपल : विकास शर्मा**)
**ठेगाना : टेकु, काठमाडौं**

अध्यापन हुने संकायहरू : मानविकी, व्यवस्थापन तथा विज्ञान।

मुख्य विषयहरू : मानविकी संकायमा आमसञ्चार, ऐच्छिक अंग्रेजी, समाजशास्त्र। व्यवस्थापन संकायमा होटल व्यवस्थापन, ट्राभल एन्ड टुरिज्म, बुम, कम्प्युटर साइन्स। विज्ञान संकायमा अनिवार्य विषयहरूका साथै रसायन शास्त्र, भौतिक शास्त्र तथा वनस्पति शास्त्र।
फोन नम्बर : ४२१२३९९
इमेल : capitalhill@hotmail.com

### इन्टेन्सिभ इन्टरनेसनल कलेज
(**एकेडेमिक काउन्सिलर : ध्रुव सुवेदी**), **ठेगाना : टेकु**

संकाय : मानविकीतर्फ स्नातक तथा प्लस टुतर्फ मानविकी, व्यवस्थापन तथा विज्ञान

मुख्य विषयहरू : मानविकीतर्फ अंग्रेजी, आमसञ्चार, समाजशास्त्र, व्यवस्थापनतर्फ होटल व्यवस्थापन, कम्प्युटर, अफिस म्यानेजमेन्ट एन्ड सेक्रेटरियल प्राक्टिस (ओएमएसपी), बुम आदि।
फोन नम्बर : ४२४२३१९
इमेल : info@intensive.edu.np
वेबसाइट : www.intensive.edu.np

### रेहडन कलेज
(**प्रिन्सिपल : देवीदत्त पौडेल**)
**स्थापना : सन् २०००**
**ठेगाना : सामाखुसी**

संकाय : व्यवथापनतर्फ स्नातक (बीबीएस) तथा प्लस टुतर्फ मानविकी, व्यवस्थापन तथा विज्ञान

मुख्य विषयहरू : मानविकीतर्फ अंग्रेजी, आमसञ्चार, समाजशास्त्र, व्यवस्थापनतर्फ होटल व्यवस्थापन लगायतका प्रमुख विषयहरू।
फोन नम्बर : ४३५२७६१
इमेल : rehdon@info.com.np
वेबसाइट : www.rehdoncollege.edu.np

### एस.भी.एकेडेमी
(**प्रिन्सिपल : नरेन्द्र राजभण्डारी**)
**स्थापना : सन् २००२**
**ठेगाना : बुद्धनगर, काठमाडौं**

संकाय : मानविकीमा स्नातकोत्तर, स्नातक तथा प्लस टु व्यवस्थापनमा स्नातक (बीबीएस) तथा प्लस टु तथा शिक्षामा प्लस टु तथा स्नातक

मुख्य विषयहरू : स्नातकोत्तरमा ग्रामीण विकास, स्नातक तथा प्लस टुमा मानविकीतर्फ ग्रामीण विकास, समाजशास्त्र, आमसञ्चार, अंग्रेजी आदि। व्यवस्थापनतर्फ बीबीएस तथा प्लस टुमा होटल म्यानेजमेन्ट, ट्राभल एन्ड टुरिजम, बुम आदि।
फोन नं. : ४७८३९१३
इमेल :svacademy@yahoo.com
वेबसाइट :www.svacademy.edu.np

### प्रसादी एकेडेमी
(**प्रिन्सिपल : विक्रम राई**)
**स्थापना : सन् १९९७**
**ठेगाना : मानभवन, ललितपुर**

संकाय : विज्ञान तथा व्यवस्थापन

मुख्य विषयहरू : विज्ञान संकायतर्फ भौतिक शास्त्र, रसायन शास्त्र, जीवविज्ञान, गणित तथा अंग्रजी। व्यवस्थापनतर्फ अनिवार्य विषयसहित ओएमएसपी, अकाउन्ट तथा अर्थशास्त्र।
फोन नं. : ५५३०५६२
इमेल : info@prasadi.edu.np
वेबसाइट : www.prasadi.edu.np

### ब्रुकफिल्ड कलेज
(**प्रिन्सिपल : गोपाल श्रेष्ठ**)
**स्थापना : वि.सं. २०५६**
**ठेगाना : सिनामंगल, काठमाडौं**

संकाय : व्यवस्थापनतर्फ बीबीएस तथा प्लस टु तथा विज्ञानतर्फ प्लस टु

प्रमुख विषयहरू : व्यवस्थापनतर्फ ट्राभल एन्ड टुरिज्म, होटल व्यवस्थापन, ओएमएसपी, बुम तथा विज्ञानतर्फ अनिवार्य विषयका अतिरिक्त कम्प्युटर तथा गणित।
फोन नं. : ४४७०६४६
इमेल : info@brookfield.edu.np
वेबसाइट: www.brookfield.edu.np

### क्लासिक कलेज इन्टरनेशनल
(**प्रिन्सिपल : गोविन्दबहादुर खत्री**)
**स्थापना : नौ वर्षअघि**
**ठेगाना : पिंकलस्थान, काठमाडौं**

संकाय : प्लस टुतर्फ मानविकी, व्यवस्थापन तथा विज्ञान संकाय। स्नातक तहतर्फ बीबीएस, मानविकी तथा मानविकीतर्फ स्नातकोत्तर।

मुख्य विषयहरू : आमसञ्चार, सोसियल वर्क, अर्थशास्त्र आदि।
फोन नं. : ४४६६३३३
इमेल : classicic@worldlink.com.np
वेबसाइट :www.classiccollege.edu.np

### नोबल एकेडेमी
(**सुरेन्द्र श्रेष्ठ, कार्यकारी निर्देशक**)
**ठेगाना : नयाँ बानेश्वर, काठमाडौं**

संकाय : प्लस टुतर्फ मानविकी, व्यवस्थापन तथा विज्ञान।

मुख्य विषयहरू : मानविकीतर्फ अंग्रेजी, आमसञ्चार, अर्थशास्त्र, समाजशास्त्र, व्यवस्थापनतर्फ होटल व्यवस्थापन, ट्राभल एन्ड टुरिजम, बुम तथा गणित।
फोन नं. : ४७८१५१५
इमेल : info@nobel.edu.np
वेबसाइट : www.nobel.edu.np

### नेसनल ओपन कलेज
(**प्रबन्ध निर्देशक इ. शीतलकुमार कार्की**)
**स्थापना : सन् २०००**
**ठेगाना : सानेपा, रिङरोड, ललितपुर**

संकाय : मानविकी, विज्ञान तथा व्यवथापनतर्फ प्लस टु। साथै हेल्थ केयरको स्नातक तथा स्नातकोत्तर तह अध्यापन हुने नेपालकै एकमात्र कलेज।

प्रमुख विषयहरू : मानविकीतर्फ अंग्रेजी, आमसञ्चार, समाजशास्त्र, कन्टेम्पोररी सोसाइटी, कम्प्युटर, व्यवस्थापनतर्फ होटल व्यवस्थापन, ट्राभल एन्ड टुरिज्म, अर्थशास्त्र, अकाउन्ट, बुम, ओमएसपी आदि। विज्ञान संकायतर्फ अनिवार्य विषयहरूसहित कम्प्युटर विज्ञान पनि।
फोन नम्बर : ५५२०३२६
इमेल : noc@ntc.net.np
वेब साइट : www.noc.edu.np

### एभरेस्ट इन्टरनेसनल कलेज
(**प्रिन्सिपल : हरिप्रसाद काफ्ले**)
**स्थापना : सन् १९९८**
**ठेगाना : सोल्टीमोड, काठमाडौं**

संकाय : प्लस टुतर्फ मानविकी, व्यवस्थापन, विज्ञान

प्रमुख विषयहरू : मानविकीतर्फ आमसञ्चार, समाजशास्त्र, अंग्रेजी, वातावरण, व्यवस्थापनतर्फ होटल व्यवस्थापन, ट्राभल एन्ड टुरिज्म, कम्प्युरटर आदि। विज्ञान संकायतर्फ अनिवार्य विषयहरूसहित कम्प्युटर।
फोन नं. : ४२७४५९३
इमेल : everstic@gmail.com
वेबसाइट :www.eicollege.edu.com

### क्याम्ब्रिज कलेज
(**प्रिन्सिपल : शंकर सुब्बा**)
**स्थापना : वि.सं. २०५६**
**ठेगाना : कुलेश्वर, काठमाडौं**

संकाय : मानविकी, व्यवस्थापन तथा विज्ञानतर्फ प्लस टु।

प्रमुख विषय : मानविकीतर्फ आमसञ्चार, समाजशास्त्र, अंग्रेजी, व्यवस्थापनतर्फ होटल व्यवस्थापन, ओएमएसपी, ट्राभल एन्ड टुरिज्म, कम्प्युटर तथा विज्ञानतर्फ अनिवार्य विषयहरू।
फोन नम्बर : ४२७७०६३
इमेल : cambridge@wsn.com.
बेवसाइट:www.cambridgecollege.edu.np

### सनसाइन उ.मा. विद्यालय
(**प्रिन्सिपल : निरु ढकाल**)
**स्थापना : वि.सं. २०६३**
**ठेगाना : नयाँ ठिमी, भक्तपुर**

संकाय : मानविकी, व्यवस्थापन, विज्ञान तथा शिक्षातर्फ प्लस टु

मुख्य विषयहरू : मानविकीतर्फ आमसञ्चार, समाजशास्त्र, अंग्रेजी, व्यवस्थापनतर्फ होटल व्यवस्थापन, कम्प्युटर साइन्स, ट्राभल एन्ड टुरिज्म, शिक्षातर्फ चाइल्ड डेभलप्मेन्ट, एजुकेसन टेक्निक आदि।
फोन नम्बर : ०१६२१४१५४
इमेल : info@iew.edu.np
वेबसाइट : www.iew.edu.np

### पिनाकल एकेडेमी उमावि
(**प्रिन्सिपल : ऋषि तिवारी**)
**स्थापना : वि.सं. २०५५**
**ठेगाना : लगनखेल, ललितपुर**

संकाय : विज्ञान, व्यवस्थापन, मानविकी तथा बीबीएस, बीएस्सी माइक्रोबायोलोजी, बीएस्सी फिजिक्स, डिप्लोमा इन फार्मेसी।

मुख्य विषयहरू : मानविकीतर्फ आमसञ्चार, समाजशास्त्र, कम्प्युटर, व्यवस्थापनतर्फ कम्प्युरटर, बुम, अर्थशास्त्र, होटल व्यवस्थापन, विज्ञानतर्फ अनिवार्य विषयसहित कम्प्युटर तथा बायो।
फोन नम्बर : ५५४४०२३
इमेल :atpinacle@wlink.com.np
वेबसाइट :www.pinacle.edu.np

### कस्मोपोलिटन कलेज
(**प्रिन्सिपल : भीमलाल गौतम**)
**ठेगाना : लामपोखरी, चाबहिल**

संकायहरू : मानविकी तथा व्यवस्थापन

मुख्य विषयहरू : मानविकी संकायमा आमसञ्चार, ऐच्छिक अंग्रेजी, समाजशास्त्र, व्यवस्थापनमा संकायमा होटल व्यवस्थापन तथा बुम
फोन नम्बर : ४४६२८६७
वेबसाइट :www.cosmopoliton.edu.np

### ललितपुर कलेज
(**प्रिन्सिपल : दीपेन्द्र भण्डारी**)
**स्थापना : सन् १९९५**
**ठेगाना : कुपण्डोल, ललितपुर**

संकायहरू : विज्ञान, व्यवस्थापन तथा मानविकी

मुख्य विषयहरू : विज्ञानतर्फ अनिवार्य विषयसहित कम्प्युटर, व्यवस्थापनतर्फ होटल व्यवस्थापन, ट्राभल एन्ड टुरिज्म, बुम र ओएमएसपी तथा मानविकीतर्फ आमसञ्चार, समाजशास्त्र तथा अंग्रेजी
फोन नम्बर : ५५२४२४८
वेबसाइट :www.lalitpurcollege.edu.np

### एभरेस्ट कलेज अफ मल्टिपल स्टडिज
(**प्रिन्सिपल : गोकर्ण सिटौला**)
**स्थापना : वि. सं. २०५५**
**ठेगाना : गल्कोपाखा, ठमेल**

संकाय : विज्ञान, मानविकी तथा व्यवस्थापन

मुख्य विषयहरू : विज्ञानतर्फ अनिवार्यसहित कम्प्युटर, व्यस्थापनतर्फ ओएमएसपी, होटल व्यवस्थापन, कम्प्युटर, मानविकीतर्फ आमसञ्चार तथा अंग्रेजी
फोन नम्बर : ४३५२३५८
इमेल : emc@emc.edu.np







# छात्राहरूका लागि नर्सिङ



नेपालमा नर्सिङ पेसाप्रतिको आकर्षण लोभलाग्दो छ। देशमा उत्पादन भएका नर्सको ठूलो खपत पनि छ। सरकारीदेखि निजी चिकित्सा संस्था, सामुदायिक क्षेत्रदेखि लिएर सीमित उच्च घरानाहरूसम्मका निजी स्वास्थ्य हेरचाहका लागि नर्सको माग बढ्दो छ। नेपालमा त्यति नदेखिएका नर्सहरूका लागि सम्मान तथा सेवाको साटो राम्रो कमाइ एवं सुविधा पनि प्राप्त हुँदैछ। प्राविधिक शिक्षाको सूचीमा स्टाफ नर्स आयआर्जनका दृष्टिले पनि रोजगार एवं सेवा पेसा भएकाले यसको आकर्षण बढ्दो क्रममा छ।

नेपालमा मात्र नभएर वैदेशिक रोजगारीका क्षेत्रमा पनि नर्सिङको छुट्टै आकर्षण छ। यसै कारण नेपाली नर्सहरू युरोप, अमेरिका, जर्मनी, अष्ट्रेलिया जस्ता मुलुकसम्म पुगेका छन्। अहिले नेपाली नर्सहरूका लागि खासगरी ब्रिटेन एउटा आकर्षक गन्तव्य बनेको छ। सेवाको दृष्टिले नेपाली नर्सहरू कुनै दृष्टिले पनि पछि देखिँदैनन्। नेपाली नर्सहरू विदेशमा सर्वाधिक मनपराइएको तथ्यले यो कुराको पुष्टि हुन्छ तर यसो भन्दैमा नर्सहरूका लागि नेपालमा अवसर नै छैन भन्ने होइन।

एक अध्ययनअनुसार प्रत्येक दिन ४ जना नर्सले विदेशका लागि भिसा पाउँछन्। प्रत्येक वर्ष ६ सय उत्पादनले त्यो पुरानो स्थान सजिलै ओगट्न सक्छन् र यो क्रम घुमिरहन्छ। नर्सिङ काउन्सिलको रिपोर्टले ५० प्रतिशतभन्दा बढी नर्स बाहिर रहेको देखाउँछ। उनीहरू पढाइ सकेर अनुभव बटुल्ने क्रममा वैदेशिक चिकित्सा रोजगार परीक्षाको तयारीमा जुट्न थालिसकेका हुन्छन्। जसले गर्दा त्यहाँ जानेबित्तिकै उनीहरूलाई उच्च अध्ययन र रोजगारीको अवसर मिल्छ। खासगरेर उनीहरूले नर्स तथा होमनर्सका रूपमा त्यहाँ काम गरेको पाइन्छ। उत्पादन जति भए पनि नेपालमै सक्षम नर्सले सजिलै काम पाउँछन्। आगामी दस वर्षसम्म उत्पादन हुने नर्स नेपालभरिका सरकारी अस्पतालमै खपत हुन्छन् भन्ने तथ्य एउटा अध्ययनले देखाएको छ।

नेपालमा त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सिटिइभिटी एवं बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानले छुटाछुट्टै समयमा नर्सिङमा भर्ना लिन्छन्। त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धनप्राप्त नर्सिङ क्याम्पसको संख्या ६ छ भने सिटिइभिटीबाट सम्बन्धनप्राप्त नर्सिङ इन्स्टिच्युट ३० वटा छन्। त्यस्तै बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, वीर अस्पतालको नेसनल एकेडेमी अफ मेडिकल साइन्स तथा काठमाडौं विश्वविद्यालयमा पनि नर्सिङ अध्यापन गराइन्छ। त्रिभुवन विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरूमा नर्सिङ अध्ययन गर्नका लागि प्रवेशिका परीक्षामा ५० प्रतिशत अंक हासिल गरेकै हुनुपर्छ।

सिटिइभिटी अन्तर्गतका क्याम्पसहरूमा नर्सिङ अध्ययन गर्न एसएलसीमा ४५ प्रतिशत अंक प्राप्त गरेकाहरूले आवेदन दिन सक्छन्। उनिहरूबीच कक्षा १० को अंग्रेजी, गणित र विज्ञान गरी प्रत्येक विषयबाट ५० अंकका प्रश्न सोधिन्छन्। त्यसैगरी बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानका लागि पनि एसएलसीमा ४५ प्रतिशत अंक प्राप्त गरेकाहरूले आवेदन दिन सक्छन्। यहाँ ४० जनाको सिट क्षमता भए पनि ती सिटलाई विभिन्न कोटामा विभाजन गरिएको छ। तीमध्ये १६ सिटमा खुला प्रतिष्पर्धा हुन्छ। २ सिट हिमाली जिल्लाका लागि र १ सिट त्यहाँका कर्मचारीका सन्तानका लागि छुट्याइएको छ।

हिमाली जिल्ला अन्तर्गत बझाङ बाजुरा, दार्चुला, डोल्पा, हुम्ला, जाजरकोट, जुम्ला, कालिकोट, मुगु, मनाङ, मुस्ताङ, रुकुम एवं सोलुखुम्बु छन्। यी सिटमा ती जिल्लाका विद्यार्थीबीच मात्र प्रतिस्पर्धा हुन्छ। ५ सिट विदेशी विद्यार्थीका लागि छुट्याइएको छ। प्रवेश परीक्षामा विज्ञानबाट ३५, गणितबाट २०, अंग्रेजीबाट ५० र स्वास्थ्य तथा सामान्य ज्ञानबाट २५ गरी १ सय पूर्णाङ्कका प्रश्न सोधिन्छ। काठमाडौं विश्वविद्यालयले लिने भर्ना परीक्षामा विज्ञानबाट ३०, अंग्रेजीबाट ३०, गणितबाट २० र स्वास्थ्य तथा सामान्य ज्ञानबाट २० गरी १ सय पूर्णाङ्कका प्रश्न सोधिन्छन्। त्रिभुवन विश्वविद्यालय अन्तर्गतका क्याम्पसका लागि विज्ञानबाट ५०, अंग्रेजीबाट २५, स्वास्थ्यबाट १५ र गणितबाट १० पूर्णाङ्कका प्रश्न सोधिन्छन्। यसरी फरक-फरक संस्थामा प्रवेश परीक्षाको प्रक्रिया फरक छ।

यसबाहेक वीर अस्पतालको नेसनल एकेडेमी अफ मेडिकल साइन्सले पनि नर्सिङ अध्यापन गराउँछ। कुल, ४० सिट क्षमताको यो एकेडेमीमा भर्ना हुन अंग्रेजी, विज्ञान, गणित र स्वास्थ्य प्रत्येकबाट २५ गरी सय पूर्णाङ्कको प्रश्न सोधिन्छन्।

एसएलसीपछि गरिने नर्सिङ कोर्सलाई अनमी भनिन्छ। यो कोर्स पूरा गर्न १५ महिना लाग्छ। यसबाहेक एसएलसी अनुत्तीर्ण र टेष्ट पास गरेकाहरूका लागि मात्रै पनि सिटिइभिटीले छुट्टै कोर्सको व्यवस्था गरेको छ। उनीहरूलाई यही कोर्स पूरा गर्न २९ महिना लाग्छ। अनमी कोर्सलाई प्रवीणता प्रमाणपत्र सरहको मान्यता दिइन्छ।

अनमी कोर्स पूरा गरेपछि कमसेकम तीन वर्षको अनुभवपछि मात्र नर्सिङमा स्नातक अर्थात् स्टाफ नर्स पढ्न पाइन्छ। यो कोर्सलाई बिएन भनिन्छ तर सिटिइभिटीका कलेजहरूमा एक वर्षको अनुभवपछि भर्ना आवेदन दिन सकिन्छ।

क्याम्पसको परीक्षामा सामेल हुन एसएलसीमा न्यूनतम ४५ प्रतिशत अंक हासिल गरेकै हुनुपर्छ। सिटिइभिटीको प्रवेश परीक्षामा दुई घन्टाको समयमा १ सय ५० वटा प्रश्न हल गर्नुपर्छ। अंग्रेजी ५०, विज्ञान ५० तथा गणित ५० अंक गरेर १ सय ५० पूर्णांकको परीक्षा दिनुपर्छ। भर्ना समय फरक हुने र अध्यापन गराउने संस्था पनि धेरै भएकाले एउटा विद्यार्थीले वर्षभरिमा ५ स्थानमा प्रवेश परीक्षा दिन सक्छन्।

नर्सिङको अध्ययनमा त्रिभुवन विश्वविद्यालयअन्तर्गतका कलेजमा तीन वर्ष समय अवधिमा बढीमा एक लाख रुपैयाँसम्म खर्च हुन्छ भने सिटिइभिटीअन्तर्गतका कलेजहरूमा तीनदेखि साढे तीन लाखसम्म खर्च हुन्छ। त्रिभुवन विश्वविद्यालय अन्तर्गतका नर्सिङ क्याम्पसहरूमा छात्राहरूले प्रतिमहिना दुई सय रुपैयाँ छात्रवृत्ति पाउँछन्।

## सिटिइभिटी अन्तर्गतका नर्सिङ कलेज

| | |
|---|---|
| तानसेन नर्सिङ क्याम्पस, तानसेन, पाल्पा | ४० सिट |
| जनकपुर नर्सिङ क्याम्पस, जनकपुर | ४० सिट |
| मणिपाल स्कुल अफ नर्सिङ, नेपालगन्ज | ४० सिट |
| सुष्मा कोइराला नर्सिङ क्याम्पस, बत्तीसपुतली, काठमाडौं | ४० सिट |
| ओम हेल्थ क्याम्पस, चावहिल | ४० सिट |
| सेती-महाकाली नर्सिङ, क्याम्पस महेन्द्रनगर | ४० सिट |
| श्रद्धा नर्सिङ क्याम्पस, चुनदेवी, भक्तपुर | ४० सिट |
| इन्स्टिच्युट अफ मेडिकल टेक्नोलोजी, चितवन | ४० सिट |
| नेपालगञ्ज नर्सिङ क्याम्पस, नेपालगन्ज | ४० सिट |
| मायादेवी टेक्निकल इन्स्टिच्युट, बुटवल | ४० सिट |
| बालकुमारी कलेज, नारायणगढ, चितवन | ४० सिट |
| मदन मेमोरियल एकेडेमी, भद्रपुर, झापा | ४० सिट |
| युनिक एजुकेसन एकेडेमी, राजविराज | ४० सिट |
| कलेज अफ मेडिकल साइन्स, भरतपुर, चितवन | ४० सिट |
| फुलचोकी नर्सिङ, क्याम्पस, बनेपा | ४० सिट |
| हिमालयन एजुकेसन सोसाइटी, ग्वार्को, ललितपुर | ४० सिट |
| काठमाडौं मोडेल हस्पिटल स्कुल अफ नर्सिङ,बागबजार, काठमाडौं | ४० सिट |
| नेसनल भिजन उच्च मावि, बानेश्वर, काठमाडौं | ४० सिट |
| नेपाल इन्स्टिच्युट अफ मेडिकल साइन्स एन्ड टेक्नोलोजी, शान्तिनगर | ४० सिट |
| पिपल मल्टिपल हेल्थ इन्स्टिच्युट, इटहरी | ४० सिट |
| विराट हेल्थ कलेज एन्ड रिसर्च सेन्टर, विराटनगर | ४० सिट |
| गुणराज पाठक मेमोरियल नर्सिङ क्याम्पस, बालुवाटर | ४० सिट |
| नेपाल इन्स्टिच्युट अफ हेल्थ साइन्स बौद्ध, काठमाडौं | ४० सिट |
| ग्रिनतारा नर्सिङ क्याम्पस धापासी, काठमाडौं | ४० सिट |
| द हिमालयन इन्स्टिच्युट अफ हेल्थ साइन्स, वीरगन्ज | ४० सिट |
| चक्रवर्ती हबी नर्सिङ क्याम्पस, मध्यपुर ठिमी | ४० सिट |
| ख्वप मल्टिपल एजुकेसन कलेज, लिबली, भक्तपुर | ४० सिट |
| काठमाडौं इन्स्टिच्युट अफ टेक्निकल साइन्स, डिल्लीबजार | ४० सिट |
| नेपाल हेल्थकेयर कोअपरेटिभ लिमिटेड, लैनचौर | ४० सिट |
| राम जानकी हेल्थ फाउन्डेसन, जनकपुर | ४० सिट |
| चितवन हस्पिटल एन्ड हेल्थ फाउन्डेसन एन्ड रिसर्च सेन्टर, भरतपुर | ४० सिट |
| नारायणी कम्युनिटी हस्पिटल एन्ड रिसर्च सेन्टर, भरतपुर | ४० सिट |
| नेसनल मेडिकल सेन्टर प्रालि, वीरगन्ज | ४० सिट |
| **त्रिभुवन विश्वविद्यालयअन्तर्गतका नर्सिङ कलेज** | |
| हाराजगन्ज नर्सिङ क्याम्पस, महाराजगन्ज, काठमाडौं | ६० सिट |
| ललितपुर नर्सिङ क्याम्पस, ललितपुर | ४५ सिट |
| विराटनगर नसिङ क्याम्पस, विराटनगर | ४० सिट |
| वीगन्ज नर्सिङ क्याम्पस, वीरगन्ज | ४० सिट |
| पोखरा नर्सिङ क्याम्पस, पोखरा | ४५ |
| नेपालगन्ज नर्सिङ क्याम्पस, नेपालगन्ज, | ४० सिट |
| **अन्य** | |
| बीपी कोइराला स्वाथ्य विज्ञान प्रतिष्ठान, धरान | ४० सिट |
| काठमाडौं विश्वविद्यालय, धुलिखेल | ४० सिट |
| नेसनल एकेडेमी अफ मेडिकल साइन्स वीरअस्पताल | ४० सिट |

BST COLLEGE (10+2 & BBS)
Admission open in XI
✓Science
✓Manajement
✓Humanities
Scholarship up to 100%
Gongabo, KTM (Opposite new Buspark)
Tel : 01 4354704 / 016211795
Website :www.bstcollege.edu.np

Bonanza Offer
50-65% Discount in IT courses
Graphic, WebPage Design
Hardware & Networking
Tally/FACT/Tata Ex
Php, My SQL, Asp.Net
Basic - Advanced Aplication
* First 50 Students only
WANTED
Online DataEntry
Part Time HomeTypists - 20
REDSTAR Pvt.Ltd.
Jamal DilliBazar
01-2302518 9851106078
info@redstarforyou.com 9803043877

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज बसुन्धरा पुल Ktm
Ph:- 4363215, 2315801

Learn to Speak English
20% Offer for S.L.C.& all
★ 2 & 3 Months Packages
★ 1 Month Special & Speaking Course
★ Audio & Visual in American & British Tone
★ Situational conversation & Practices
★ विदेश जाने,जान्दै नजान्नेलाई विशेष कक्षा
Japanese / Korean / Chinese /French/ Spanish/ German
IELTS / Visa/Job interview Pre.
OASIS Language Centre
Galkopakha Thamel & Kalimati chock
4359170, 2024700

केश झर्न तुरुन्तै रोकी उमार्ने तेल
Before After
Rs. 750/-Herbal44
बेदाग गोरो मुहारको लागि
रूपअमृत + दस फेशवास-1600/-
चाउरीपना हटाउने Cream -1050/-
स्तन बढाउने Cream (दस फ्रि)-1650/-
ग्याष्ट्रिक ▶ ब्लडप्रेशर ▶ दम समाधान
शरीरको तौल + उचाई बढाउने
▶ सफल आयूर्वेदिक/प्राकृतिक उपचार ◀
शरीरको weight घटाउने Easyway
No Side effect 100% Guaranteed
आस्था हेल्थ केयर
काठमाडौं, गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 2110057
9845062538 Cell, इटहरी 025-580944

# उच्च मा.वि.मा विज्ञान

**रामचन्द्र अधिकारी**

एसएसली परीक्षाफल प्रकाशित भएलगत्तै उच्च मा.वि.हरूले भर्नासम्बन्धी प्रक्रिया प्रारम्भ गरिसकेका छन्। कतिपय विद्यार्थी यही विषय पढ्ने भनेर निश्चिन्त बसेका छन् भने कतिपय दोधारमै देखिन्छन्।



एक दशकअघिसम्म विज्ञान सङ्काय पढ्ने विद्यार्थीको संख्या न्यून थियो। त्यसका पछाडि तीनवटा प्रमुख कारण थिए। पहिलो एसएलसीमा प्रथम श्रेणी कम विद्यार्थीको मात्र आउँथ्यो। प्रथम श्रेणी प्राप्त नगर्नेले विज्ञान पढ्ने हिम्मत गर्दैनथे। दोस्रो कारण थियो- पर्याप्त क्याम्पस नहुनु। पूर्वाञ्चलमा विज्ञान पढ्नलाई धरान, भद्रपुर र विराटनगरमा मात्र क्याम्पस थिए। यसबाहेक अर्को महत्त्वपूर्ण तथा ठूलो वास्तविकता हो- विज्ञान कठिन तथा अप्ठ्यारो विषय हुनु। जोसुकैले पढेर पार लगाउन सक्दैनन् भन्ने विश्वासका साथै वास्तविकता पनि थियो।

हिजोआज यी समस्या घटिरहेका छन्। प्रथम श्रेणीमा उत्तीर्ण हुने विद्यार्थीको संख्या कम छैन। हुन त प्रथम श्रेणी आउनेले मात्र विज्ञान पढ्नुपर्छ भन्ने पनि छैन। ५० प्रतिशत अंक प्राप्त भए सरकारी कलेजहरूमा विज्ञान पढ्नका निम्ति प्रवेश परीक्षा दिन पाइन्छ। अहिले विज्ञान क्याम्पसहरूको संख्या बढिरहेको छ। निजी क्षेत्रका धेरै उच्च मा.वि.हरूले यो सेवा दिइरहेका छन्। त्यस्ता उच्च मा.वि.हरूमा विद्यार्थीहरूले पनि सहज ढंगले पढ्दै आएका छन्। विज्ञान पढ्न पहिले-पहिले पाठ्यसामग्रीको अभाव थियो। नेपाली लेखकहरूको पुस्तक पाइँदैनथ्यो। भाषागत समस्या त धेरै हुन्थ्यो। हिजोआज नेपाली लेखकहरूले पर्याप्त पुस्तक लेखेका छन्। सरल भाषामा लेखिएका यी पुस्तकहरू विद्यार्थीहरूका लागि सहयोगी साबित भएका छन्। तुलनात्मक हिसाबले हिजोआज विज्ञान पढ्नेहरूको लहर आएको छ। प्रथम श्रेणी प्राप्त गर्न उति कठिन पनि छैन।

वास्तवमा विज्ञानको अध्ययन समयको आवश्यकता हो। शिक्षाको उद्देश्य नै वैज्ञानिक सुझबुझ भएका नागरिक उत्पादन गर्नु हो। त्यसैअनुसारको माध्यमिक तहको पाठ्यक्रम तय गरिएको छ। त्यहाँ गणित र विज्ञानलाई बढी महत्त्व दिइएको पनि छ। विज्ञान विषय विद्यालय तहमै निकै फराकिलो छ। यसले उच्च शिक्षामा सहयोग पुर्‍याएको छ।

उच्च शिक्षाको पहिलो खुड्किलो कक्षा ११ मा विज्ञान पढ्नु यस अर्थमा पनि राम्रो मानिन्छ कि विज्ञान पढेर प्लस २ उत्तीर्ण गरेपछि अन्य संकायहरूमा फड्को मार्न सकिन्छ। जस्तै कमर्स वा आर्ट्स। आफ्नै क्षेत्रबाट बीएस्सी वा एमएस्सी गरेर पनि स्वाबलम्बी बन्न सकिन्छ। पढाउने क्षेत्रमा अन्य विषयभन्दा विज्ञानको स्कोप केही बढी छ। यी दुवैभन्दा राम्रो पक्षचाहिँ के हो भने उच्च मा.वि. अध्ययन पूरा गरेपछि प्राविधिक क्षेत्रतर्फ उन्मुख हुन पाइन्छ। यस्तो क्षेत्रमा अरू विषयका विद्यार्थीहरूलाई लिइँदैन। जस्तो एमबीबीएस, माइक्रोबायोलोजी, पशुचिकित्सा, वनविज्ञान, इन्जिनियरिङ आदि।

विज्ञान पढ्नुको अर्को फाइदा छ- मेहनत गर्ने बानीको विकास। विज्ञान पढ्न थालेपछि सानो मेहनतले उत्तीर्ण भइँदैन। यो बानी पछिसम्म कायम रह्यो भने कुनै पनि क्षेत्रमा असफल भइँदैन। विज्ञान पढ्ने विद्यार्थीहरूले अरूले भन्दा पढाइमा बढी नै समय दिनुपर्छ।

जस्तै अरूका दैनिक पाँच पिरियड चल्छन् भन्ने विज्ञानमा कम्तीमा सात पिरियड आवश्यक हुन्छ। प्लस टुको पाठ्यक्रम अति लामो भएकाले तोकिएको अध्यापन अवधिमा पढाइ पूरा गर्न कठिन हुन्छ। यसो हुँदा दैनिक एक-दुई पिरियड थप पढ्नु आवश्यक हुन्छ। यस आधारमा अरूले भन्दा विज्ञानका विद्यार्थीले कलेजमै दुई-तीन घण्टा बढी समय दिनुपर्छ। अर्को कुरा के छ भने आफैंले पुस्तक पढेर जानेको र अरूले बुझाएर बुझेकोमा धेरै भिन्नता हुन्छ। पछिल्लो तरिका नअपनाए सिकाइ-बुझाइ र त्यसको व्यावहारिकतामा प्रभावकारिता आउँदैन। यसर्थ विज्ञानको विद्यार्थी सदैव गुरुको नजिक हुनुपर्छ। कक्षा ११ मा सबै विषय अनिवार्य गरिएका छन्। १२ मा गएर भौतिक वा जीवविज्ञान कुनमा जाने भन्ने बाटो निर्धारण आफ्नै इच्छा र औकातअनुसार हुन्छ।

विज्ञान पढ्नुको अर्को महत्त्वपुर्ण फाइदा के छ भने कुनै पनि अन्तर्वार्ता सजिलै सफलतापूर्वक दिन सकिन्छ, किनभने विज्ञान विषयका प्रयोगात्मक परीक्षाहरूमा मौखिक, अन्तर्वार्ता लिइन्छ। कक्षा ११ र १२ का सबै प्रयोगात्मक परीक्षा गरी विद्यार्थीले छवटा अन्तरवार्ता पार गरिसकेको हुन्छ।

एसएलसी परीक्षाको परिणाममा गत वर्षदेखि विशिष्ट र प्रथम श्रेणी प्राप्त गर्नेहरूको संख्यामा क्रमशः वृद्धि भैरहेको छ। राम्रो अंक प्राप्त गरेपछि विज्ञान पढ्नुपर्छ भन्ने मान्यतामुताबिक विद्यार्थीहरू यसैतर्फ आकर्षित भैरहेका छन्, तर यो मान्यता शिरोधार्य गर्ने-नगर्ने विषयमा विद्यार्थी, अभिभावक सबैले सोच्नैपर्ने हुन्छ। किनकि कतिपय विद्यार्थी एसएलसीमा धेरै अंक आयो भनेर हौसिँदै विज्ञानमा भर्ना हुन्छन्, पछि पढाइ पूरा नगरी छोड्न बाध्य हुन्छन्। विज्ञान पढ्नु नै सबै कुरा भने होइन, यद्यपि यसका फाइदाहरू आफ्नै ठाउँमा छन्।

*(लेखक विराटनगरका उच्च माध्यमिक विद्यालयहरूमा जीव विज्ञान पढाउनुहुन्छ।)*

# धेरैको रोजाइ : मानविकी संकाय



**विश्वमणि अधिकारी**

बृहत् विषयका रूपमा रहेको मानविकी संकायमा धेरै जान्नेदेखि निकै कमजोर विद्यार्थीसमेत आकर्षित हुने गरेको पाइन्छ। विषयहरूको विविधता धेरै भै छनौटका लागि यथेष्ट विकल्प पाइने भएकाले विद्यार्थीहरू मानविकी संकायप्रति झुकाव राख्छन्। मानविकी संकायमा कुनै एक विषयमा विशिष्टीकरण गर्न सक्ने भएकाले यसको लोकप्रियता निरन्तर जारी छ। सहरदेखि ग्रामीण भेगसम्म मानविकी तथा समाजशास्त्र संकायका कलेजहरू धेरै खुलेकाले यो सर्वसाधारणको पहुँचमा समेत देखिन्छ। प्रयोगात्मक विषयहरू अपेक्षाकृत कम हुने गरेकाले मानविकी संकाय काम गर्दै पढ्न चाहनेहरूका पक्षमा समेत रहेको पाइन्छ।

अंग्रेजी, नेपाली, गणित, अर्थशास्त्र, इतिहास, राजनीतिशास्त्र, संस्कृति, जनसंख्या शिक्षाजस्ता दर्जनौं विषय आफ्नो रुचिअनुसार छनौट गर्न मानविकी संकायमा विद्यार्थीहरूसँग विकल्प धेरै हुन्छन्। अझ आमसञ्चार तथा पत्रकारिता, संगीत, कलाजस्ता विषय मानविकी संकायमा मात्र पढ्न पाइने भएकाले यसको आकर्षण निरन्तर कायम देखिन्छ। अंग्रेजी, नेपालीजस्ता भाषा विषय पढ्ने विद्यार्थीहरू भविष्यमा शिक्षण पेसामा संलग्न हुन सक्छन्। यसका साथसाथै विभिन्न सञ्चारमाध्यम तथा गैरसरकारी संस्थाहरूमा प्रुफ रिडर र अनुवादक बन्नसमेत यी विषयले सघाउँछन्। फेरि अनुवाद तथा प्रुफरिडिङजस्ता कार्यहरू अफिस समयभन्दा अघिपछि वा घरमै ल्याएर गर्न सकिने भएकाले यी अतिरिक्त आम्दानीको राम्रा बाटा हुन्। गणितजस्ता विषय पढ्नेहरूका सम्बन्धमा त एउटा भनाइ नै छ– ट्युसन पढाएरै पनि सचिवको भन्दा बढी आम्दानी हुन्छ।

विभिन्न अनुसन्धानले के देखाएको छ भने बहुसंख्यक राजनीतिज्ञ मानविकी संकायका उत्पादन हुन्। विशेष गरी यिनीहरूको रुचि राजनीतिशास्त्र र अर्थशास्त्रजस्ता विषयमा रहने गरेको पाइन्छ। कुनै पनि देशको राजनीतिले हरेक क्षेत्रलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा छोएको हुन्छ, भलै हामीमध्ये केहीलाई यो चाख लागेको होस् वा पटक्कै मन नपरेको नै किन नहोस्। जुनसुकै विधामा छिर्न सक्नु मानविकी संकायको सबभन्दा आकर्षक पक्ष हो। हिजोसम्म कलेजमा पढाइरहेका प्राध्यापकहरू आज राजदूत वा प्रशासक बने भने अचम्म मान्नुपर्दैन। त्यसैगरी बहुसंख्यक कर्मचारी पनि मानविकी संकायकै उत्पादन हुन् भन्दा अत्युक्ति नहोला।

मानविकी संकायमा भर्ना हुन चाहने विद्यार्थीहरूमा चाहिने प्रमुख शर्त भनेको सिर्जनात्मकता हो। यो संकायमा न त विज्ञानमा जस्तो सिद्धान्तको एकोहोरो रटान लगाउनुपर्छ, न त व्यवस्थापन संकायमा जस्तो नाफा नोक्सानको बढी प्रयोग हुन्छ। बरु यहाँ आफ्नो सहभागिता र सिर्जनात्मकता बढी झल्काउनुपर्ने हुन्छ।

मानविकी संकाय पढ्न चाहनेहरूको चुनौती भनेको धेरै विषय र छनौट हुने हुँदा विद्यार्थीहरू अलमलिने त होइनन् भन्ने हो। यसबाट पार पाउन विद्यार्थीहरूले आफूलाई केही गर्न सक्छु भन्ने विश्वास भएको विषय छनौट गर्नुपर्छ र त्यसैमा निरन्तर लागि रहनुपर्छ। जस्तो कि अंग्रेजी मूल विषय लिएर पढेको विद्यार्थीले आफू प्राध्यापक बन्ने हो कि भाषा शिक्षक वा अनुवादक बन्ने हो बेलैमा छुट्याउन सके सफलता कसैले उछिट्याउन सक्दैन, तर प्राध्यापक पनि बन्छु, भाषा शिक्षक पनि छाड्दिन र अनुवादको पनि जिम्मा लिन्छु भन्यो भने अपेक्षाकृत सफलता हात नलाग्न सक्छ।

*(लेक्चरर : न्यु भिजन मल्टिपल कलेज, डिल्लीबजार एवं ललित मल्टिपल कलेज)*

# एसएलसीपछि कलेज छनौटको समस्या

एसएलसीको नतिजा प्रकाशन भएपश्चात् धेरैजसो विद्यार्थीलाई उच्चशिक्षा अध्ययनका सम्बन्धमा अन्यौल र उचित परामर्शको अभाव हुन्छ। विशेष गरी कस्तो विषय छनौट गर्ने, आफूले रोजेको विषयको भविष्य कस्तो छ, आफूले रोजेको विषय कहाँ पढ्न सकिन्छ, कुन कलेज छनौट गर्दा उपयुक्त हुन्छ इत्यादि। अधिकांश अभिभावक एवं विद्यार्थीको रोजाइ डाक्टर, इन्जिनियर, पाइलट, वकिल बन्ने पाइन्छ तर यसका लागि बढी परिश्रम र मेहनतको आवश्यकता पर्छ। हाम्रो समाजमा प्रथम श्रेणीमा उत्तीर्ण भएको व्यक्तिले विज्ञान पढ्नुपर्छ भन्ने गलत मानसिकता छ। वाणिज्यशास्त्र, विज्ञान, मानविकी, शिक्षाशास्त्रजस्ता विषयको अध्ययनबाट पनि आफ्नो भविष्य बनाउन सकिन्छ। जुनसुकै विषय पढे पनि उक्त विषयको गहिरो अध्ययन गरे अवश्य सफल भइन्छ। विज्ञान संकायको अध्ययनमा राम्रो अङ्क र ज्ञान हासिल गर्न सके विषयगत स्नातक अध्ययनका लागि बाटो खुल्छ।

नेपालजस्तो विकासोन्मुख देशमा प्राविधिक शिक्षालाई बढी प्राथमिकता दिनुपर्छ। एसएलसी उत्तीर्ण विद्यार्थीले प्राविधिक क्षेत्रमा प्रमाणपत्रस्तरको मेडिकल, इन्जिनियरिङ, कृषिविज्ञान, वनविज्ञान, जलवायु विज्ञान आदि क्षेत्रमा अध्ययन गर्ने अवसर पाउँछन्। मेडिकल क्षेत्रमा स्वास्थ्यसहायक (३ वर्ष), नर्सिङ (३ वर्ष) ल्याबटेक्निसियन, रेडियोग्राफी, आयुर्वेद सहायकजस्ता क्षेत्रमा अध्ययनको अवसर खुला हुन्छ। त्यस्तै, इन्जिनियरिङ ओभरसियर (३ वर्ष) वन विज्ञानमा रेन्जर (२ वर्ष) जस्ता विषयमा अध्ययनको अवसर मिल्छ। कृषि सहायक, भेटनरी सहायक, डिप्लोमा इन फार्मेसी, डेन्टलहाइजेनिक, अमिन, सर्भे सहायक जस्ता विषय अध्ययन गर्न सकिन्छ, यी विषय अध्ययन पश्चात् सजिलै रोजगारी पाइने क्षेत्र हुन्।

आजभोलि छात्राहरूको पहिलो रोजाइ नर्सिङ बनेको छ। आकर्षक आम्दानी, उच्च सामाजिक प्रतिष्ठा अध्ययनपश्चात् विदेशमा रोजगारीको बढी सम्भावना, साथै उत्कृष्ट जीवनसाथी पाउने भएकाले पनि नर्सिङ्ग क्षेत्रमा आकर्षण बढेको हुनुपर्छ। एसएलसी उत्तीर्ण विद्यार्थीले सरकारी तथा सिटिइभिटीद्वारा सञ्चालित कलेजमा अध्ययनको अवसर पाउँछन्। सरकारी कलेजमा अध्ययन गर्दा न्यून शुल्क लाग्नुका साथै गुणस्तरीय शिक्षा पाइने भएकाले त्यहाँ नाम निकाल्नु साधारण विद्यार्थीका लागि 'आकाशको फल आँखा तरी मर' जस्तै बन्न पुग्छ, तर सिटिइभिटीद्वारा सम्बन्धनप्राप्त कलेजमा अध्ययन गर्दा, लगभग ३ देखि ४ लाख रुपैयाँ लाग्छ जुन सामान्य अभिभावकको हैसियतभन्दा बाहिर छ। यद्यपि अध्ययनपश्चात्को आकर्षक कमाइले लगानीको सदुपयोग हुन्छ।

एसएलसीको नतिजा प्रकाशन भएलगत्तै टेलिभिजन, पत्रपत्रिका, रेडियो, एफ.एम. मा कलेजका आकर्षक, गुलियो र लोभलाग्दा विज्ञापन पढ्न, सुन्न र हेर्न पाइन्छ। सबै कलेज आफ्नो कलेज अरूभन्दा पृथक् र शैक्षिक रूपमा अगाडि रहेको बताउँछन्। विशेष गरी मुख्य सहरहरूमा लोभलाग्दा रङ्गीन पर्चा, पम्प्लेट, ब्यानर जताततै देख्न पाइन्छ। सबैले गुणस्तरीय शिक्षा, शतप्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल, अनुभवी शिक्षकबाट पढाइने, उत्कृष्ट विद्यार्थीहरू अध्ययनरत रहेको गरेका हुन्छन्। नेपालको निजी शिक्षा निकै महँगो भैसकेको छ, साधारण अभिभावकले आफ्ना छोराछोरीलाई



निजी शैक्षिक संस्थामा पढाउनु भनेको फलामको चिउरा चपाउनुजस्तै भएको छ। सरकारी कलेजमा पढाइ नहुने, सधैं हड्ताल र विशेषगरी विद्यार्थी सङ्गठनको राजनैतिक अखडा भएकाले निजी कलेजमा केही राम्रो पढाइ हुने आशा पनि हुन्छ, तर कलेजको आकर्षक विज्ञापन, गुलिया आश्वासन एवं साथीभाइको लहैलहैमा लागेर भर्ना हुनु हुँदैन। यसका लागि अग्रज व्यक्तिहरू र अभिभावकको परामर्श लिनुपर्छ। कलेज भर्ना र विशेष छनौट गर्दा आफ्नो रोजाइ तथा आफूभन्दा ठूलाबडाको सल्लाह सुझावमा कलेज एवं विषय छनौट गर्दा उपयुक्त हुन्छ।

**–ताराकुमार शिवाकोटी**
**पूर्वाञ्चल विश्वविद्यालय, इन्जिनियरिङ**
**(स्नातक तेस्रो वर्ष)**



# करोडौंको लगानी पानीमा

नेपाली चलचित्र उद्योग एवं टेलिसिरियलको क्षेत्रमा कम लगानी र स्तरहीनताको चर्चा चलि नै रहेको छ। एकातिर नेपाली टेलिसिरियल स्तरहीन भएको चर्चा छ भने अर्कातिर लाखौंको लगानी दिनदिनै पक्कै दुखलाग्दो विषय हो। नेपाली टेलिचलचित्रमा वर्षौंदेखि लाखौंको लगानी डुबे पनि यसमा कसैको ध्यान भने गएको छैन। दिन-प्रतिदिन नयाँ टेलचिलचित्र बन्दै गएका छन् भने प्रदर्शनको अवसर कमैले पाएका छन्।

जानिफकारहरूका अनुसार हाल ३ सयभन्दा बढी टेलिचलचित्र निर्माण सम्पन्न भएर पनि प्रदर्शनमा आएका छैनन्। यी हरेक चलचित्र निर्माणमा एक भाग बराबर ३० हजारको हाराहारीमा खर्च भएको छ। डमी मात्र तयार भएका यस्ता थुप्रै चलचित्र छन् भने थुप्रै भागसहितका लामा टेलिसिरियल पनि निर्माण भएका छन्। यसरी करोड रुपैयाँभन्दा बढीको लगानी यो क्षेत्रमा खेर गैरहेको छ ।

यो क्रम विगत सात-आठ वर्षदेखि चल्दै आए पनि पछिल्लो समयमा यसले अझ विकराल रूप लिएको छ। विगत दुई वर्षयता नेपाल टेलिभिजनले मिडिया हब तथा सिन्क्रो मिडिया आदि एजेन्सीलाई यसको जिम्मेवारी दिए पनि समस्याको हल भएको छैन। मिडिया हबका निर्देशक सोम धिताल भने निमार्णकर्ताले सबै पक्षको अध्ययन नगरी टेलिचलचित्र निर्माण गरेकाले यो समस्या आएको बताउँछन्। 'यहाँ स्तर र बजार हेर्ने लगानीकर्ता भएनन्। जति बजार छ, त्योभन्दा बढी निर्माण भएको छ। त्यसैले यो समस्या देखा पर्नु स्वाभाविक हो।' धितालले समस्या प्रस्ट पारे। धितालकै अनुसार थोरै रकमको लोभमा धेरै रकम फसाउनेहरूको यहाँ भीड नै छ। एक साधारण सिरियलबापत ३० देखि ३५ हजार रुपैयाँ प्रतिभाग प्रदान गर्ने चलन भए पनि स्वभाविकभन्दा माथिल्लो स्तरको टेलिचलचित्रले ४० हजारका दरले प्राप्त गर्ने गरेका छन्। एक भाग बराबर १० हजारको आसपासमा कमाइ गर्ने लोभले ठूलो रकम फसाउनेहरूको भीड यतिखेर बढी नै छ। मिडिया हबसँग मात्र १ सयभन्दा बढी टेलिसिरियल थन्किएर रहेको धिताल बताउँछन्।

यो क्षेत्रमा बजारभन्दा बढी निर्माणका कारण समस्या आएको कुरा साँचो हो, तर यसको अर्थ यो होइन की गुणस्तरहीन टेलिसियल मात्र प्रदर्शनबाट रोकिएका छन्। यसरी प्रदर्शन हुनबाट रोकिनेमा नेपालका प्रख्यात निर्देशकका टेलिसिरियल पनि छन्। नेपाल टेलिभिजन स्थापनाको प्रारम्भिक दिनमै 'विना चिहानको मृत्यु' र 'कोरस' जस्ता चर्चित टेलिचलचित्र बनाएर चर्चामा आएका बद्री अधीकारीका सिरियल पनि अहिले थन्किएर बसेका छन्।

प्रकाश धितालको निर्देशनमा बनेको पवन बस्नेतको तीन भागको टेलिचलचीत्र 'कुण्ठा' वर्षौं अघिदेखि थन्किएर बसेको छ। कुनै बेलाकी चर्चित नायिका रूपा राना र लय संग्रौला सम्मिलित उक्त टेलिसिरियल कहिले प्रदर्शित हुने हो अन्यौलमै छ। यसै गरी हास्य चलचित्र 'भैगो नि' विज्ञापन भएर पनि प्रदर्शित हुन नसक्नु आश्चर्यको विषय बनेको छ। यस्ता उदाहरण बग्रेल्ती छन्।

यस्ता टेलिचलचित्रको सूची धेरै लामो हुन सक्छ। कारण जे भए पनि सानो नेपाली बजारमा लाखौं रुपैया खेर जानु दुःखको कुरा हो।

**–मनोज घिमिरे**





# राम्रो चलचित्रको खोजी

चलचित्रका लागि पोखरा आफैंमा उद्योग हो। यहाँ जातीय संस्कृतिमा आधारित दर्जनौं चलचित्र निर्माण भएका छन् र हुँदैछन्, तर अझै पनि यहाँको प्राकृतिक दृश्यको पर्याप्त सदुपयोग हुन सकेको छैन। यदि त्यसो हुन सके चलचित्रमार्फत अन्तर्राष्ट्रिय स्तरमा पोखराको अलग पहिचान हुन सक्छ, तीन वर्षअघि राजधानीमा सिनेमा सोसाइटी स्थापना गरी दर्शकमाझ राम्रा चलचित्र पुऱ्याइरहेका राजेश गोंगजु भन्छन्- 'राम्रा चलचित्र हेरेर मात्र उत्कृष्ट चलचित्र बनाउन सकिन्छ।'

चलचित्रका लागि राजधानीपछि सम्भाव्य ठाउँ उनले पोखरालाई नै देखे। पोखराले आर्थिक-सामाजिक-बौद्धिक हरेक क्षेत्रमा प्रगति गरेका कारण पनि यहाँ फिल्म कल्चरको विकास भएको हो भन्ने उनको ठम्याइ छ। पोखरा फिल्म सोसाइटीको स्थापना गरेपछि गोंगजु स्थानीय चलचित्र निर्माताहरूलाई राम्रा चलचित्रका बारेमा प्रशिक्षण दिन र देखाउन अभ्यासरत छन्। यहाँ जुन रूपमा चलचित्र निर्माण भए पनि निर्माताहरूमा अझै पनि राम्रा चलचित्रप्रति उतिसारो मोह देखिँदैन। फेवानगरीमा चलचित्रकर्मीहरूलाई प्रशिक्षण दिन पाए अब निर्माण हुने चलचित्रमा ४० प्रतिशत सुधार हुने उनले देखे। अन्तर्राष्ट्रिय चलचित्रका विशेषज्ञ मानिएका राजेश राम्रा विदेशी चलचित्रको ज्ञान दिन छलफलमा जुटिरहेका छन्। फिल्म सोसाइटीको उद्देश्य के त? उनी प्रस्टचाउँछन्- 'राम्रा चलचित्र देखाएर स्थानीय चलचित्र निर्माताहरूलाई राम्रो चलचित्र बनाउन अभिप्रेरित गर्नु।' उनको यस्तै कलेज कलेजमा पुगेर चलचित्र देखाउने र विदेशी चलचित्र महोत्सव गर्ने उद्देश्य छ। उनले यसरी देखाउने चलचित्र हलिउड र बलिउड शैलीका




भने पक्कै होइनन्। यी सबै विश्वका हरेक कुनामा बनेका राम्रा चलचित्र हुन्, जहाँ हाम्रो दैनिक जीवनमा मेल खाने कथाव्यथाहरू नै हेर्न पाइन्छ। यी चलचित्रले विषयवस्तुलाई नै पछ्याउँछन्। विदेशका धेरै ठाउँमा फिल्म सोसाइटी छन्, यही भएर ती ठाउँमा राम्रा चलचित्र बनिरहेका छन्। नेपालमा राम्रा चलचित्रको अभाव देखेर नै उनले फिल्म सोसाइटीको स्थापना गरेका हुन्।

पोखरामा हप्तामा एउटा राम्रो चलचित्र देखाउने योजना उनले बनाएका छन्। छोटो अवधिमै पोखरा फिल्म सोसाइटीमा ३० जना सदस्य बनिसकेका छन्। धेरैले यसमा अभिरुचि देखाएका छन्। हो, पोखरामा बन्ने जातीय चलचित्रमा भाषा र कपडा परिवर्तन हुन्छ तर कथा र प्रस्तुति भने एउटै हुने गरेको छ। राम्रो चलचित्र हेरियो भने प्रस्तुतिमा सहजै परिवर्तन गर्न सकिन्छ, गोंगजुको धारणा छ। जबसम्म नेपाली चलचित्र निर्माताहरूले राम्रो चलचित्र बनाउँदैनन् तबसम्म उनले विश्राम नलिने अडान लिएका छन्। उनले धरानमा पनि फिल्म सोसाइटी स्थापना गर्ने योजना बनाएका छन्। यो सोसाइटीलाई कतैबाट सहयोग भने आउँदैन। सोसाइटीको खर्च सदस्यता शुल्कमार्फत धानिन्छ।

चलचित्रको अध्ययन तथा अध्यापनमा १० वर्षदेखि जुटिरहेका छन्। करिब एक दर्जन डकुमेन्ट्री निर्माण र निर्देशन गरिसकेका राजेशलाई नेपाली चलचित्रको अवस्था दारुण लाग्छ। कमर्सियल चलचित्रको अवस्था दयनीय छ भने साना भिडियो चलचित्रहरू कान्लामुनिको भ्यागुता भएका छन्। राजेशलाई लाग्छ, चलचित्रलाई कलाका रूपमा हेरिनुपर्छ। कुनै पनि कुरा टेस्ट नगरी स्वाद पाइँदैन। राम्रो चलचित्र बनाउन राम्रो चलचित्र त हेर्नैपर्छ, उनको धारणा छ।

**–शिव शर्मा**





यौनको प्रसङ्गमा अक्सर नेपाली नायिकाहरू डिप्लोम्याटिक उत्तर दिन्छन् तर एक नायिकाले भने आफ्नो यौन जीवनलाई आफै उदाङ्गो पारेकी छिन् । एक वेबसाइटसँग सम्बन्धित पत्रकारले उनको यौनजीवन खोतलेका छन् । नायिका हुन् झरना थापा, त्यसैगरी उनको यौनजीवनका सम्बन्धमा उत्सुकता राख्ने पत्रकार हुन्, ऋषि धमला । धमलाको व्यक्तिगत वेबसाइटभन्दा फरक नपर्ने रिपोर्टर्स नेपाल डटकममा झरनाले भनेकी छिन्- 'श्रीमान्सँग गरेको यौनसम्पर्कको मज्जा अर्कै हुँदो रहेछ ।' कलिलो उमेरमै विवाह भएका कारण पनि यौनजीवनलाई राम्रैसँग अनुभूत गरिसकेको बताउने झरनाले यौनका कारण नै जीवन सन्तुष्ट र सुखी हुने अनुभव व्यक्त गरेकी छिन् । यौनका धेरै प्रस्ताव आए पनि पहिलो सम्पर्क उनले श्रीमान्सँगै गरेको जिकिर गरेकी छिन् । झरना भन्छिन्- 'यौनसम्पर्कको त्यो पहिलो अनुभूतिबाट म यति सन्तुष्ट भएँ कि त्यसको व्याख्या नै गर्न सक्दिनँ ।' यौनविनाको जिन्दगी अपूरो हुने बताउँदै नायिका थापाले पत्रकार धमलाको यौन उत्सुकता देखेर विवाहका निम्ति कुनै नायिका नै खोजिदिने आश्वासनसमेत दिएकी छिन् । हरेक विवाहित व्यक्तिले यौनको यो महत्त्वलाई बुझ्ने झरनाले बताएकी छिन् । प्रेमको उत्कर्ष विन्दु यौनसम्पर्क भएकाले झरनाले विवाह गरेर मात्र यौनसम्पर्कको मज्जा लुट्न सल्लाह पनि दिएकी छिन् । झरना भन्छिन्- 'प्रेम मज्जाले गर्नुहोस् तर यौनसम्पर्क विवाहपछि मात्र गर्नुहोस् ।'

# व्याख्या गर्न नसकिने पहिलो अनुभव

## कस्तो चुम्बन ?

बलिउडमा इमरान हासमीले एकपछि अर्की नायिकाको चुम्बन लिएको देखेर कलिउडमा कतिपय नायकको मन कुडिँदो हो । नेपाली चलचित्रमा पनि त्यस्तो चुम्बन दृश्य राखे हुन्थ्यो होला भन्ने कति नायकले सपना देख्दा हुन् । त्यस्तो सपना नायक राज तिमिल्सिनाको पहिलो चलचित्रमै पूरा भएको छ । चलचित्र 'सिलसिला'मा उनले नायिका सोनिया केसीसँग मज्जाले 'किस' गरेका छन् । राजेन्द्र उप्रेतीको निर्देशनमा रोमान्टिक हुँदै राजले सोनियालाई चुम्बन गर्छन् । सोनिया पनि के कम ? उनले पनि राजको अधरपान गरिन् । भनेपछि पहिलो चलचित्रबाटै राज र सोनियाले 'किसिङ नायक–नायिका'को छाप छाड्ने भए ।





# राष्ट्रिय चलचित्र महोत्सव

पोखरा- चलचित्रका लागि प्राकृतिक स्टुडियो नै सावित भएको पोखरामा चलचित्र क्षेत्रसँग सम्बन्धित सबै चलचित्रकर्मीको जमघट हुने भएको छ । यो अवसर चलचित्र पत्रकार संघले जुराउन लागेको हो । भदौ २७ देखि पाँच दिनसम्म रमणीय नगरी पोखरामा दोस्रो राष्ट्रिय चलचित्र महोत्सव गर्न लागेको संघका केन्द्रीय अध्यक्ष शान्तिप्रियले पोखरेली सञ्चारकर्मीहरूलाई जानकारी गराए । महोत्सव स्थानीय सभागृहमा हुनेछ ।

नेपाली चलचित्र र पोखरा एक-अर्काका परिपूरक भएकै कारण पनि महोत्सव पोखरामै गर्ने चाँजोपाँजो जुरेको हो । किन पोखरामै भन्ने प्रश्नमा संघका अध्यक्ष शान्तिप्रिय भन्छन्- 'पोखरालाई चलचित्रमय बनाउन र आन्तरिक पर्यटन प्रवर्द्धन गर्न ।' राजधानीमा मात्र चलचित्र उद्योगलाई सीमित नराखी मोफसलमा विस्तारित गर्दै लाने उद्देश्यसहित हुन लागेको महोत्सवको चहलपहल प्रारम्भ भैसकेको छ । यसअघि पहिलो पटक ०५९ सालमा काठमाडौंमा सातदिने चलचित्र महोत्सव भएको थियो । मुलुकको असहज अवस्थाका कारण त्यसपछि महोत्सव हुन सकेको थिएन । यसपटक पाँच वर्षको अन्तरालपछि दोस्रो पटक महोत्सव हुन लागेको हो । पाँचदिने महोत्सवमा प्रभातफेरि, नेपाली चलचित्र एवं संगीत उद्योगसँग सम्बधित स्टलहरू, फ्लेक्स प्रिन्ट, पुराना चलचित्र र चलचित्रकर्मीहरूका तस्बिर तथा पोस्टकार्ड प्रदर्शन, चलचित्रको मुहूर्त, गीति क्यासेट विमोचन तथा स्थानीय लोकसांस्कृतिक कार्यक्रमहरू सम्पन्न गरिनेछन् । त्यस्तै चलचित्र कलाकारबीच अन्तर्क्रिया, चलचित्र प्रदर्शनका साथै डुङ्गा र्‍याली कार्यक्रमको विशेष आकर्षण रहनेछ ।

# सुटिङको रमाइलो



एउटा सहरिया ठिटो गाउँकी सुन्दर युवतीसँग प्रेम सम्बन्धमा बाँधिएको हुन्छ । ती युवतीलाई भेट्न ठिटो कहिल्यै नपुगेको गाउँ पुग्छ । अनि गाउँले जीवन शैलीसँगै अघि बढ्छ उनीहरूको प्रेमप्रसंग । उनीहरूको प्रेमालापको थलो बनेको छ इलामका सुन्दर चियाबगान र रमणीय स्थलहरू । 'मेरो एउटा साथी छ' चलचित्रको यस्तै कथाको छायांकन इलाममा भयो । साँझ नपर्दै चियाबारी क्षेत्रमा भीड लाग्न थालिसकेको हुन्थ्यो । दस काम छाडेर बालकदेखि तन्नेरी र बूढापाकासमेत भीडमा देखिन्थे । कुनै अनौठो घटना नै भए जस्तो । त्यो अथाह भीडको एउटै उद्देश्य चलचित्र सुटिङको मज्जा लिने र पर्दामा देखिने नायक-नायिकालाई नजिकबाट नियाल्ने हुन्थ्यो ।

हलको अभावमा नेपाली चलचित्र कमै हेर्ने यहाँका बासिन्दाले सुटिङ र कलाकारप्रति भने ठूलै चासो देखाए । स्थानीय बासिन्दाहरूको उत्साहले हौसला थप्यो, निर्देशक सुदर्शन थापाले बताए । इलाम जिल्लाका कन्याम, फिक्कल, करफोक, श्रीअन्तु, पौवा आदि क्षेत्रमा चलचत्रको सुटिङ गरियो । 'राजधानी र पोखराबाहेक अन्य क्षेत्रमा कमै सुटिङ हुने गरेका छन्,' निर्देशक थापा भन्छन्- 'इलामजस्ता सम्भावना बोकेका क्षेत्रलाई पनि चलचित्रले उठाउन सक्नुपर्छ भन्ने उद्देश्यले यहाँ सुटिङ गरिएको हो ।' चलचित्रको ८० प्रतिशत दृश्य इलामको रहनेछ ।

अभिनयका क्रममा इलाममा पहिलो पटक पुगेका कलाकारहरूले पनि खुबै रमाइलो माने । 'नेपालकै पुरानो चियाबारी तथा मुलुकमा पहिलो पटक घामको झुल्का छर्ने अन्तुको दृश्यले चलचित्रमा र ौनक थप्नेछ,' नायक आर्यन सिग्देलले । नायिका नम्रता श्रेष्ठ पनि सुटिङका लागि चियाबारीको गाउँ आउन पाएकोमा मख्ख परिन् । श्रेष्ठ भन्छिन् 'प्रेमकथामा आधारित चलचित्रमा यहाँको मनोरम दृश्यले सुनमा सुगन्ध थप्नेछ ।'

– विप्लव भट्टराई

इलाम– थुम्का-थुम्का डाँडाहरूमा आँखाले भ्याएसम्मका चियाका हरिया बुटाहरू, अन्तुडाँडाबाट उदाउने सूर्योदयको पहिलो लालीकिरण, डाँडाकाँडाभरि कोणधारी सल्लाघारी, नागवेली सडक खण्ड, पुराना बौद्धगुम्बा र मन्दिरहरू, कञ्चनजङ्घाको मनोरम दृश्य आदिलाई क्यामेरामा कैद गरेर नेपाली दर्शकलाई नौलो स्वाद चखाउन चलचित्र निर्देशक सुदरर्शन थापा इलाम पुगे । उनले त्यहाँ चलचित्र 'मेरो एउटा साथी छ' को सुटिङ गरे । प्राकृतिक सुन्दरता र स्थानीय जनजीवनको यथार्थतालाई विषयवस्तु



वनाएर चलचित्र सुटिङ गर्न इलाम पुग्ने निर्देशक थापा एक्ला वा पहिलो चलचित्रकर्मीचाहिँ होइनन् ।

इलामलाई चलचित्र सुटिङका लागि उत्कृष्ट स्थान मानेर यसअघि दर्जनभन्दा बढी चलचित्र तथा गीतको भिडियो सुटिङ्ग भैसकेका छन् । पर्यटकीय दृष्टिकोणले उत्कृष्ट मानिने इलाममा मुलुकको राजनैतिक स्थिति सुध्रँदै गएपछि चलचित्र तथा गीतको भिडियो सुटिङ गर्ने क्रम बढ्दो छ । गत वर्ष मात्र पनि चर्चित गायक कुवेर राई, पुजन प्रधान आदिका गीतहरू इलामकै डाँडाहरूमा सुटिङ्ग भैसकेका छन् । इलामको प्राकृतिक सुन्दरतालाई उत्कृष्ट मानेर यो ठाउँलाई केही माथि उठाउन आफूले 'मेरो एउटा साथी छ' को सुटिङ त्यहाँ गरेको निर्देशक थापाले वताए ।

यसअघि पनि तुलसी घिमिरेले निर्देशन गरेको चलचित्र 'मीतज्यू', लक्ष्मीनाथ शर्माको 'साथी', केशव भट्टराईको 'पुकार' र 'वरपीपल', 'आमाको काख', 'दिदी', 'सम्झना' आदि दर्जनौं चलचित्र तथा म्युजिक भिडियोहरू इलामका डाँडाहरूमा सुटिङ भैसकेका छन् । सुटिङका लागि नयाँ विषयवस्तु र स्थान पाउन सकिने इलामको माइपोखरी, माइखोला, पौराणिक इतिहास बोकेको बौद्धधाम गुम्बा, विभिन्न जातजाति, मिहेनती किसान, नागवेली कालोपत्रे सडक, हरिया चियाबारी सुटिङका लागि आकर्षक स्थल हुन् ।

सधैं राजधानीभित्र र आसपासका पर्यटकीय स्थललाई मात्र 'सुटिङ स्पट' बनाउनेहरूका लागि इलामभित्र नौलो स्वाद मिल्न सक्ने गायक कुवेर राई बताउँछन् । राजधानीबाट करिब ६ सय किलोमिटर टाढा रहेको इलाम पुग्नेहरूले नेपालीको बसोबास रहेको दार्जीलिङबाट पनि नौलो स्वाद दिन सक्ने स्थानीय पत्रकार हरि लुइँटेल बताउँछन् । पत्रकार लुइँटेल भन्छन्- 'इलाम र दार्जीलिङको प्राकृतिक सुन्दरता एवं स्थानिय परिवेशले दर्शकहरूलाई नयाँपन दिन सक्छ ।'

पर्यटकीय दृष्टीकोणले अग्रणी मानिने इलामको ग्रामीण परिवेश, सधैं व्यस्त रहने जनता, पारिपट्टी दार्जीलिङ्गेहरूको रहनसहन, भाषाशैली, युवापुस्तामा पाइने नयाँपन तथा प्राकृतिक सुन्दरताले कुनै पनि चलचित्र वा म्युजिक भिडियोलाई नयाँ बनाउन सहयोग पुर्‍याउँछ ।

–युवराज गौतम

# छानिए काभ्रेका लिटिल क्विन एन्ड मास्टर किङ





गत शनिबार बनेपास्थित मयूर चलचित्र मन्दिरभित्र उल्लेख्य संख्यामा उपस्थित दर्शकहरूका माझ गायक मिङ्मा शेर्पाले एकपछि अर्को गर्दै आफ्ना चर्चित तीनवटा गीत प्रस्तुत गरिसकेपछि पनि दर्शकदीर्घाबाट वान्स मोरको आवाज आउने क्रम रोकिएको थिएन । एकातिर यो सांगीतिक रमाइलो थियो भने अर्कातिर लिटिल क्विन एन्ड मास्टर किङका प्रतिस्पर्धीहरूको आत्मविश्वासले भरिपूर्ण प्रस्तुति प्रशंसनीय थियो । ३१ जना बालिका र २७ जना बालकबीच यो प्रतिस्पर्धालाई द एरो मोडलिङ एजेन्सीले प्रस्तुत गरेको थियो ।

नृपेश बादे, राजकुमार खाचिमाया तथा अनोज पोतेको संयुक्त आयोजनामा सम्पन्न उक्त प्रतियोगितालाई सिद्धान्त घिमिरेले कोरियोग्राफी गरेका थिए । परिचयात्मक चरण, बेस्ट ड्रेस, टपटेन हुँदै अन्तिम चरणमा पुगेका ५-५ जना बालबालिकाले उपस्थित निर्णायकहरूको प्रश्नको सामना गरेपछि अन्ततः विजेताको निर्क्योल गरियो । जसअनुसार दीक्षा थापा र शेखर अधिकारी क्रमशः काभ्रेका लिटिल क्विन र मास्टर किङ छनौट भए । भ्युअर च्वाइसतर्फ भने रिया मानन्धर र स्वरूप शाक्य लिटिल क्विन एन्ड मास्टर किङ भए ।

प्रतियोगितामा रिया मानन्धर र अमृत थापा फस्ट रनरअप तथा आस्था बेन्जु र स्वरूप शाक्य सेकेन्ड रनरअप छनौट भए । अन्य उपाधिमा मेरिशा कायस्थ र रविषेक श्रेष्ठ बेस्ट ड्रेस, नूतन श्रेष्ठ र राहुल पुनिया डिसिप्लिन, सुविना श्रेष्ठ र अभय मानन्धर फ्रेन्डली, सुस्मिता वैध र निश्चल बस्नेत बेस्ट फोटोजेनिक, अतुशा शाक्य र इशान श्रेष्ठ युनिक, सृष्टि बाडे र सुधीर चौलागाईं क्याटवाक, भूमिका आचार्य र उज्ज्वल चिमुरिया क्युट, सिजा श्रेष्ठ र अञ्जना थापा बेस्ट स्माइल, सनिशा भुजेल र सुशान्त तिमिल्सिना टचालेन्ट तथा जानम श्रेष्ठ र सजित प्रजापति बेस्ट हेयर घोषित भए ।

## लभ गुरु रेखा



पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

म प्लस टु अध्ययन गर्ने १९ वर्षीया किशोरी हुँ। मेरो एक जना विवाहित पुरुष साथी छ। म उसकी श्रीमतीलाई सम्मान गर्छु। म उनको खुसी पनि खोस्न चाहन्नँ। यद्यपि मेरो पुरुष साथी भने मसँगको मित्रतालाई प्रेमको रूप दिन चाहन्छ। ऊ मसँग शारीरिक सम्पर्क राख्ने इच्छा राख्छ। मैले उसको प्रस्तावलाई बाम्बार अस्वीकार गर्दै आएकी छु। यसमा ऊ रिसाएको छैन। उसको यो व्यवहारले कतै उसको प्रस्ताव अस्वीकार गरेर गल्ती त गरिन भनेर पीर पनि लाग्छ। प्रेममा शारीरिक सम्पर्क आवश्यक छ ? कसैले आफूलाई साँच्चै माया गरेको हो कि शारीरिक आवश्यकता पूरा गर्न खोजेको कसरी थाहा पाउने ? मैले के गर्दा उचित हुन्छ ?

सुश्री पी.

तपाईंको समस्या पढेर म एकछिन विचलित भएँ। तपाईंको पत्रमा एकातिर आफ्नो साथीप्रतिको माया छ, अर्कातर्फ उसको आग्रह छ। तपाई उसलाई माया गर्नुहुन्छ र शारीरिक सम्बन्ध नभएका कारण ऊ टाढिएला भन्ने चिन्तामा पनि हुनुहुन्छ। लेखपढ गर्ने, अगाडि बढ्ने यो उमेरमा यस प्रकारको समस्याले तपाईंको भविष्य बिगार्छ। तपाई समस्यामा परेको देखेर म पनि चिन्तित भएकी छु।

तपाईंको विवाहित साथीको शारीरिक आवश्यकता पूरा भएको छैन भनेर मान्न म तयार छैन। किनभने उसको घरमा श्रीमती छिन्। वास्तवमा आम पुरुषजस्तै ऊ पनि असन्तोषी एवं कामुक मानिस हो भन्ने तपाईंले बुझ्नुपर्छ। तपाईंले उसको घर बिगार्न नचाहने, उसकी श्रीमतीलाई सम्मान गर्ने कुरा बताएर आफ्नो निश्चल माया पनि दर्साउनुभएको छ। यदि शारीरिक सम्बन्ध स्थापित नभएकै कारण तपाईंसँग त्यो पुरुष रिसाउँछ भने त्यो मानिसको नियत ठीक छैन भन्ने बुझ्न आइतबार पर्खनु पर्दैन। अब रह्यो, उसले तपाईंलाई साँचो माया गरेको हो कि होइन भन्ने कुरा, त्यसका लागि तपाईंले कुनै युवा पुरुषलाई आफूले मन पराएको कुरा गर्नुहोस्। उसँग सहयोग माग्नुहोस्। यस्तो अवस्थामा उसको कस्तो प्रतिक्रिया हुन्छ ? यदि तपाईंको प्रेमलाई उसले बिनास्वार्थ सहयोग गर्न चाह्यो भने उसँगको मित्रता ठीक छ, होइन भने यो मित्रताले तपाईंलाई गलत बाटोमा लिएर जाने निश्चित छ।

## फिल्मी खबर



• दुई शक्तिशाली गुटबीचको लडाइँलाई निर्देशक रामजी लामिछानेले पर्दामा उतारेका छन्। लामिछानेको निर्देशनमा बनेको चलचित्र 'राज्य'मा दुई गुटबीचको द्वन्द्व देखाइएको छ। यो द्वन्द्वप्रधान चलचित्रका द्वन्द्व निर्देशक राजेन्द्र खड्गी हुन्। चलचित्रमा रमित ढुंगाना र विक्रान्त बस्नेतको एउटा गुट भने सुमन सिंह र उषा पौडेलको अर्को गुट हुन्छ। उनीहरूबीचको 'ग्याङ्फाइट' नै चलचित्रको बिषय हो। टोल-टोलमा हुने दादागिरी तथा गुण्डागर्दीका नकारात्मक पक्षलाई चलचित्रमा उठाउन खोजिएको निर्माता प्रभुशमशेर राणाले बताए। भदौ महिनाको अन्तिमसम्ममा चलचित्र सार्वजनिक गर्ने योजना छ।

• गत सोमबार मुम्बईको बोरिवली पश्चिमस्थित प्रवोधन ठाकरे नाट्यमन्दिरमा चलचित्र सहिद प्रदर्शन गरियो। यो चलचित्र माओवादी जनयुद्धको घटनाक्रम र नेपाली जनताले भोग्नुपरेको समस्यामा केन्द्रित छ। चलचित्रको मुख्य पात्र नायक दिलीप रायमाझी, गणेश उप्रेती, सुशील पोखरेल आदि छन्। विजय बस्नेतको लेखन तथा निर्देशन रहेको यो चलचित्रलाई मुम्बईमा माईक्रो भिजन इन्टरटेनमेन्ट प्रा.लि.ले प्रदर्शन गरेको हो। नेपाली चलचित्र क्षेत्रको विकासका लागि माइक्रो भिजन इन्टरटेनमेन्ट प्रा.लि.ले आगामी दिनमा समेत अन्य नेपाली चलचित्र यसैगरी भारतभरि प्रदर्शन गर्ने लक्ष्य रहेको जनाएको छ। व्यावसायिक रूपमा चलचित्रको प्रदर्शन अत्यन्तै सफल रहेको माइक्रो भिजन इन्टरटेनमेन्ट प्रा.लि.का राममणि सुवेदीले जनाए।

• 'हिम्मत' र 'किस्मत' जस्ता वर्षकै सुपरहिट चलचित्रहरूको निर्माण गरिसकेपछि नायिका रेखा थापाको चलचित्र निर्माण कम्पनी रेखा फिल्म्सले चलचित्र 'हिफाजत' निर्माण गर्दैछ। यही असार ३० गतेदेखि छायाङ्कन आरम्भ गरिने उक्त चलचित्र ज्ञानेन्द्र देउजाले निर्देशन गर्दैछन्। चलचित्रमा आर्यन सिग्देलका साथ एक जना नयाँ नायक आयुष रिजालले अभिनय गर्नेछन्। निर्मात्री रेखा थापा तथा अभिनेता नीर शाहको पनि चलचित्रमा मुख्य भूमिका रहनेछ। 'हिफाजत' मा महेश खड्काको संगीत, राजेन्द्र खड्गीको द्वन्द्व तथा वसन्त श्रेष्ठ र कविराज गहतराजको नृत्य निर्देशन रहनेछ।

हेर्दा राम्रो र कुरा बुझ्ने, शिक्षित, मेरो पेसाप्रति कुनै शंका नगरी मेरा प्रशंसकहरूलाई सम्मान गर्ने ।

**उदेश श्रेष्ठ, गायक**

नङ काटेका, कपाल पालेका, फुर्तिला, ब्युटिपार्लर नजाने, पूरा लुगा लगाउने, मेकअप नगर्ने अर्थात् प्राकृतिक रूपमै सुन्दर युवती मलाई मन पर्छन् ।

**जितु नेपाल, हास्यकलाकार**

सर्वप्रथम त युवतीमा आकर्षण हुनुपर्‍यो, दोस्रो कुरा इमोसनल हुनुपर्छ अनि सफा छाला र स्मार्ट, समझदार, शिक्षित, मिलनसार, लभिङ र केरिङ हुनु आवश्यक छ ।

**जबिक, गायक**

(हाँसो) अँ ..अब कस्तो भन्ने खै ? साधारण, सबैलाई सम्मान गर्ने आफ्नो मान-सम्मानमा बस्ने खालका युवती मन पर्छन् ।

**यश कुमार, गायक**

सर्वप्रथम त व्यावहारिक हुनुपर्‍यो, समझदार, साधारण र हेर्दा भलाद्मी भए मलाई पुग्छ ।

**मिग्मा शेर्पा, गायक**

## केवल एक प्रश्न

# तपाईंलाई कस्ती युवती मन पर्छिन् ?



## जम्का भेट

गायिका सपनाश्री दुई वर्षयता अमेरिकाको न्युयोर्क सहरमा छिन। आधुनिक, विभिन्न भाषाभाषी, चलचित्र तथा बाल गरी कुल १ हजार भन्दा बढी गीतमा स्वर दिएकी सपनाश्री न्युयोर्कमा पनि गायन पेसामै व्यस्त छिन्। सपनाश्री सात समुन्द्रपारि भए पनि आफू नेपाली श्रोतामाझ नै रहेको बताउँछिन्।

**अमेरिका आएको कति भयो ?**

दुई वर्ष ।

**के नेपाली श्रोताहरूले अब सपनाश्रीलाई बिसिर्दिए हुन्छ ?**

सपनाश्री हिजो पनि नेपाली श्रोताहरूको मनमा थिई, आज पनि त्यो दिलबाट कहीं–कतै टाढा छैन । भौतिक शरीर अमेरिकामा भए पनि मन भने नेपाली श्रोताबीचमै छ । श्रोताहरूलाई यति टाढा रहे पनि नयाँ–नयाँ गीतहरू दिइरहेकी छु ।

**अमेरिका बसाइमा कतिवटा नेपाली गीतमा स्वर दिनुभयो ?**

आधा दर्जनभन्दा बढीमा ।

**के नयाँ एल्बमको तयारीमा हो ?**

अब छिट्टै नै आधुनिक गीतको एल्बम सार्वजनिक गर्दैछु ।

**के अब नेपाललाई बिर्सिएकै हो त ?**

नेपाल नदख्दैमा त्यो रूपमा नलिँदा हुन्छ, सात समुन्द्रपारि भए पनि मेरो रगतमा नेपाली माया छ । नेपाललाई बिर्सने भन्ने त कल्पना पनि गर्न सकिँदैन । के हामीले आफ्नी आमालाई बिर्सन सक्छौ ?

**के काम गर्नुहुन्छ अमेरिकामा ?**

न्युयोर्कस्थित एक नेपाली रेस्टुराँमा गायिकाका रूपमा काम गर्छु भने नेपालीहरूले आयोजना गरेका विभिन्न सांस्कृतिक कार्यक्रममा पनि सहभागी हुन्छु ।

**नेपालमा बस्ने श्रोताहरूलाई के भन्न चाहनुहुन्छ ?**

म मेरा आदरणीय श्रोताहरूभन्दा पर छैन । आगामी दिनमा अझ मीठा–मीठा नेपाली गीत लिएर आउनेछु ।

–विष्णुप्रसाद पौडेल






# पहाडी सहरमा ग्ल्यामर मोह

पहाडी सहर लमजुङमा पनि मोडलिङको जगजगी बढेको छ । यद्यपि सानो क्षेत्र भएकाले केही खुला कपडा लगाउँदा जनमानसले हेर्ने दृष्टिकोण फेरिन सकेको छैन । करिब छ महिनाअघि यहाँ खुलेको साइबर लमजुङ डटकमसँगै जिल्लामा ग्ल्यामरको क्षेत्र फस्टाउन थालेको हो । स्थानीय युवती मोहिनी गुरुङले सञ्चालनमा ल्याएको यो वेबसाइटमा तस्बिर खिचाउने युवतीहरूको संख्या पनि बढ्न थालेको छ । कतिपयका अभिभावकले भने सन्तानको इच्छा भए पनि तस्बिर खिचाउन अनुमति दिएको पाइँदैन ।

मोहिनीले फेसन र ग्ल्यामरको क्षेत्रलाई अघि बढाउन वेबसाइट खोलेर आफ्नो तर्फबाट पहल गरिन् । उनी यतिबेला वेबसाइटलाई पूर्ण रूपमा फेसन र मोडलिङका रूपमा विकास गर्न लागिपरेकी छिन् । अहिले समयको माग नै यस्तै ग्ल्यामर र फेसन साइटहरू सर्च गर्नु रहेको छ । युवा पुस्ताको चाहना बुझेर नै उनले वेबसाइट सञ्चालनमा ल्याएकी हुन् ।

हिजोआज भने बिस्तारै धेरैको मानसिकतामा सकारात्मक परिवर्तन आएको छ, वेबसाइटकी सञ्चालिका गुरुङ भन्दै थिइन्- 'अब पहाडी सहरमा पनि ग्ल्यामरको रंग चढेको छ।' मोडलिङमा छाडापनलाई मान्यता दिने पक्षमा भने उनी छैनन्।

लमजुङमा स्थापना भएका आधा



दर्जनभन्दा बढी ब्युटीपार्लरले पनि फेसन र ग्ल्यामर क्षेत्रलाई अघि बढाउन मद्दत गरिरहेका छन् । ब्युटीपार्लरको विकासले पनि यहाँ फेसनप्रतिको आमधारणामा परिवर्तन आउन थालेको स्थानिय ब्युटीसियनहरू बताउँछन् । सुन्दर बन्नका लागि ब्युटीपार्लर भए पनि स्टाइलिस्ट पहिरनका लागि भने पोखरा वा राजधानी नै पुग्नुपर्ने बाध्यता भने कायमै छ ।

पहिलो पटक फोटोसेसन गरेर इन्टरनेट मोडलिङमा छाएकी बेसीसहरकी १६ वर्षिया मेरिन गुरुङलाई ग्ल्यामरको क्षेत्र औधी मन पर्छ । उनलाई यस क्षेत्रमा लाग्न घरपरिवारले पनि उत्तिकै सपोर्ट गरेको छ। फोटोसेसन गर्दा कतिले त उनलाई के नक्कल पार्ने फेसनतिर लागेको भनेर खिस्सीटिउरी पनि गरे । मेरिन भन्छन्- 'इन्टरनेट मोडलिङ गरेपछि धेरैले चिन्न थाल्दा खुसी लागेको छ।' अहिले उनलाई केही म्युजिक भिडियोहरू खेल्ने अफर पनि आइरहेको छ।

मोडलिङ र फेसनको क्षेत्रमा जम्न राजधानीमै बस्नुपर्छ भन्ने पनि केही छैन । गर्न सक्ने हो सानो क्षेत्रमा बसेर पनि गर्न सकिन्छ, भर्खर मात्र फोटोसेसन गरेर मोडलिङको संसारमा हुत्तिएकी विना गुरुङ भन्दै थिइन् । लमजुङमै फोटोसेसन गरेकी दमौली तनहुँकी उमिता तिवारी भन्छिन्- 'अब मोडलिङमै लाग्ने योजना बनाएकी छु।'

जिल्लाकै नाममा यहाँ साइबर लमजुङ डटकमसँगै अर्को मेरो लमजुङ डकटम पनि छ, तर यो लमजुङको नाममा प्रवासबाट सञ्चालित भएको छ। यसका सञ्चालकहरू साउदी अरबमा बसेर वेबसाइट हाँकिरहेका छन्। ग्ल्यामर र फेसनलाई साइबर लमजुङ डटकमले बढी प्राथमिकता दिएको पाइन्छ। वेबसाइट सञ्चालनमा आएपछि मोडलहरूका लागि सम्पर्क गर्न हामी कहाँ आउन थालेका छन् ।

सानो सहर भए पनि हामी वेबसाइटमार्फत इन्टरनेट मोडलिङको विकास गर्न लागेका छौं, वेबसाइटका फोटोग्राफर तिलप्रसाद गुरुङ भन्छन्- 'सानो क्षेत्र भए पनि ग्ल्यामरको क्षेत्रमा आउन चाहने युवतीहरूको आकर्षण बढ्दो छ।' वेबसाइटले बालमोडललाई पनि प्राथमिकता दिएको छ। छ वर्षीया प्राप्ति र एलिना गुरुङको तस्बिर पनि उक्त साइटमा छ। ग्ल्यामरमा बामे सर्न थालेपछि जिल्लामा मनोरञ्जनात्मक कार्यक्रमहरू पनि हुन थालेका छन्। मनोरञ्जनात्मक गतिविधि जति भयो त्यति नै फेसन र ग्ल्यामरको क्षेत्र फस्टाउँछ, -कृतिका गुरुङले बताइन्।

**–शिव शर्मा**



## चलचित्र

### मि. मंगले



किशोर राना प्रभावशाली चलचित्र बनाउन जान्ने निर्देशकका रूपमा चिनिएका छन् । रानाको निर्देशनमा बनेको चलचित्र 'मि. मंगले' आज शुक्रबार सार्वजनिक हुँदैछ । मिरामल मिडियाको प्रस्तुति रहेको यो चलचित्रमा विरेन श्रेष्ठले शीर्ष भूमिका निर्वाह गरेका छन् । हास्यप्रधान प्रेमकथा तथा केही द्वन्द्वका दृश्य समेटिएको यो चलचित्रमा अर्का नायक दिवस उप्रेती पनि छन् । दुई नायकका दुईवटी नायिका पनि छन्– रेखा थापा र अरुणिमा लम्साल । चलचित्रमा मंगले साधारण परिवारको युवक भए पनि आत्मविश्वासको धनी हुन्छ । चलचित्रको कथा उसकै वरपर घुम्छ । नायक विरेनले आफ्नो कार्यक्षमता देखाउन सुनील सिटौलासँग मिलेर यो चलचित्र निर्माण गरेका हुन् । यो चलचित्रका लेखक युगेश रायमाझी, संगीतकार प्रमोद खरेल र राम कार्की, द्वन्द्व निर्देशक हिमाल केसी, छायाँकार रामशरण उप्रेती, नृत्य निर्देशक वसन्त श्रेष्ठ तथा सम्पादक विपिन मल्ल हुन् । यो चलचित्रले प्रदर्शनअगावै पर्याप्त चर्चा पाएको छ ।

### रुम नम्बर थर्टिन

तपाईं भूतप्रेतमा कत्तिको विश्वास गर्नुहुन्छ ? यही भ्रमको पर्दा खोल्न भिडियो चलचित्र रुम नम्बर थर्टिन निर्माण भएको छ । यो भिडियो चलचित्रको कथा पोखराका स्थानीय मोडल तथा नायक दीपेन्द्र श्रेष्ठले लेखेका हुन् । रुम नम्बर थर्टिनले भूतप्रेत तथा परम्परागत रूढिवादी सोचाइमा मानिस कसरी भ्रमित हुन्छन् भन्ने कुरा प्रस्तुत गरेको छ । वीरेन्द्र फिल्म्स् प्रोडक्सनको ब्यानरमा निर्माण भएको यो भिडियो चलचित्र नारायणघाटको एउटै घरभित्र छायांकन गरिएको छ । एकै स्थलमा छायांकन भए पनि प्रस्तुतिमा निर्माण पक्षले पृथक्ता प्रस्तुत गर्न खोजेको छ । सरस्वती बरालले निर्माण गरेको चलचित्रमा दीपेन्द्र श्रेष्ठका अतिरिक्त वीरेन्द्र सुवेदी, शर्मिला बस्नेत, बलराम बस्नेत, सजना नेपाली आदि कलाकारले अभिनय गरेका छन् । ५ लाखको लागतमा बनेको रुम नम्बर थर्टिनको निर्देशन तथा छायांकन दीपकमान उदासले गरेका हुन । नम्बर थर्टिन भन्नेबित्तिक्कै विदेशतिर अनलक्की मानिन्छ निर्मात्री सरस्वती बरालले भनिन्- 'यो हरर मुभी हो ।' रुम नम्बर थर्टिनमा पहिले कुनै घटना घटेको हुन्छ त्यही घटनाको झझल्कोले पछि डर-त्रास पैदा गराएको भ्रमको पर्दा यो भिडियो चलचित्रले उतारेको छ ।

### अन्धोपन



नेपाली चेलीबेटीहरूलाई बम्बईमा लगेर बेच्ने र सोझो गाउँलेलाई फसाई जेलमा हाल्ने कार्यमा लागेका गाउँका टाठाबाठाहरूको भण्डाफोर गर्न अन्धाको अभिनय गरेका अर्जुनले नीराजनको सहायताले केटी बेच्ने दलाललाई कानुनको दायरामा पारेरै छोड्छन्, चलचित्रमा नायिकाको प्रवेश भएपछि कथा अझ रोमाञ्चक बन्दै जान्छ । धनकुटा र आसपासका दृश्यहरूलाई क्यामेरामा कैद गरेर निर्माण गरिएको यो भिडियो चलचित्रमा धनकुटाकै स्थानीय कलाकारहरूले अभिनय गरेका छन् । कन्काई फिलिम्स प्रा.लि.को ब्यानरमा निर्मित यो चलचित्रमा सूर्यनारायण शाहको निर्देशन, गीता देवी मेहेता र मायादेवी मेहेताको संयुक्त लगानी छ । त्यसैगरी यो भिडियो चलचित्रमा नीराजन कार्कीको द्वन्द्व, कुन्दनकुमार पप्पुको छायाङ्कन, मनोजराज भगतको नृत्य-निर्देशन हेर्न पाइन्छ । अन्धोपनका कथाकार नीराजन मेहता 'मञ्जित' एवं प्रस्तुतकर्ता रामचन्द्र मेहता हुन् । गीत तथा संगीत भुवन ढुंगेल र राजु श्रेष्ठले दिएका छन् । चलचित्रमा भुवन ढुंगेल, प्रकाश पौडेल, राजु श्रेष्ठ, प्रणीता तामाङ तथा सिर्जना गुरुङको स्वर सुन्न सकिन्छ । चलचित्र अन्धोपनमा नीराजन मेहता आफैंले दोहोरो भूमिका निर्वाह गरेका छन् भने नायिकाको भूमिकामा कल्पना शाक्यलाई देख्न सकिन्छ ।

## सानो पर्दा

• कान्तिपुर टेलिभिजनबाट प्रसारण भैरहेको पारिवारिक टेलिश्रृंखला 'संस्कार'को ३२औं भाग प्रसारण भैसकेको छ । गायक बाबु बोगटीलगायत सौजन्य सुब्बा, अञ्जु केसी, ज्योत्सना भट्ट, मोनिका शर्मा, सुशील खड्का, सविन पन्त आदिले अभिनय गरेको यो श्रृंखलाका निर्देशक रेशराज आचार्य श्रृंखलाले पाएको सफलताबाट प्रेरित भएर अब अर्को पारिवारिक श्रृंखला बनाउने भएका छन् । 'सन्तान' शीर्षक राखिएको उक्त श्रृंखलाका लागि नयाँ कलाकारहरूको खोजी भैरहेको आचार्यले बताए ।

• नेपाल टेलिभिजन- २ मा विगत एक वर्षदेखि हरेक बिहीबार राति पौने दस बजे सांगीतिक कार्यक्रम 'संगीत वाटिका' प्रसारण हुने गरेको छ । कृपा आत्रेयले सञ्चालन गर्ने यो कार्यक्रम सात वर्षअघि नेपाल टेलिभिजनमा 'संगीत यात्रा' शीर्षकमा आउँथ्यो । जसलाई केही समयपछि नाम परिवर्तन गरी 'अनुरोध संगीत' राखियो । त्यसपछि 'संगीत वाटिका' शीर्षकमा नेपाल टेलिभिजनमा उक्त कार्यक्रम आउन थालेको थियो । आत्रेयकै निर्माण तथा सञ्चालनमा आएको यो कार्यक्रम एक वर्षअघि मात्र नेपाल टेलिभिजन-२ मा सारिएको हो । कार्यक्रममा हरेक साता एक जना संगीतकर्मीलाई अतिथिका रूपमा बोलाइन्छ र उनीसँग अन्तरंग कुरा गर्दै दर्शकले पठाएका इमेल तथा पत्र पढ्दै विभिन्न गीतका म्युजिक भिडियोहरू बजाइन्छ ।

• सौन्दर्य प्रतियोगिताका अधिकांश विजेता टेलिभिजन कार्यक्रमका सञ्चालिका भएका छन्, त्यसमा पनि कतिपयले चर्चा पनि पाएका छन् । इमेज च्यानलमा प्रसारण हुने गरेको सौन्दर्य, फेसन तथा मोडलिङसम्बन्धी कार्यक्रम 'ग्ल्यामर एन्ड स्टाइल'मा पनि सौन्दर्य प्रतियोगिता 'मिस नेवा'की विजेता सुप्रिया तुलाधर सञ्चालिकाका रूपमा देखिन थालेकी छिन् । विगत केही सातादेखि मिस नेवा तुलाधरले सञ्चालन गरिरहेको उक्त कार्यक्रम हरेक बिहीबार राति प्रसारण हुने गरेको छ ।

• च्यानल नेपालमा धेरैजसो कार्यक्रम पप तथा आधुनिक गीतहरूसँग सम्बन्धित रहने गरेका छन् । त्यसमा पनि हरेक दिन बिहान दस बजे र साँझ पाँच बजे प्रसारण हुने गरेको कार्यक्रम 'एसएमएस रिक्वेस्ट'मा दर्शकहरूले मोबाइलबाट सन्देश पठाएर अनुरोध गरेको म्युजिक भिडियो



बजाइन्छ । रक्षा खड्काले सञ्चालन गर्ने यो कार्यक्रमका अतिरिक्त हरेक दिन बिहान नौ बजे तथा दिउँसो तीन बजे र राति ११ बजे पुनःप्रसारण हुने गरेको कार्यक्रम 'हट रिक्वेस्ट'ले पनि चर्चा पाइरहेको छ । इमेलबाट दर्शकले पठाएका सन्देश पढ्दै उनीहरूकै रोजाइका म्युजिक भिडियोहरू प्रसारण गरिने उक्त कार्यक्रम कल्पना श्रेष्ठले सञ्चालन गर्छिन् । लोक-गीतसंगीतका कार्यक्रमहरूका कमी भए पनि केही समयभित्र यस्ता कार्यक्रमहरू दैनिक प्रसारण गर्ने योजना च्यानल नेपालको छ ।

## पहिलो विश्व



### बूढाको यौन नै राम्रो

जापानमा निर्माण हुने अश्लील चलचित्रको संसारमा ७४ वर्षीय सिगेओ टोकुदा लोकप्रिय नायक मानिन्छन् । कर्मचारी जीवनबाट अवकाश पाएपछि उनले आफ्नो फुर्सद अश्लील चलचित्र खेलेर बिताउँदै छन् । केही समयअघि हृदयाघात भएपश्चात् अश्लील चलचित्र खेल्न छोडे पनि अहिले उनी पुरानै अवस्थामा फर्किएका छन् । पछिल्लो १४ वर्षको अवधिमा उनले करिब ३ सय ५० अश्लील चलचित्रमा अभिनय गरिसकेका छन् । टोकुदा ८० वर्ष पुगुन्जेल यस्ता चलचित्र खेलिर हने बताउँछन् । अहिले जापानको अश्लील चलचित्रमा युवाको भन्दा पनि बुढ्यौलीले छोएका पुरुषहरूको माग बढिरहेको छ भने नायिकामा युवतीहरूकै बोलवाला छ ।

विश्व स्वास्थ्य संगठनले हालै जापानीहरूको यौनजीवनका बारेमा सर्वेक्षण गर्दा अनौठो निष्कर्ष निस्कियो । जापानीहरूमा कामप्रति बढेको लगावका कारण उनीहरूमा यौनप्रति कुनै उत्साह छैन । प्रत्येक चार विवाहित जोडीमा एक जोडीले एक वर्षदेखि यौनसम्पर्क राखेका छैनन् भने ५० वर्ष उमेर पुगेका ३८ प्रतिशतले त यौनसम्पर्क राख्न नै छोडिसकेको पाइयो । व्यक्तिगत यौन गतिविधि निराशपूर्ण भए पनि यहाँको यौन व्यवसाय भने फस्टाउँदो छ । एक अनुमानअनुसार अहिले जापानमा अश्लील चलचित्रको कारोबार वार्षिक १ अर्ब डलर (६८ अर्ब ५० करोड रुपैयाँ) बराबर छ, जसमा जापानको सुताया कम्पनीले मात्र मासिक ३ सयदेखि १ हजार अश्लील चलचित्र निर्माण गर्छ भने डीएमएम कम्पनीले ४ सय देखि २ हजार चलचित्र बजारमा ल्याउँछ । जापानमा निर्माण हुने अश्लील चलचित्रका पुरुष कलाकारको पारिश्रमिक बढी छ । जहाँ पुरुष कलाकारले प्रतिचलचित्र १ लाख डलर (६८ लाख ५० हजार) पाउँछन् भने महिला कलाकारले २ हजार डलर (१ लाख ३७ हजार रुपैयाँ) पाउने गरेका छन् ।

### अब डोममा आनन्द



भुक्तभोगीहरूका अनुसार मानिसको यौनलाई स्थानीय वातावरणले प्रभावित तुल्याउँछ । अझ घरबाहिर गरिने यौनसम्पर्कमा मानिसहरू चाहेर पनि खुल्न सक्दैनन्, किनकि उनीहरूमा त्यहाँ कुनै व्यवधान खडा हुन्छ कि भन्ने भय हुन्छ । यस्तै किसिमको समस्या भोगेर बाहिर गै यौन आनन्द लिन नसकेका मानिसहरूका लागि क्यालिफोर्नियामा लभ डोमको स्थापना भएको छ । ४२ वर्षीय चिकित्सक भिन्से बुग्लियोसिले ५ वर्षको मेहनतपश्चात् यसको निर्माण गरेका हुन् । यसमा ३० वटा कोठा छन्, जसको छत खुला छ । यो डोमको मुख्य विशेषता प्रेममा बाँधिएका जोडीलाई अरूले व्यवधान गर्न नसक्नु नै हो । डोमको कोठाभित्र फ्ल्याट स्क्रिन टेलिभिजन छ, जसमा कामोत्तेजक चलचित्रहरू आइरहेको हुन्छ । यदि त्यो मन परेन भने कामोत्तेजना जगाउने संगीत बजाउन सकिन्छ । यसैगरी त्यहाँ यौन चाहना बढाउने वायरपुल बाथटव पनि छ । जापानमा सञ्चालनमा रहेको लभ होटलबाट प्रभावित भए पनि यो डोम त्योभन्दा निकै अगाडि छ । यौनमा असन्तुष्टहरूका लागि त्यहाँ विभिन्न सेक्स टोय पनि राखिएको छ । यो डोममा प्रवेश गर्न चाहनेले घण्टाको २ हजार ७ सय रुपैयाँ शुल्क तिर्नुपर्ने हुन्छ ।

### अन्त्यमा...



महिला तथा पुरुषहरूले बढी के कुरा सोचिरहेका हुन्छन् ? भन्ने कुरा स्वभावअनुसार फरक-फरक मत आए पनि कतिपय कुरामा समान अवधारणा पनि आउन सक्छ । बहुराष्ट्रिय प्रकाशन कस्मोपोलिटेन्ट म्यागजिनले आफ्नो वेबसाइटमार्फत यही विषयमा गरेको सर्वेक्षणमा भने रोमाञ्चक नतिजा देखा पऱ्यो । सर्वेक्षणमा सहभागी १९ देखि ४५ वर्षसम्मका महिलाले अधिकांश समय किनमेल गरेको सोच्ने बताए तर पुरुषहरूले त्यो भन्दा फरक मत दिँदै आफूले अधिकांश समय यौनका विषयमा सोच्ने गरेको बताए । महिलाहरूले आफूले प्रत्येक एक मिनेटको फरकमा कुनै पनि कुरा किनमेल गर्ने विषयमा सोच्ने गरेको बताए तर पुरुषले यौनको ख्याल आफ्नो मस्तिष्कमा प्रत्येक ५२ सेकेन्डको फरकमा आउने गरेको बताए । पुरुषहरूले केवल यौनका विषयमा बताए पनि महिलाहरूले भने आफ्नो पार्टनरसँग सपिङ गर्न पाए हुन्थ्यो भन्ने कुरा पनि सोच्ने गरेको बताए । यो सर्वेक्षणअनुसार कुनै महिला ८ घन्टा सुत्छिन् भने उनले किनमेलका बारेमा दैनिक ९ सय ६० पटक सोच्छिन् ।

# सातालो स्वर



## अनिल स्थापित

**गीतारको धुनसँगै गीत कसरी रच्नुभयो ?**
पेसाले गीतकार नभए पनि संगीतलाई विषय बनाएर एउटा गीत लेखौं भन्ने पहिलेदेखि लागेको थियो, त्यसैले एकपटक यसो घोत्लिँदा यो गीत फुऱ्यो ।

**अरूको क्यासेट कभर डिजाइन गर्दागर्दै गीतकार बनेको त होइन ?**
मलाई पहिलेदेखि नै गीतकारहरू अरुण तिवारी, भूपेन्द्र खड्का, सुरेश राई, नीराजन उप्रेती र गायक राजीव लोहनीले गीत लेख्न उत्प्रेरित गर्थे । सायद त्यसैले पनि यो गीत रचियो ।

**गीतको भाव के छ ?**
एउटा युवाको संगीतकर्मी हुने चाहनालाई वर्णन गरिएको छ ।

**गीत गाउन राजेन पाण्डे नै किन रोज्नुभयो ?**
मिग्मा शेर्पा, राजीव लोहनीले पनि गाउन रुचि देखाएका थिए । राजेन आफैं गीतारवादक भएकाले गीतको भाव राम्रोसँग बुझेर गाउनसक्छ जस्तो लाग्यो । सतिश श्रेष्ठले संगीत पनि राम्रो दिए र राजेनले गाएको मलाई चित्त बुझेको छ ।

**म्युजिक भिडियोका कारण यो गीतले चर्चा पाइरहेको छ, हैन ?**
हो, असीम चित्रकारले गीतको भाव खुल्ने गरी म्युजिक भिडियो बनाउनुभएको छ ।

**गायक** रामकृष्ण ढकालले आफ्नो परम्परागत शैलीलाई परिवर्तन गर्दै गाएका गीतहरूको नयाँ संग्रह 'मेरो साथी' आगामी भदौ १ गते लोकार्पण गर्ने भएका छन् । लोकशैलीका आधुनिक गीत गाएर श्रोताका प्रिय बनेका गायक ढकालले यस पटक तन्नेरी श्रोताको मन जित्ने प्रयास गर्दैछन् । *साप्ताहिक*सँगको एक भेटमा उनले भने– 'समय अनुसार चल्नुपर्ने अहिलेको अवस्थालाई आत्मसात् गर्दै मैले यसपटक पाश्चात्य शैलीका अत्याधुनिक गीत गाएको छु ।' ढकालको यो संग्रहका सबै गीत न्ह्यु बज्राचार्यले संगीतबद्ध गरेका छन् ।

**कवयित्री** तथा गीतकार गीता त्रिपाठीले रचना गरेका गीतहरूको नयाँ संग्रह 'सारांश' गत शनिबार सार्वजनिक भएको छ । चलचित्र निर्देशक तथा गीतकार चेतन कार्कीले त्रिपाठीका गीतहरूको संग्रहका साथै कवितासंग्रह 'नृशंस पर्खालहरू' समेत विमोचन गरेका हुन् । विमोचित सिडीमा दीपक लिम्बू, कर्णदास, लासमित राई, कन्काइस्ट राई, नारायण लामा, जुना प्रसाईं, सुरेश मानन्धर, माण्डबी त्रिपाठी तथा बबिता मानन्धरको स्वर सुन्न सकिन्छ । संग्रहका गीतहरू रत्नबहादुरले संगीतबद्ध गरेका हुन् ।

**म्युजिक** भिडियो निर्देशन गरेर ख्याति आर्जन गरिरहेका आलोक नेम्बाङ अब चलचित्र निर्देशकका रूपमा स्थापित हुँदैछन् । उनले निर्देशन गरेको पहिलो चलचित्र 'सानो संसार' केही समयपछि दर्शकमाझ आउनै लाग्दा चलचित्रका गीतहरूको संग्रहको गत साता विमोचन गरिएको छ । चलचित्रकर्मिहरूको उल्लेख्य उपस्थिति रहेको उक्त समारोहमा चलचित्रका सबै गीतलाई म्युजिक भिडियोका रूपमा प्रदर्शन गरिएको थियो । पछिल्लो समयमा चलचित्रका संगीतले दर्शकहरूको मन नजितिरहेको परिपेक्ष्यमा यो चलचित्रमा एकै पटक सात जना संगीतकारलाई संगीत निर्देशन गर्ने अवसर प्रदान गरिएको छ । विमोचन समारोहमा दिइएको जानकारीअनुसार चलचित्रमा सचिन सिंह, राजु सिंह, सत्य-स्वरूप आचार्य, अनिल सिंह, जेम्स प्रधान तथा बाबु बोगटीले संगीत दिएका छन् । चलचित्रका गीतमा बाबु बोगटी, जगदीश समाल, सत्य-स्वरूप, अनिल सिंह तथा रिमा गुरुङको स्वर सुन्न सकिन्छ ।

**जनकविकेशरी** तथा लोकस्रष्टा धर्मराज थापाको नाममा अक्षयकोष स्थापना हुने भएको छ । जनकविकेशरी धर्मराज थापा अक्षय कोष-२०६४ शीर्षक राखिएको यो कोषबाट प्रत्येक वर्ष लोकलय संकलनको क्षेत्रमा लागेका एक-एक जना संगीतकर्मीलाई बर्सेनि सम्मान तथा पुरस्कार प्रदान गरिनेछ । कान्तिपुर हस्पिटलको पहलमा स्थापना हुन लागेको यो कोषको घोषणा निकट भविष्यमा गरिने बताइन्छ । कोष स्थापना भएको घोषणा भएकै दिन जनकविकेशरीको लय संकलनमा तयार पारिएको गीतिसंग्रह 'सल्लै हो जोबन कल्लाई हो' पनि सार्वजनिक हुनेछ । संग्रहका आठवटा लोकगीतमा गायिका ज्ञानु राणा तथा गायक युवराज गुरुङको स्वर सुन्न सकिन्छ ।

**कुनै** पनि गीतिसंग्रह तयार पार्न संगीतकर्मीले जति मेहनत गर्छ, त्यसको शीर्षक जुराउनसमेत उत्तिकै मेहनत गरेको हुन्छ । जुलुस गीत गाएर चर्चामा आएका गायक कुमार न्यौपानेले पनि त्यस्तै मेहनत गरेर आफ्नो नयाँ संग्रहको शीर्षक जुराएका छन् । चलनचल्तीका नामहरूभन्दा पृथक् बनाउन उनले आफ्नो नयाँ संग्रहको नाम नै 'क्याप्सुल' राखेका छन् । भर्खरै बजारमा आएको आफ्नो संग्रहमा विभिन्न शैलीका गीतको सम्मिश्रण भएकैले यसको शीर्षक 'क्याप्सुल' राखिएको उनले स्पष्ट पारेका छन् ।

**रेडियो** तथा टेलिभिजनमा कार्यरत जक्कीहरू रहरमा गायक-गायिका बन्ने लहर रोकिएको छैन । यद्यपि संगीत मात्र बजाउने एउटा रेडियो स्टेसनका रेडियो जक्की सौरभ रिजालले भने रहरभन्दा पनि क्यारियरकै रूपमा संगीतलाई अँगाल्ने निर्णय गरेका छन् । शिलाबहादुर मोक्तान, मोहन भुसाल, प्रकाश गुरुङजस्ता संगीतकर्मीबाट संगीतका विविध विधाको प्रशिक्षण लिएका सौरभ अब आफ्नो पहिलो एकल गीतिसंग्रह तयार पार्ने अवस्थामा आइपुगेका छन् । नेपाल टेलिभिजन-२ मा समेत भिडियो जक्कीका रूपमा काम गरिसकेका सौरभले आफ्नो पहिलो संग्रहका आधा दर्जनजति गीत रेकर्ड गराइसकेका छन् । राजु सिंह, भरत सिटौला, विवश पौडेल, राजेन पाण्डे आदि संगीतकारले तयार पारेका सृजनामा उनले आफ्नो स्वर दिइसकेका छन् ।

**त्यसो** त डम्फु नेपाली वाद्ययन्त्र हो, तर यसले तामाङ संस्कृतिको प्रतिनिधित्व गर्छ भन्ने कुरा पनि उत्तिकै सत्य हो । भनिन्छ, करिब ३० हजार वर्षअघि तामाङ पुर्खा पेङदोर्जे तथा रुइसाङबीच प्रेमलीला रचिने क्रममा काठमाडौंनजिकैको शिवपुरी जंगलबाट डम्फु बाजाको सिर्जना भएको हो । गत शनिबार राजधानीमा सम्पन्न 'तामाङ लोकबाजा डम्फुको सृष्टि, प्रयोग र तालहरू' शीर्षकको अन्तर्क्रिया कार्यक्रममा डम्फुको प्रचलनका सम्बन्धमा बहस चलेको थियो । वाद्य संस्कृतिविद् रामप्रसाद दर्नालको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा विभिन्न वक्ताले डम्फुको सृष्टिका सम्बन्धमा आफ्ना धारणासहितका कार्यपत्र प्रस्तुत गरेका थिए ।

## लाइभ शो

**हरेक** शुक्रबार ठमेलस्थित फन्की बुद्ध बार एन्ड क्याफेमा 'इलेक्ट्रोनिक ओपन एयर पार्टी' आयोजित हुने गरेको छ । यहाँ हाउस, ट्रान्स जस्ता संगीतको धुनमा हरेक शुक्रबार साँझ साढे सात बजेदेखि बिहान छ बजेसम्म स्वादिष्ट परिकार तथा पेय पदार्थको स्वाद लिदैं नाच्न पाइन्छ ।

**दरबार** मार्गस्थित क्लब प्लाटिनममा हरेक बुधबार 'साल्सा नाइट' हुन थालेको छ । जहाँ साल्सा कलाकार जिमी र माशाले राती आठबजेपछि साल्सा नाच्न सबैलाई प्रेरित गर्छन् ।

## अफबिट



अखिल नेपाल सञ्चार छापाखाना तथा प्रकाशन मजदुर संघ, कान्तिपुर पब्लिकेसन्स प्रा. लि. मूल एकाइ कमिटीको प्रथम वार्षिक उत्सवका अवसरमा जनवादी सांस्कृतिक समूह सेन्जेनका कलाकारहरूद्वारा सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिंदै । *तस्बिर : नवराज वाग्ले*

## ब्यान्ड बक्स



### क्राइसिस

अन्डरग्राउन्ड मेटल ब्यान्ड स्थापना गर्दा पोखराका यी तन्नेरीहरूलाई धेरैले खिस्साए । मेटल बिल्कुलै पृथक् शैलीको संगीत हो । यसमा स्वरसँगै बजाइने संगीत तथा इक्युपमेन्टहरूको शैली पनि अर्कै हुन्छ । नवीनतम स्वाद अनि चर्को गीतार प्रयोग हुने मेटलमा संगीत पनि चर्कै हुन्छ ।

संगीतमा नयाँपन दिन करिब दुई वर्षअघि खोलिएको क्राइसिस ब्यान्ड १९ देखि २२ वर्ष नकटेका युवाहरूले खोलेको ब्यान्ड हो । विशेषतः घरमा गिटार बजाउँदा-बजाउँदै युवाहरूले जोस्सिएर यो ब्यान्ड खोलेका हुन् । प्रविन नेपाली र उज्ज्वल नेपालीको विशेष पहलमा ब्यान्डको स्थापना भएको हो । ब्यान्डका भोकलिस्ट निशान रञ्जित हुन् भने बेस्ट गिटारमा ज्ञानदीप गुरुङ छन् । त्यस्तै गिटारमा महेन्द्र गुरुङ र प्रवीण नेपाली तथा ड्रममा रञ्जन गुरुङ छन् । यो खालको गीतको लक्षित वर्ग भनेकै युवा पुस्ता हुन् । मेटल सबै खाले संगीतप्रेमीले रुचाउँदैनन्, ब्यान्डका भोकलिस्ट निशान रञ्जित भन्छन्- धेरै सुनेपछि भने मेटल गीत सुनू-सुनू हुन्छ । धेरैले यो पृथक् धारको गीतको संगीत बुझिसकेका छैनन् । कतिलाई त मेटल ब्यान्डका बारेमा उतिसारो जानकारी पनि छैन । यद्यपि युवापुस्ता भने मेटल ब्यान्डप्रति बढी आकर्षित देखिन्छ ।

पपगीत सुन्दा 'कमन' लाग्यो, संगीतमा नयाँपन दिन अन्डरग्राउन्ड मेटलतिर लाग्यौं, गिटारिस्ट प्रविन भन्छन्- हामीलाई सुन्ने संगीतपारखीहरू हिंजोआज बढेका छन् । ब्यान्डले १२ वटाभन्दा बढी कन्सर्ट गरिसकेको छ तर यस्तो गीत गाएर अहिले कमाइ भने केही छैन । फरक संगीत भएकाले विज्ञापनदाताहरूले पनि उति सपोर्ट नगर्ने ब्यान्डका सदस्यहरू बताउँछन् । अहिलेसम्म ब्यान्डले आधा दर्जनभन्दा बढी गीत रेकर्ड गराइसकेको छ । क्राइसिस एल्बमको तयारीमा समेत जुटिसकेको छ । ब्यान्डको नाम किन क्राइसिस राखेको त ? जवाफमा सबै जना एकसाथ भन्छन्- हामीलाई सधैं प्राविधिक र समयको अभाव भएकाले ब्यान्डको नाम क्राइसिस राख्यौं । मेघा कन्सर्टमा सहभागी नभएका कारण मेटल ब्यान्ड अघि आउन नसकेको बताउँदै ब्यान्डका बेस गिटारिस्ट ज्ञानदीप गुरुङ भन्छन्- 'अन्डरग्राउन्डबाट अन द ग्राउन्डमा आउने प्रयास गर्दैछौं ।'

## ठट्यौली प्रकाशसँग



एउटा अधबैंसे सरकारी कर्मचारी आफ्नो सहकर्मीलाई भन्दै थियो- लन्च हेभी भयो भने अफिसमा सारा दिन उँघेर हाई-हाई अनि निद्रा लागेर हैरान हुन्छ, तर घरमा डिनर हेभी भयो भने रातभरि निद्रा लाग्दैन ।

०००

एउटा व्यक्ति कलेजको रियुनियन समारोहमा गयो । समारोह हलमा प्रवेश गर्नेबित्तिकै एक जना व्यक्तिले उसलाई हर्षोल्लासपूर्वक स्वागत गऱ्यो र भन्यो- 'तपाईंलाई भेटेर साह्रै खुसी लाग्यो ।'

'तर मैले त तपाईंलाई चिनिनँ'- व्यक्तिले अप्ठ्यारो मान्दै सोध्यो ।

'चिन्न त मैले पनि तपाईंलाई चिनेको छैन,' व्यक्तिले भन्यो- 'यो समारोहको यत्रो भीडमा खुइले एउटा म मात्र थिएँ सबै मलाई मात्र हेरिरहेका थिए तपाईं दोस्रो खुइले आउनुभयो र खुसी मानेको ।'

०००

एकको ढ्याकको भाउ बढाउने तरिका के हो ?

त्यसमा चारवटा प्वाल पार्नुहोस् र त्यसलाई सर्टको बटन भनेर बजारमा बेच्नुहोस् ।

०००

एसपी भट्टराई बियरको सौकिन हुनुहुन्थ्यो । वकिलसाबले एक दिन सोध्नुभयो- मौका पऱ्यो भने दिनमा कति बोतल बियर पिउनुहुन्छ ?'

'बत्तीस गिलाससम्म पिउँछु'- जवाफ आयो । 'हे भगवान् म यति त पानी पनि पिउन सक्दिनँ' । 'पानी त म पनि पिउन सक्दिनँ ।' एसपीले जवाफ दिए ।

०००

म अफिस आउँदा बाटोमा अचम्मको घटना घट्यो- एक व्यक्तिले अफिसमा सहकर्मीलाई भन्दै थियो । 'एउटा भिखारीले मलाई भन्यो- 'हजुर खानका लागि दस रुपैयाँ दिनुहोस् ।

'कुन अचम्मको कुरा हो ?' साथीले भन्यो- 'सबै भिखारीले यसै त भन्छन् नि, अनि तैंले दस रुपैयाँ दिइस् ?

'अँ दिएँ, उसले दसको नोट खायो ।'

## कविता

### आरोप लाउँछ बोक्सी



लोग्ने तिम्रो भट्टी धाउँछ, खान भनी रक्सी
कति पीडा सही बस्छ्यौ, आरोप लाउँछ बोक्सी
सुख-दुःख जे परे नि, सधैं भट्टी धाउँछ
जाँड-रक्सी टन्न खाई, हल्लिँदै घर आउँछ
समयको पत्तै छैन, सधैं आउँछ राती
केही भन्न हुन्न गाँठे हानिहाल्छ लात्ती
आधा दर्जन लालाबाला भोकै बस्छन् रोई
आमा हाम्लाई भोक लाग्यो, भन्छन् बाबा खोई ?
हेपिएर नबस है नारी तिमी अब
अधिकार पक्कै पाउँछ्यौ, पढ्छ्यौ तिमी जब ।

–बद्री शिवाकोटी

### चर्किएझैं लाग्यो

आज फेरि मनको बस्ती चर्किएझैं लाग्यो
निष्ठुरीको याद उही फर्किएझैं लाग्यो
जलिसकेका मनहरू हरियाली हुन्न रैछ
आँसुले नि नपग्लिने मन केहीले छुन्न रैछ
बादलबिनै आज वर्षा दर्किएझैं लाग्यो
सपनाहरू भत्किएर जीर्ण भैदिएपछि
निष्ठुरीले बाटो काटी गैदिएपछि
आफ्नै आँसु आफैलाई सकिएझैं लाग्यो ।

– उदयपुरे ठूलोकान्छा

### सहर पोखिदिन्छु

घातले भरिएको तिम्रो सहर पोखिदिन्छु
आस छैन मलाई तिम्रो रहर पोखिदिन्छु
साथपछिको म तिम्रो घात बिर्सने छैन
म पीरको नदी खुसीका लहर पोखिदिन्छु
दिनभन्दा रंगीन थिए ती हाम्रा रातहरू
मुस्कानका स्वर्णिम प्रहर पोखिदिन्छु
कि रेटेर, कि मनको तस्बिर मेटेर जाऊ
तिम्रो यादमा छछल्किने जहर पोखिदिन्छु
आशा छैन मलाई तिम्रो रहर पोखिदिन्छु
मुस्कानमा रुझेका स्वर्णिम प्रहर पोखिदिन्छु ।

– डिल्लीराम संग्रौला

### भिखारी छन्

तल शान्ति, माथि हिंसाका पुजारी छन्
कतिलाई दिऊँ, सबै नै भिखारी छन्
थाहा छ यो दान, सदुपयोग हुँदैन
लुटको धन बाँड्न नि कर्मचारी छन्
मैले देखें बटुवा हिँड्ने गोरेटो भरि
जीर्ण हुँदै, भत्किएका यहाँ चौतारी छन्
अचम्मै लाग्दो धर्मको कोयो, कस्तो हो मेल
जहाँ शान्ति र हिंसा, वारि र पारि छन्
शान्ति मिच्ने हिंसाले ढलाएछ चौतारो
बिसाउने कहाँ मन भारी-भारी छन् ।

– हिराकाजी श्रेष्ठ

### तिम्रो जानी



छताछुल्ल भै पोखिएसी, त्यो गाग्रीको पानी
चिपिचल्ल भै भिजेको त्यो तिम्रो जवानी
आधा गाग्री बोकी किन हिँड्नुपऱ्या होला
सफा चोखो पानी लगी कसले होला खानी
तिमी त्यसै राम्री थियौ त्यैमाथि यो जोवन
हिउँचुलीझैँ त्यो छातीले तर्सायो नि वाण हानी
तिम्रो हिँड्ने कछुवा चाल छोइरहुँझैं बाल
होस हवास नै उड्यो मेरो तन मन लग्यौ तानी
बाहुपासमा कसी मलाई के-के गऱ्यौ थाहा छैन
गर्नु गऱ्यौ खुल अब केको आनाकानी ?

– आर.पी. सिर्जन

## लघुकथा

### प्राकृतिक निर्णय



बैठकमा विभिन्न पार्टीको प्रतिनिधित्व छ । जनप्रतिनिधि, बुद्धिजीवि, भद्रभलाद्मी सबैको उपस्थिति छ । त्यसो त मुलुक पूर्ण प्रजातान्त्रिक भएपछिका कुरा हो । अन्तरजातीय विवाहको विषयमा बैठकले निर्णय गर्नेछ ।

पानी नचल्ने, तल्लो जात (?) की मीनुसँग माथिल्लो जात (?) को नरेले लगनगाँठो जोरेछ । आकाश, पाताल जोडिएभन्दा पनि चर्को परी गो (?) परिणमतः यो भव्य बैठकको औचित्य छ ।

बैठकको निर्णयमा जनमानस उत्सुक छैनन् । उनीहरूको संयुक्त बोली थियो- 'किन यत्रो भेला, बैठक ? यो औचित्यहीन बैठक हो । जसै गरे पनि यी राँडा-राँडीले डाँडो काट्नुपर्छ । अझै यिनले यहीं बस्न पाइन्छ भन्ने सोच्या छन् कि क्या हो ?' अघोषित निर्णय यही थियो र औपचारिक रूपमा घोषणा पनि त्यही भयो ।

प्रेमको बलिदान सम्झिँदै मीनु र नरेले जन्मभूमिमा न्यानो आँसुले स्पर्श गरे । पाखापरखेरालाई हात हल्लाए । यता वाल्ल पऱ्यो लोकतन्त्र र ट्वाँ परिरहेको छ मानव अधिकार ।

–डम्बर रसिक भारती

# गरिबका निम्ति जटिल +2

गरिबीको पीडाले किचिएका धेरै नेपाली एसएलसीपछि प्लस टु शिक्षामा जान सक्दैनन्, तर यो कुरा उच्च माध्यमिक शिक्षा परिषद् मान्न तयार छैन् । परिषद्का सहसचिव नारायण कोइरालाका अनुसार आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरूको हकमा प्रशस्त छात्रवृत्ति तथा अन्य सुविधा पनि उपलब्ध गराइएको छ । सामुदायिक प्लस टु कलेजको संख्या बढ्दै गए पनि यसलाई स्थानीय सञ्चालक समूहको व्यवस्थापनमा सञ्चालन गर्ने प्रावधान छ ।


सामुदायिक विद्यालयको हकमा परिषद्ले न्यूनतम् ४ लाख रुपैयाँ डिपोजिट लिने गरेकाले सामुदायिक विद्यालयले शुल्क बढी लिने गरेको शिक्षाविद्हरू बताउँछन् । विद्यालयकै खातामा यो रकम रहने भएकाले यो शुल्क परिषद्ले लिएको भन्न नमिल्ने सहसचिव कोइरालाको तर्क छ । कोइरालाका अनुसार शिक्षक र विद्यार्थीको सुरक्षित भविश्यका निम्ति यो डिपोजिट लिइएको हो । परिषद्ले निम्न आय भएका परिवारको हकमा प्रत्येक उ.मा.वि.मा विशेष छात्रवृत्तिको व्यवस्था गरेको छ । शिक्षाविद् विद्यानाथ कोइरालाका अनुसार सामुदायिक उ.मा.वि.ले समेत न्यूनतम् १ सय रुपैयाँ मासिक शुल्क लिने गरेका छन् ।

मासिक शुल्क मिनाहा भएको अवस्थामा पनि गरिब विद्यार्थीहरूले अध्ययनका लागि आवश्यक अन्य सामग्री खरिद गर्न सक्दैनन् । प्रमाणपत्र तहमा राज्यले दिएको छुटको सुविधा प्लस टुमा नभएकाले गरिब विद्यार्थीका निम्ति प्लस टुको अध्ययन कठिन देखिन्छ ।

**अब के हुन्छ ?**

सरकारले कक्षा ८ सम्मलाई प्राथमिक शिक्षा र ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षा मानेर त्यहीअनुरूपको योजनाबद्ध कार्यक्रम लागू गर्ने तयारी गरेको छ, तर यो विषय पनि विवादास्पद बनेको छ । कक्षा १२ सम्मलाई माध्यमिक शिक्षा मानेपछि प्रमाणपत्र तहको अस्तित्व के हुन्छ भन्ने पहिलो प्रश्नको उत्तर कसैसँग छैन । शिक्षाविद्हरूका अनुसार प्रमाणपत्र तह खारेज गरिँदा विश्वविद्यालयअन्तर्गतका आधा प्राध्यापक र आधाभन्दा बढी कर्मचारीको जागिर जाने हुँदा तत्काल प्रमाणपत्र तह खारेज हुने अवस्था छैन ।

कक्षा ९ देखि १२ सम्मको शिक्षाको जिम्मेवारी परिषदलाई दिने कि नदिने भन्ने विवाद पनि उठिरहेको एक शिक्षाविद् बताउँछन् । अहिले कक्षा १० सम्म सरकारले निःशुल्क शिक्षा उपलब्ध गराएको छ । एसएलसीको परीक्षासम्म शिक्षा मन्त्रालयअन्तर्गत अध्यापन भैरहेकाले कक्षा १२ सम्म नै मन्त्रालयले जिम्मा लिने कि कक्षा ९ देखि नै परिषद्ले जिम्मेवारी लिने भन्ने विषयमा विभिन्न विचार आइरहेको ती शिक्षाविद्हरू बताउँछन् ।

## सन्देश



बालाजु बाइसधाराको स्वीमिङपुलमा भेटिएकी अनि डर लाग्छ भन्दै ट्युबको सहायताले मेरो हात समाउँदै स्वीमिङ गर्ने, घर कहाँ हो ? भन्दा बालाजु भन्ने र अर्की साथीले तेरो दाइ आयो भन्दा मुसुक्क हाँसेर मेरो हात छाडिदिने रूपकी रानीलाई फेरि स्वीमिङपुलमै भेट्न चाहन्छु ।

**saugat_sagar1005**

हाई मुना, म तपाईंसँग मित्रताको हात बढाउन चाहन्छु, त्यसैले मेरो नम्बरमा एक कल फोन गर ल ।

**एकल**

पार्वती, सुनेकी थिएँ मित्रताको सुरुवात गर्न जति सजिलो हुन्छ त्यसलाई कायम राख्न त्यत्तिकै कठिन छ, आखिर यो उक्ति सही चरितार्थ भयो । समय र नियतिले हामीलाई टाढा बनायो । साथ छँदा हृदयको वेदना बिताउने चौतारी थिएँ, अहिले टाढा भए पनि मेरो शीतलता नबिर्सिनू । मेरो तर्फबाट गल्ती भए माफ गर अनि यो साथीलाई नबिर्सिनू । तिम्रो प्रगतिको कामना ।

**सुमन**

हस्पिटलको जनरल वार्डमा भर्ना भएकी लक्ष्मी आन्टी र उहाँका कुरुवा सुनीता तथा नाम थाहा नभएकी अर्की बहिनीलाई धन्यवाद । उहाँहरूले हस्पिटलमा हुँदा गरेको सहयोगप्रति हामी कृतज्ञ छौं । हामीहरूको डिस्चार्ज एकै दिन भएको थियो तर म बाहिर गएकाले फर्कने बेलामा यहाँहरूलाई धन्यवादसमेत दिन सकिनँ । यदि सक्नुहुन्छ भने बहिनी सुनीतालाई suman5ktm@yahoo.com मा मेल गर्न सविनय अनुरोध छ ।

**कुरुवा**

शोभाजी, किन आफ्नो रूपको घमन्ड गर्नुहुन्छ ? हजुरलाई मैले भनेकै थिएँ– मलाई हेरेर नतर्सनु, आखिर परिणाम त्यही निस्कियो, होइन ? मेरो औकात, गुणस्तर, स्तर देखेर किन, तीनछक्क परेको ? हजुर पो सुन्दरी, स्मार्ट, शिक्षित, सक्षम हुनुहुन्छ, खै आफू त...।

**असक्षम**

गोरी, सम्झनाले सतायो, सन्देश पठाउँदै छु । टाढा छु अनि कामको व्यस्तता, त्यसैले आउन पाइनँ । मुटुभरि छ तिम्रो माया, आँखाभरि सम्झना छ । मलाई विश्वास गर, म कुनै दिन तिमीलाई भेट्न आउनेछु । टाढा भएर पनि माया मारेको छैन, सक्छयौ भने कल गर ल ।

**हरि**

निर्जना, मैले चिठीमा जे जस्तो लेखे पनि नरिसाऊ ल । म तिमीसँग भेटेर हामीबीचको असमझदारी हटाएर पुनः पहिलेकै सम्बन्ध बनाउन चाहन्छु । जसरी पनि समय मिलाएर भेट्ने प्रयास गर्नु है ।

**विशाल**

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

**प्रति सन्देश रु. २०/– अनिवार्य**

## साप्ताहिक साथीका लागि फर्म

नाम : ..................................................

उमेर : ............................ उचाइ : ............................

पेसा : ............................ शिक्षा : ............................

स्वभाव : ............................ वैवाहिक स्थिति : ............................

अभिरुचि : ............................ वर्ण : ............................

इमेल : ..................................................

ठेगाना : ..................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..................................................

..................................................

**नोट :** तस्विर र नगद रु. ५०/- अनिवार्य छ । आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

## जीवनको गोरेटोमा

# भाग्यमानी भाग्य



त्यो दिनलाई भाग्यमानी नै मान्नुपर्छ । सायद त्यसबेला त्यो दिन नआएको भए आज म यस्तो हुने पनि थिइनँ होला । एसएलसी दिएपछि फुर्सदको समय बढी भएका कारण म प्रायजसो साइबर गैरहन्थेँ । कहिले च्याटिङ गर्थें त कहिले वेबसाइटहरू सर्च गर्थें ।

यसै क्रममा कोही अनलाइन नभएका कारण म च्याट गर्न नेपाल म्यासेन्जरभित्र पसेँ अनि त्यहाँ रहेकामध्ये एउटी युवतीको नाम रोजेर हाई भनी पठाएँ । उनले पनि हाई भनेर प्रतिउत्तरमा पठाइन् । त्यस दिन हामी धेरै समयसम्म च्याट गर्दै बस्यौं । थाहै नपाई साँझ पनि झमक्कै भैसकेको रहेछ । हाम्रो समाजमा युवतीहरूलाई साँझसम्म बाहिर रहन कहाँ दिन्छन् र त्यसैले उनी पनि अबेर भयो म जान्छु भन्न थालिन् । मैले उनको याहु आईडी मागी एड गरेँ र उनले पनि मेरो मेल एड्रेस एड गरिन् ।

अन्तिममा मैले भनें क्यान वि बि फ्रेन्ड्स ? प्रतिउत्तर आयो– नो । त्यसबेला च्वास्स मुटु पनि बिझेको थियो । अनि पछि त यति खुसी लाग्यो कि मैले चाहेर पनि आफ्नो हाँसो रोक्न सकिनँ । किनभने उनले भनेकी थिइन्- वि आर अलरेडी बेस्ट फ्रेन्ड्स । पर्सी भेट्ने वाचाका साथ हामी त्यस दिन छुट्यौं । यसरी नै हामी पर्सिपल्ट पनि भेट भयौं र धेरै बेरसम्म च्याट गर्‍यौं अनि एक-अर्काको फोन नम्बर पनि माग्यौं ।

त्यसपछि हामी २/३ दिन बिराएर च्याट गर्न थाल्यौं र सधैंजसो फोन अनि एसएमए पनि । यसरी सुरु भएको हाम्रो यात्राले आज एक वर्ष पुरा गर्न लागिसकेको छ । यो अन्तरालमा हामीबीच धेरै कुराहरू भए । कहिले उनी रिसाउँथिन् त कहिले म । उनी रिसाउँदा मैले मनाउँथेँ अनि म रिसाउँदा उनले । गत १४ फेब्रुअरीमा मैले उनीसमक्ष प्रेमप्रस्ताव राखेँ र उनले स्वीकारिन् पनि । अहिले हाम्रो सम्बन्ध यति प्रगाढ भएको छ कि हामी एक-अर्काबिना बाँच्न सक्दैनौं । अब त म उनलाई चाँडै प्रत्यक्ष भेट्न जाँदैछु ।

उनी पनि हाम्रो भेटको आशामा छिन् । त्यति टाढा रहेर पनि उनले मलाई यति धेरै माया गर्छिन् कि मानौं उनी यहीं छिन् । कहिल्यै शून्यताको आभास हुँदैन । वास्तवमा म ज्यादै भाग्यमानी छु किनकि मैले उनीजस्ती असल जीवनसंगिनी पाएँ ।

**–विनोद**

## साप्ताहिक साथी



वैदेशिक रोजगारीको सिलसिलामा साउदी अरब पुगेका अर्जुन राई २० वर्षका छन् । साधारण लेखपढ गरेका अर्जुन पत्रमित्रता तथा नयाँ साथी बनाउने कुरामा रुचि राख्छन् । गहुँगोरो वर्णका अर्जुनको उचाई ५ फिट ३ इन्च छ । उनी भावना मिल्ने किशोरीको खोजीमा छन् । राईलाई arjunthulungrai@yahoo.com मा पत्राचार गर्न सकिन्छ ।



आई.ए. दोस्रो वर्षमा अध्ययनरत भला राई १९ वर्षका छन् । मिलनसार स्वभावका भलाको उचाइ ५ फिट ६ इन्च छ । नयाँ स्थानको भ्रमणमा रुचाउने भला मित्रमित्रतामा रमाउँछन् । हालसम्म अविवाहित राई आफ्नो सुखमा खुसी हुने तथा उनको दुःखमा दुःखी हुन सक्ने विश्वसिलो मित्रको खोजी छ । उनलाई bhala_rai@yahoo.com मा पत्राचार गर्न सकिन्छ ।



देशको सेवा गर्ने सोच राखेर अघि बढेका सूदन गैरे 'एलोन' १९ वर्षका छन् । उनी कम्प्युटर अपरेटरका रूपमा जागिरे छन् । १२ कक्षासम्म अध्ययन गरिसकेका सूदन ५ फिट ६ इन्च अग्ला छन् । मनमा लागेका कुरा नलुकाई भन्ने सूदनलाई आफूजस्तै सफा मन भएका साथीको आवश्यकता छ । उनलाई तम्सरिया-१ पोराम बजार, लुम्बिनीमा पत्राचार गर्न सकिन्छ ।

# पर्यटकीय क्षेत्र चिचिला बजार

संखुवासभा- सदरमुकाम खाँदबारीबाट झन्डै दुई घण्टामा पुगिने मत्स्यपोखरी- २ को चिचिला बजार पर्यटकीय क्षेत्रका रूपमा विकसित भैरहेको छ । चिसो हावापानी र वनभोजका लागि उपयुक्त वातावरण भएकाले यो बजारमा विश्रामदेखि मनोरञ्जन गर्न जानेहरूको संख्या बढ्दो छ । चीनको सीमा किमाथांका जोड्ने लक्ष्यका साथ सदरमुकामबाट निर्माण सुरु गरिएको सडक चिचिलासम्म पुगेको छ । चिचिलामा गाडी पुगेपछि यो स्थानमा पुग्ने आन्तरिक एवं बाह्य पर्यटकको संख्यामा वृद्धि भैरहेको स्थानीय खड्गबहादुर गुरुङ बताउँछन् ।



चिचिलामा व्यावसायिक चियाखेती पनि प्रारम्भ भएको छ । यस्तै मकालु हिमालको दृश्यावलोकन, विश्वकै होचो अरुण उपत्यकाको भ्रमण गर्न पाइने भएर पनि यो क्षेत्रमा पर्यटकहरूको आकर्षण बढेको हो । खाँदबारीबाट नयाँबजार, मानेभन्ज्याङ, छ्याङकुटी हुँदै दुई घण्टामा पुगिने भएपछि बिदाको सदुपयोगदेखि विश्राम लिन खाँदबारीवासीहरूले चिचिलालाई विकल्प मान्न थालेका छन् । चिचिलाबाट एक घण्टामा पुगिने सुम्बाभीरमा सडक निर्माण भैरहेकाले त्यहाँबाट गाडी अघि बढ्न सक्दैन । त्यसैले विश्रामथलो नै चिचिला भएको खाँदबारीका राजकुमार श्रेष्ठले बताए । श्रेष्ठ पारिवारिक एवं व्यापारिक कामबाट थकान मेट्न चिचिला पुग्ने गरेका छन् । यहाँका अधिकांश युवादेखि व्यापारीसम्म वनभोज खान र आराम गर्न चिचिला पुग्छन् ।

यहाँ साना-ठूला गरी करिब एक दर्जन होटल छन् । यी होटलमा बस्ने राम्रो व्यवस्था छ । पर्यटकीय क्षेत्रका रूपमा विकसित भएपछि यहाँका केही होटल स्तरवृद्धिका लागि लागिपरेका छन् । यहाँको अर्को विशेषता भनेको मोबाइल फोनले काम नगर्नु हो । सञ्चारका लागि सीडीएमए फोन नै विकल्प हो । मोबाइलले काम नगरेपछि आराम र भ्रमणका लागि पुग्नेहरू फोन र मोबाइलको रिङबाट पनि मुक्त हुन्छन् ।

घरघरमा जडान गरिएका सोलारले उज्यालोको व्यवस्था गरेको छ भने चिसो हावापानीका कारण शरीर स्फूर्त रहन्छ र खाएको पच्छ । खाँदबारीबाट ट्याक्सी रिजर्भ गरेर गए पनि हुने तथा हिँडेर जाँदा तीन घण्टामा पुगिने भएपछि आन्तरिक पर्यटकहरू त्यहाँ दुई-चार दिन बसेर फर्कने गरेका छन् ।

यो क्षेत्रको विकास गर्न जिविस र गाविसहरू लाग्नुपर्ने स्थानीय बासिन्दाहरूको माग छ । चिचिला बजारलाई पर्यटकीय एवं वनभोज स्थलका रूपमा विकसित गर्न जिविससँग आर्थिक सहयोग माग गरिएको छ । किमाथांका मकालु हिमाल जाने मूलबाटो पनि भएकाले यसको भविष्य सुन्दर रहेको एमालेका जिल्ला उपसचिव जेवी घिमिरेले बताए ।

**–सुरेन्द्र सुवेदी**

# युवकहरू किन युवती भनेपछि मरिहत्ते गर्छन् ?

सम्पादकज्यू, यस्तो प्रश्न गरेर संसारमा चलिरहेको रीत फेर्ने विचार छ कि क्या हो ?

**खतिवडा विनोद, इनरुवा**

संसारको रीति नै यस्तै छ त, उसको के दोष ? आखिर सृष्टि संरचना र विकास यी दुईबिना असम्भव छ। यद्यपि मरिहत्तेचाहिँ गरिहाल्नै पर्ने भने देखिँदैन।

**दीपक पोखरेल, लोकन्थली**

युवती भनेपछि किन मरिहत्त गर्ने ? म त गर्दिनँ। बरु धेरै युवतीहरू म भनेपछि मरिहत्ते गर्छन्।

**रेशम फगामी, बेनी**

चालीस-पचास वर्ष पहिले तपाईं भर्खर सोह्र वर्षको हुँदाको कुरा याद गर्नुस् त सम्पादक बाजे, त्यसैले... ।

**देवेन्द्र कायस्थ (१९), बनेपा**

सोह्र कटेकालाई बाउले नबुझिदिनाले होला नि ।

**शालीन टीकाराम, गल्कोट, स्याङ्जा**

आफ्नो यौन चाहना पूरा गर्न ।

**गंगाराम न्यौपाने, बलाम, स्याङ्जा**

जवानीको तागत देखाउन ।

**चतुर कुलुङ (१८), छेस्काम, सोलु**

यो प्रश्नमा चाहिँ धाँधली भयो है, युवकहरू मात्र होइन, युवतीहरू पनि युवक भनेपछि मरिहत्ते गर्छन् ।

**राई रमेश, दोहा, कतार**

के गर्नु यो गर्मी मौसममा व्यापार हुँदैन, पसलबाटै लुकिछिपी पेटीमा हिँड्ने युवतीको तिघ्रा हेरिरहन्छु ।

**प्रेम कान्छा**

विपरीतलिंगी भएर होला तर युवक युवकसँग र युवती युवतीसँग आकर्षित भएको समाचार सुन्नुभएको छैन ? उनीहरूले मार्लान् नि ।

**रुद्र, दोलखा**

पख्नुस है सम्पादक ज्यू, म श्रीमतीसँग सोधेर आउँछु ।

**अजयकुमार**

महिला परें त्यसैले मलाई थाहा भएन । सायद पुरुष-पुरुषमा केही हुन गाह्रो हुन्छ, त्यसैले महिला खोज्छन् । विशेष त पुरुष कन्या राशि भएकाले हो ।

**सरू शर्मा, रसुवा**

प्रश्न त गजबको छ, त्यसो त युवतीहरू पनि युवक भनेपछि हुरुक्कै हुन्छन् नि ।

**बिरु न्यूगो, ताप्लेजुङ**

युवतीहरूको आकर्षक अंग देखेर होला ।

**देवराज दाहाल (२०), इनरुवा**

युवकहरू भनेर सबैलाई मुछ्न नमिल्ला, किनकि मैले आजसम्म कुनै पनि युवती भनेपछि मरिहत्ते गरिनँ र गर्दिनँ पनि ।

**निर्मल विष्ट, काठमाडौं**

युवकहरू भलिबल र फुटबल खेल्न माहिर हुन्छन् भन्ने कुरा यत्रो ठूलो पत्रिकाको सम्पादक भएर पनि थाहा छैन तपाईंलाई ?

**प्रकाश र टंक (२३), झापा**

यसको उत्तर हामीभन्दा सम्पादकज्यूले नै राम्रोसँग दिन सक्नुहुन्छ ।

**कल्पना रायमाझी (१८), विराटनगर**

सम्पादकज्यू, तपाईं खाली एक पक्ष मात्र हेरेर प्रश्न नसोध्नुहोस् है ।

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. युवाहरूलाई लागूऔषधको दुर्व्यसनबाट मुक्त गर्न के गर्नुपर्ला ?
२. प्रेममा किन मर्ने-मार्ने कसम खाइन्छ ?
३. विवाहित पुरुषलाई कसरी चिन्न सकिन्छ ?
४. तपाईं टाइम पास गर्न के गर्नुहुन्छ ?
५. शारीरिक रूपमा बलिया सुगठित पुरुष आकर्षक हुन्छन् कि चकलेटी अनुहारका साधारण पुरुष ? किन ?
६. यो संसार कस्तो छ ?
७. तपाईंलाई नयाँ नेपाल कस्तो लागिरहेछ ?
८. कस्ता युवती राम्रा हुन्छन् ? किन ?
९. कस्ता युवक राम्रा मानिन्छन्, किन ?
१०. महिलाहरू बुद्धिमान् हुन्छन् कि पुरुष ?



युवक मात्रै हो र युवतीहरू पनि त मरिहत्ते गर्छन् नि । यो सब विपरीत लिंगप्रतिको आकर्षण हो ।

**kaleman_jesus@hotmail.com**

प्रश्न उल्टो परेछ नि सम्पादकज्यू, युवतीहरू किन युवक भनेपछि मरिहत्ते गर्छन् भनी सोध्नुहोला अनि जवाफ दिन्छु नि हुन्न र ?

**मीनबहादुर परियार, जम्दह, सिराहा**

सम्पादकज्यू, यसमा युवकको दोष छैन है । किनकि अहिलेका युवतीहरू बाटोमा हिँड्दा आँखा नछोपी नहुने लुगा लगाउँछन् । यति भएपछि मरिहत्ते गर्दैनन् त ।

**अनुप, भीमढुंगा**

युवतीहरूले युवालाई आकर्षित गर्ने फेसन र मेकअप गर्छन् त्यसैले ।

**दुर्गाबहादुर माझी, रामेछाप**

किनकि युवतीहरू पनि युवक भनेपछि मरिहत्ते गर्छन्, दुवैतिर बराबर हुनु पर्‍यो नि त ।

**विनोद खतिवडा, इनरुवा-९**

विपरीतलिंगीप्रतिको आकर्षणबाहेक अर्को कारण त हुन्छ जस्तो लाग्दैन मलाई । यो बैंस आएको लक्षण पनि हुन सक्छ ।

**रेसम सुनुवार**

किनभने युवतीहरूको जीउ फूलझैं सुकोमल हुन्छ । जीवनको गोरेटोमा एक पाइला युवक र अर्को पाइला युवती हो । त्यसैले पनि युवकहरू युवती भनेपछि मरिहत्ते गर्छन् ।

**सन्तोष राई (१७), मोरङ**

यस्तो गोप्य कुरा म तपाईंलाई कसरी भन्छु र सम्पादकज्यू ?

**सम्पूर्ण प्रजापति, मध्यपुर थिमी**

विपरीतलिंगीप्रति त जसको पनि आँखा लाग्छ नि, सम्पादकज्यू, तपाईंलाई कुनै युवतीले रात बिताउन सँगै जाऔँ भने के गर्नुहुन्छ ?

**प्रवीण ज्ञवाली (२०), करादी**

सम्पादकज्यू, कस्तो प्रश्न ? युवक युवतीप्रति, युवती युवकप्रति मरिहत्ते गरिहाल्छन् नि ।

**शमशेरबहादुर राई, ओखलढुंगा**

पहिले त उनीहरू युवतीको सुन्दरतामा लोभिन्छन् अनि मायाकै खातिर पनि । कोही त यौनका लागि मरिहत्ते गर्छन् बाबै... ।

**विक्रम अर्पण (१८), पाँचथर**

एउटा बेला भएकाले त्यसो भएको हो । पछि त्यो बानी आफैं हराएर जान्छ ।

**टीकाराम, सामाखुसी, काठमाडौं**

युवकले चाहने प्रमुख साधन नै युवती हुन् त्यसैले मरिहते गर्छन् नि, कस्तो नबुझ्या ?

**जयराम कोइराला, धरान,**

युवतीसँग सुख-दुःखका कुराहरू बाँडन पाइन्छ त्यसैले ।

**वैद्यनाथ कोइराला**

तपाईं आफैं के...के गर्नुहुन्छ ? त्यसको उत्तर दिनुस त पहिले ।

**सुरजसिंह, जनकपुर**

## यौन जिज्ञासा र समाधान

**डा. राजेन्द्र भद्रा**



**प्रश्न : म अठार वर्षीया युवती हुँ । मेरो पिठ्यूँ र तल्लो पेट बाह्रै महिना दुःखिरहन्छ र निरन्तर रूपमा योनिबाट सेतो गन्हाउने पानी पनि बगिरहन्छ । योनि वरिपरी स-साना खटिरा पनि देखा परेका छन् । मैले चिकित्सकीय परीक्षण पनि गराएँ । परीक्षणअनुसार धातु भएको भनी धातुको औषधी खाएँ, तर समस्या समाधान भएन । मैले आजसम्म यौनसम्पर्क राखेकी छैन । के यौनसम्पर्कविना पनि यौनरोग लाग्न सक्छ ?**

**-मिस. स.**

**उत्तर : तल्लो पेट र पिठ्यूँ किन दुखेको होला ?**

पत्रमा भएको सीमित जानकारीकै आधारमा तपाईंलाई यसै भएको छ भनेर पक्का भन्न सकिने स्थिति छैन । विशेष गरेर किशोरावस्थामा ढाड र तल्लो पेट दुख्नुको कारण महिनावारी हुन्छ, तर यहाँ तपाईंले आफ्नो समस्यालाई महिनावारीसँग जोड्नुभएको छैन । कुनै किसिमको चोटपटकको पनि कुरा गर्नुभएको छैन । तपाईंले गन्हाउने पानी योनिबाट आउने कुरासँग जोड्नुभएको छ । यसले प्रजनन अङ्गको संक्रमणतर्फ संकेत गर्छ ।

**सेतो पानी किन बगेको होला ?**

योनिबाट सेतोपानीजस्तो पदार्थ बग्नुलाई योनिश्राव भनिन्छ, तर यसो हुनुको अर्थ सधैं रोग लागेको भन्ने लाग्दैन । हाम्रो सामान्य शरीरक्रियासँग सम्बन्धित भएर वा स्वाभाविक रूपमा पनि योनिश्राव हुन्छ । यस्तो स्वाभाविक योनिश्राव महिनावारी वा यौन उत्तेजना भएको बेलामा हुन्छ । पाठेघरको मुखबाट हुने श्राव यस्तै महिनावारी भएको एक सातापछि सुरु भएर डिम्ब निष्कासनको बेलासम्म हुन्छ । स्वाभाविक किसिमको योनिश्रावका लागि कुनै उपचारको आवश्यकता पर्दैन ।

यीबाहेक प्रजनन अंगको संक्रमण, जसमा यौनरोग पनि पर्छ, अस्वाभाविक योनिश्राव हुने प्रमुख कारण हुन् । सामान्य रूपमा योनिबाट आउने श्रावभन्दा धेरै बढी मात्रामा आउने, गन्हाउने वा मैलो योनिश्राव हुन थाले त्यसलाई अस्वाभाविक योनिश्राव भनेर बुझ्नुपर्छ । यौनरोग भन्नाले यौनसम्पर्कको माध्यमबाट सर्ने रोगहरूलाई बुझाउँछ । अहिलेसम्म यौनसम्पर्क नै भएको छैन भने सिद्धान्ततः तपाईंलाई यौनरोग भएको भन्न मिल्दैन । तपाईंले लेख्नुभएको जस्तो लक्षण योनिमार्गको शोथ हुँदा पनि देखिन्छ । पाठेघर तथा त्यसवरिपरिका अङ्गको संक्रमण हुँदा सेतो पानी बग्नुका साथै तल्लो पेट दुख्ने वा ढाड दुख्ने हुन्छ ।

तपाईंले खटिराको कुरा गर्नुभए पनि त्यसका बारेमा विस्तृत जानकारी दिनुभएको छैन । छालाको संक्रमण, छालामा हुने अन्य खराबी वा एलर्जी जे कुराले पनि यस्तो हुनसक्छ । योनिको संक्रमणको कुरा गर्दा ब्याक्टेरियल भ्याजिनोसिसको विशेष चर्चा गर्नुपर्ने हुन्छ । योनिको संक्रमणमध्ये यस्तै आधाजसो महिलामा संक्रमण यसैका कारण हुने गरेको पाइन्छ । योनिमा विभिन्न किसिमका सूक्ष्म-जीवाणु प्राकृतिक रूपमै सन्तुलित रूपमा बसेका हुन्छन् । विशेष गरेर त्यो सन्तुलन बिग्रँदा एक किसिमको जीवाणु (Gardnerella vaginalis) अत्यधिक मात्रामा बढ्छ र समस्या उत्पन्न हुन्छ । त्यसैगरी ढुसीको संक्रमण पनि अर्को महत्त्वपूर्ण कारण हो ।

**धातु के होला ?**

मेडिकल भनेर तपाईंले औषधी पसललाई संकेत गर्नुभएको हुनुपर्छ । त्यहाँ के सन्दर्भमा तपाईंलाई धातु भएको भनियो, स्पष्ट भएन । नेपालमा एक प्रकारको यौनरोगलाई धातु भन्ने चलन छ र यो धेरैजसो स्थितिमा पुरुषको सन्दर्भमा प्रयोग हुन्छ । तपाईंले कुन औषधी खानुभयो वा कुन परीक्षण गराउनुभयो, उल्लेख गर्नुभएको छैन ।

**समस्या के होला ?**

माथि नै भनिसकियो कि सामान्य रूपमा पनि योनिबाट पानी बग्न सक्छ र यो गन्हाउने नभए पनि यसको विशेष गन्ध भने हुन्छ । यदि त्यसलाई नै गन्धरहित पार्नुपर्छ भन्ने सोच्नुभएको भए सायद सम्भव नहोला । यसैलाई तपाईंले असामान्य मान्नुभएको त होइन होला । सामान्य कुरालाई असामान्य मानेपछि उपचार गर्न गाह्रो पर्छ नै । तपाईंले लेख्नुभएको त छैन, तर आवश्यकताभन्दा बढी सरसरफाइ गर्न कडा साबुन प्रयोग गर्ने वा योनिमा पानी पठाई अधिक सरसफाइ गर्ने वा सुगन्धयुक्त स्प्रे वा डियोडेरान्टको अत्यधिक प्रयोग गर्ने बानी पनि समस्याको कारण बन्न सक्छ । यस्तो स्थितिमा सुतीको भित्री पहिरन प्रयोग गर्नु आवश्यक छ ।

यदि तपाईंले चिकित्सकको सिफारिसविना प्रयोग गर्न नपाइने औषधीहरूको प्रयोग पसलबाट त्यसै मागेर ल्याई सेवन गर्नुभएको भए ठीक निदान र उपचार ठीक पर्‍यो कि परेन विचार गर्नुपर्ने हुन्छ । अनावश्यक रूपमा एन्टीबायोटिक, स्टोरोइड भएका औषधी प्रयोग गर्दा समस्या केही समय निको भएजस्तो भए पनि पछि गएर अझ चर्कन सक्छ ।

तल्लो पेट वा ढाड एकदमै दुखे तातो वस्तुले सेक्ने, आफूलाई सजिलो लाग्ने कुनै हल्का काम गर्ने, तातो पानीले नुहाउने, केही तातो पेय पदार्थ पिउने तथा पेटमा हल्का मालिस गर्नेजस्ता घरेलु उपाय अपनाउन सकिन्छ । यति गर्दा पनि नभए स्वास्थ्यकर्मीको सल्लाहमा पीडा कम गर्ने औषधी खानुपर्ने हुनसक्छ, तर समस्या कम नभए एकपल्ट पक्का हुन स्त्रीरोग विशेषज्ञको सल्लाह लिनु बेस हुन्छ । यदि प्रजनन अङ्गसम्बन्धी कुनै खराबी नभेटिए पनि समस्या कम नभएको स्थितिमा हाडजोर्नी विशेषज्ञलगायत अन्य विशेषज्ञ चिकित्सकको सल्लाह लिनुपर्ने हुनसक्छ ।


अब गर्व गरौ
100% Handsome & Beauty
३ महिनामा ३ इन्चसम्म उचाई बढाउन सफल
Height Plus
अन्तराष्ट्रिय होलोग्राम सहित
डेलिभरी सुविधा
रात परेपछि
नयाँ उमंग, नयाँ आनन्द
यौनः लिङ्गको विकास, शीघ्र पतन, दुर्वलता
स्तनः बढाउन, घटाउन र टाइट गर्न
शरीरः ३ महिनामा 12kg घटाउन, बढाउन
कुलतः जाँड रक्सीबाट पूर्ण मुक्ति 061-240234
0% side effect 100% effective
100% आयुर्वेदिक औषधि
4672065, 2084130
2172882, 9841883397

ग्यारेन्टी उपचार
No side effect, 100% Gurantee
With Home Delivery
शारिरीक तौल
चाहेजति बढाउन घटाउन सक्ने
यौनः
शिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्गको लम्बाई तथा मोटाई बढाउन।
स्तन, गुप्ताङ्ग
बढाउने, घटाउने तथा टाईट गर्ने।
अनुहारः
पोतो, चाँया, डण्डिफोर तथा wrinkle हटाउने।
gaurranty_upachar@yahoo.com
2121576 9841570546
9803326359 2325352

सुखी विवाहित जीवनको लागि
सेवाको १४ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस् ।
भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर रातोपुल पारीपट्टी काठमाडौं

ENGLISH LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिंदैछ ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं ।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel :- 4249576

# आवश्यकता शैक्षिक परामर्शको

हरिप्रसाद भण्डारी

नुवाकोटको दाङसिङ मा.वि.बाट द्वितीय श्रेणीमा प्रवेशिका उत्तीर्ण गरेकी रमा श्रेष्ठ (१७) कुन कलेजमा कुन विषय पढ्ने भन्ने कुरामा अलमलमा छिन् । अहिलेसम्म कुन विषय पढ्दा के हुन्छ भन्ने जानकारी नभएको उनी बताउँछिन् । श्रेष्ठ भन्छिन्– 'पहिले साइन्स पढौं कि जस्तो लागेको थियो तर अहिले कमर्स पढौंजस्तो लागेको छ ।' त्यस्तै कालिका कन्या मन्दिर मा.वि., कम्पुटोल, बाग्लुङबाट प्रथम श्रेणीमा प्रवेशिका उत्तीर्ण गरेका केशव शर्माको अवस्था पनि उस्तै छ । उच्च शिक्षा आर्जन गरेको मानिस घरपरिवारमा नभएको र स्कुलमा शिक्षकहरूबाट पनि कहिल्यै उच्च शिक्षाका बारेमा जानकारी नपाइएको उनको भनाइ छ ।



काठमाडौं उपत्यकालगायत अन्य सहरी क्षेत्रमा विद्यार्थीहरूका लागि शैक्षिक परामर्शको धेरै चर्चा भए पनि नेपालका अधिकांश विद्यार्थी शैक्षिक परामर्शका सम्बन्धमा अनभिज्ञ छन् । आफ्नो क्षमता कस्तो छ, कुन विषय पढ्दा के हुन्छ, आफूलाई मन लागेको विषय कहाँ पढ्न पाइन्छ भन्ने कुरामा उनीहरूमा द्विविधा भएको पाइन्छ । त्रिभुवन विश्वविद्यालय मनोविज्ञान केन्द्रीय विभागका कार्यकारी प्रमुख डा. रीता श्रेष्ठका अनुसार शैक्षिक परामर्श भनेको विद्यार्थी र उसको विद्यमान व्यवहारमा परिवर्तन गर्न सहायता प्रदान गर्ने कार्यकर्ताबीचको योजनाबद्ध अन्तर्क्रिया हो । यसमा विद्यार्थीको शैक्षिक पृष्ठभूमि, स्वास्थ्य, अध्ययन बानी, रुचि, क्षमता एवं कमी-कमजोरीहरूको अध्ययन गरी उनीहरूको चाख र क्षमताअनुसार सही विषय छनौट गर्न सक्षम बनाइन्छ ।

आधुनिक सुखसुविधा, सञ्चारको पहुँच, साथीभाइहरूसँगको अन्तर्क्रिया, शिक्षित समाज– यिनै विभिन्न कारणले सहरी परिवेशका विद्यार्थीहरू आठ-नौ कक्षामा हुँदै म भविष्यमा यस्तो बन्छु, म यो विषय पढ्छु, त्यसका लागि मैले यसरी पढ्नुपर्छ भनेर पूर्वनिर्धारित भै लागेका हुन्छन् । केही वर्षयता उपत्यकामा प्लस टु कलेजहरूको संख्या ह्वात्तै बढेको छ । तीव्र प्रतिस्पर्धाका कारण प्लस टुहरूले विद्यार्थी आफूतिर तान्न विभिन्न उपाय अपनाउने गरेका छन् । विद्यार्थीहरूको रुचि, क्षमताअनुसार उपयुक्त परामर्श दिई सही विषय छनौट गर्न सहयोग गरिने ग्रिनविच एकेडेमी उच्च मा.वि.का प्रिन्सिपल मोहन घिमिरे बताउँछन् ।

घिमिरेका अनुसार विद्यार्थीहरूको रुचि, क्षमता एवं लगावलाई मापन गर्दै यो संकायमा यो विषय अध्ययन गर्नु उपयुक्त हुन्छ भनेर परामर्श दिने गरिएको छ । आमाबुबाको सपना एउटा र छोराछोरीहरूको सपना अर्को हुँदा दुवै पक्षको कुरा सुनेर उनीहरूलाई भिन्नाभिन्नै परामर्श दिई विद्यार्थीको हितमा सही निर्णय गर्न सहयोग गरिने सोही स्कुलकी प्रशासकीय अधिकृत सरिता भट्टराई बताउँछन् ।

पद्मोदय उच्च मा.वि., काठमाडौंका प्रधानाध्यापक रमेशप्रसाद गौतम शैक्षिक परामर्शको आवश्यकता महसुस गरी २०५६ सालमा स्व. डा. त्रैलोक्यनाथ उप्रेती, नागरिक समाजका अगुवा डा. देवेन्द्रराज पाण्डे र आफूसहित भएर 'नागरिक शिक्षा प्रवर्दन समाज' स्थापना गरेर विद्यार्थीहरूलाई शैक्षिक परामर्श दिन सुरु गरेको बताउँछन् । देशका विभिन्न जिल्ला जस्तै धनकुटा, काभ्रे, चितवन लगायत अन्य ठाउँमा राष्ट्रिय स्तरका गोष्ठीसमेत सञ्चालन गरेको उनको भनाइ छ ।

आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरू प्लस टु कलेजभन्दा सस्तो भएकाले त्रिभुवन विश्वविद्यालय अर्न्तगतका विभिन्न क्याम्पसमा उच्च शिक्षाका लागि आउँछन् । सरकारी क्याम्पसहरूमा पनि विद्यार्थीहरूलाई उचित परामर्श प्रदान गरिने सम्बद्ध व्यक्तिहरूको भनाइ छ । आर. आर. क्याम्पस, काठमाडौंका प्रमुख गोपालचन्द्र पोखरेल परामर्शका लागि भनेर छुट्टै निकाय नभए पनि विद्यार्थीहरूको रुचि, इच्छा र आवश्यकताअनुसार अन्य निकायबाट आवश्यक जानकारी दिने गरिएको बताउँछन् । पोखरेलका अनुसार सर्वप्रथम क्याम्पस प्रशासनबाट विद्यार्थीहरूलाई उनीहरूको योग्यता एवं चाहनाअनुसार विषयगत जानकारी दिइन्छ ।

त्यसै गरी विभिन्न विद्यार्थी संगठनलगायत स्ववियुले पनि विद्यार्थीहरूलाई क्याम्पस प्रशासन तथा विषय छनौट गर्न सहयोग गर्ने गरेका छन् । क्याम्पसमा भर्ना भैसकेपछि अभिमुखीकरणका माध्यमबाट शिक्षकहरूले विभिन्न विषयका उद्देश्य र त्यसको क्षेत्रहरूका बारेमा विद्यार्थीहरूलाई जानकारी दिने गरिएको सोही क्याम्पसकी सहायक प्रमुख निर्मलाकुमारी सुवाल बताउँछिन् । स्ववियु सभापति नवराज पौडेलका अनुसार ८० प्रतिशतभन्दा बढी विद्यार्थी उपत्यकाबाहिरबाट आउने हुनाले उनीहरूलाई क्याम्पसको भौतिक, प्रशासनिक एवं विषयगत अध्ययनका सम्बन्धमा जानकारी दिइन्छ । विश्वविद्यालयहरूले शुभकामना विज्ञापन दिने नाममा हजारौं खर्च गर्नुको सट्टा क्याम्पसको सम्पूर्ण अवस्था एवं विभिन्न विषयको जानकारीसहित सार्वजनिक सञ्चारमाध्यमबाट विद्यार्थीहरूलाई जानकारी दिनुपर्नेमा उनको जोड छ ।

नेपालमा परामर्श दिने केही संस्था भए पनि तिनीहरूले सम्पूर्ण विद्यार्थीलाई समेट्न सकेका छैनन् । सहरी क्षेत्रमा पनि परिवारको इज्जत र सामाजिक प्रतिष्ठाका लागि विद्यार्थीहरूले आफ्नो रुचि र क्षमताबाहिरको विषय पढ्नुपर्ने बाध्यता रहेको त्रिभुवन विश्वविद्यालय मनोविज्ञान केन्द्रीय विभागका उपप्राध्यापक नन्दिता शर्मा बताउँछन् । यसले गर्दा विद्यार्थीहरूमा डिप्रेसन हुने, लागूपदार्थको दुर्व्यसनमा फस्नुका साथै कति विद्यार्थीले त आत्महत्यासम्म गरेको शर्माको कथन छ ।

चाहे निजी हुन् वा सरकारी शैक्षिक संस्था दुवैसँग सम्बद्ध व्यक्तिहरू विद्यार्थीहरूलाई उचित शैक्षिक परामर्शको आवश्यकता रहेको कुरामा एकमत देखिएका छन् । निजी प्लस टुहरूले विद्यार्थीहरूलाई आफू, समाज र राष्ट्रियताप्रति आफ्नोपनको भावना जागृत हुने किसिमले परामर्श दिनुपर्ने धारणा प्रधानाध्यापक रमेशप्रसाद गौतमको छ । त्यसै गरी विकेन्द्रीकरणको सिद्धान्तअनुसार देशका प्रत्येक ठाउँमा विद्यार्थीहरूलाई आफ्नो रुचि, क्षमता तथा योग्यताका आधारमा उपयुक्त विषय छनौट गर्न सक्षम बनाउन सरकारी निकायबाट शिक्षकहरूलाई पर्याप्त तालिमको व्यवस्था गर्नुपर्ने धारणा प्रमुख डा. रीता श्रेष्ठको छ । त्यस्तै उपप्राध्यापक नन्दिता शर्माको विचारमा शिक्षकहरूलाई तालिम दिएर उनिहरूलाई उचित परामर्श दिन सक्ने बनाउनु आवश्यक देखिन्छ ।

# खोजी राम्रो कलेजको

आशिष लुइँटेल

एसएलसीमा सहभागी भै उत्तीर्ण हुने सबै जनालाई हार्दिक बधाई । अब भविष्यको निर्णय लिने महत्त्वपूर्ण समय आजभोलि नै हो । यो बेला जे निर्णय लिइन्छ भविष्य पनि त्यस्तै हुन्छ । यतिबेला सबैको मन लोभ्याउने विज्ञापनहरू प्रचारमा छन् । एकैछिन, रेडियो, टेलिभिजन तथा पत्रपत्रिकामा दिनहुँजसो आइरहने केही विज्ञापन :

• परीक्षामा धेरै नम्बर कसरी ल्याउने ? अनि स्कुल कलेज जाँदै नगै वा किताबै नपढी कसरी उत्तीर्ण हुने ? के तपाईं चिन्तामा हुनुहुन्छ ? अब चिन्ता नलिनुस् वरिष्ठ लेखकको गाइडबुक बजारमा सर्वत्र उपलब्ध छ, खोजी-खोजी पढौं ।

• के तपाईं विदेश गएर पढ्न चाहनुहुन्छ ? वा संसारका राम्रा कलेज/विश्वविद्यालय कुन् हुन भन्ने खोजीमा हुनुहुन्छ ? यदि त्यसो हो भने हामी तपाईंकै साथमा छौं, आजै सम्पर्क गर्नुहोस् ।

भर्खरै एसएलसी उत्तीर्ण गरेका विद्यार्थीले राख्न सक्ने जिज्ञासा र त्यसको सहज (?) समाधानसहितका विज्ञापनले अवश्य पनि ध्यान खिच्छ नै । छ्यापछ्याप्ती पाइने थरीथरीका परीक्षा सहयोगी पुस्तिकाले विषयगत रूपमा उत्तीर्ण गर्ने वा बढी नम्बर ल्याउने काइदा सिकाउँछ । ती न महँगा हुन्छन्, न त बुझ्न कठिन नै अनि विद्यार्थीको शैक्षिक आर्थिक औकातअनुसारका कलेज पत्ता लगाएर भर्ना गरिदिने र भिसा लिन सघाउनेसम्मका काम गरिदिने भनेर शहरका गल्ली-गल्लीमा विदेशमा पढ्न चाहनेहरूलाई सल्लाह (काउन्सिलिङ) दिने संस्थाहरू खुलेका छन्, जसको सञ्जाल नै खडा भैसकेको छ ।

तर बिडम्बना ! मेरो योग्यता, रुचि र औकातअनुसारको विषय कहाँ पढाइ हुन्छ ? अनि कस्तो कलेजलाई राम्रो भन्ने ? धेरै 'फि' लिने राम्रा हुन् वा थोरै लिने नै राम्रा ? सरकारीमा राम्रो पढाइ हुन्छ कि 'निजी' मा ? ठूला-ठूला 'बिल्डिङ' र ठूलो खेलमैदान भएका राम्रा हुन् वा आकर्षक 'ड्रेस' हुने ? यसो हेर्दा प्रश्नहरू सहज लाग्छन्, तर व्यावहारिक रूपमा उत्तर पाउन धेरै गाह्रो छ । परीक्षा परिणाम (एसएलसीको) र थुप्रै कलेजले आफू 'अरूभन्दा ज्यादै गतिलो रहेको' भनी गर्ने दाबीले मुलुकभित्रै त्यस्तै राम्रो कलेज वा उच्च मा.वि.को खोजीमा लाग्ने औसत शिक्षार्थी र तिनका अभिभावकले ठूलै अन्यौल भोग्नुपर्छ ।

साथीको कुरा सुन्ने कि, घरको कुरा मान्ने कि, विज्ञापनको पछि हिंड्ने कि ? के गर्ने, के नगर्ने ? दोधारमा परिन्छ ।



**कस्ता विद्यालय राम्रा ?**

• समूहगत भूमिका निर्वाह गराउने, देश-विदेशका तत्कालका विषयमा खुलेर बहस, छलफल गर्न सिकाउने खालका विद्यालयको खोजीमा लाग्नुपर्छ ।

• प्लस टु उत्तीर्ण गरिसकेका विद्यार्थीहरूसँग पनि सोध्नुपर्छ । यदि उनीहरूले आफू पढेको स्कुल कलेज राम्रो हो भने त्यो राम्रो हुन्छ ।

• व्यवस्थापकीय पक्ष राम्रो भएको जहाँ दक्ष शिक्षकका साथ शिक्षण विधि आधुनिक छ, त्यस्तो विद्यालय राम्रो हो ।

• त्यहाँबाट उत्पादित विद्यार्थीहरूले बजारमा कतिसम्म प्रतिस्पर्धा गर्न सकेका छन् र बाँकी पढाइका लागि राम्रा इन्स्टिच्युटहरूमा कतिले नाम निकाल्न सकेका छन्, त्यो महत्त्वपूर्ण कुरा हो न कि कति जना टपर भए वा नतिजा कति राम्रो आयो मात्रै ।

• सैद्धान्तिक एवं व्यावहारिक ज्ञानको महत्त्वलाई उत्तिकै बुझेर शिक्षा दिन सक्ने विद्यालय राम्रो हो ।

• धान्न सकिने शुल्क, दक्ष शिक्षक-शिक्षिका, खेलमैदानसहितको सुविधायुत्त भवन, शान्त वातावरण, कुशल व्यवस्थापन, पर्याप्त अतिरित्त क्रियाकलाप एवं उच्च नतिजा भएका विद्यालय राम्रा विद्यालय हुन् ।

**राम्रा विद्यालय कसरी छान्ने ?**

• आफ्नो लक्ष्य पहिल्याउनुपर्छ । के बन्ने ? त्यसका लागि के पढ्नुपर्छ भन्ने विषयमा स्पष्ट हुनैपर्छ। कस्तो 'क्यारियर' बनाउन चाहेको हो परिवारसँग छलफल गरेर मात्र निर्णय गर्नुपर्छ।

• अब लक्ष्य र पढाइ निर्धारणपछि कुरा आउँछ पैसाको अर्थात 'फि'को । कतिसम्म 'अफोर्ड' गर्न सकिन्छ ? त्यस्तै विद्यालय छान्न हिचकिचाउनु हुँदैन । आफ्नो इच्छा, आकांक्षा, पैसा अनि सुलभ स्थान (बसाइनजिक) सबै सुहाउँदो हेरेर मात्र विद्यालय छान्नुपर्छ ।

• कोरा किताबी ज्ञानमा मात्र लाद्ने विद्यालय छनौटमा नपार्नु बेस । किताबी ज्ञानसँगै बौद्धिक विकासका लागि राजनैतिक अनि समाज र घरपरिवारको उतारचढावका बारेमा समेत सामाजिक क्षमता विकास गराउन सक्ने विद्यालयलाई रोजाइमा पार्ने प्रयास गर्नुपर्छ ।

• धेरै नभै थोरै विद्यार्थी भएका अनि उच्च माध्यामिक शिक्षा परिषद्बाट नियमित रूपमा अनुगमन भैरहने साथै दक्ष तथा विद्यार्थीलाई पूरा समय दिने शिक्षक भएका विद्यालयतर्फ छनौटमा पार्न सक्नुपर्छ ।

• हिजोआज विद्यालयका ब्रोसरहरू चिल्ला गाता भएका हुन्छन्, ठूल्ठूला कुरा लेखेर विद्यार्थी तथा अभिभावकलाई आकर्षित गर्ने प्रयासरत हुन्छ । त्यसैले प्रोस्पेक्टसमा लेखिएका कुरा त्यहाँ छ कि छैन भनेर तुलना गर्नुपर्छ, त्यसका लागि सिनियर विद्यार्थीहरूको सहयोग लिन सकिन्छ ।

• भर्ना गराउन विद्यालयमा पुग्न नपाई गेटैदेखि चाप्लुसी घस्दै सोफामा राखेर चिसो र तातो सोधी-सोधी ख्वाउने, टपरहरू आफ्नैमा पढ्छन् भनी प्रचारबाजी गर्ने तर सामान्य विद्यार्थीहरूको पनि राम्रोसँग हेरचाह गर्न नसक्ने थुप्रै विद्यालय छन्, तिनीहरूबाट आफूलाई बचाइएन भने ठुलै पश्चात्ताप बेहोर्नुपर्छ ।

उत्कृष्ट विद्यार्थी भर्ना गर्नेबित्तिकै अरू विद्यार्थी त्यत्तिकै आकर्षित हुने मनोवैज्ञानिक छाप परेका विद्यालय-कलेजहरूको सोचाइमा धक्का पुऱ्याउनु अत्यावश्यक छ । एक-दुई जना उत्कृष्ट विद्यार्थी त्यहाँ भर्ना हुँदैमा त्यही कलेज नै राम्रो हो भन्नु सरासर गलत हो । त्यसो त परीक्षाफल शतप्रतिशत हुँदैमा कलेजको स्तर राम्रो हुनैपर्छ भन्ने हुँदैन ।

थुप्रै विद्यार्थीले कलेजहरूमा फर्म भर्ने र नाम निस्किएपछि सबै सुविधा हेरेर मात्रै पढ्ने निर्क्यौल निकालेर बसेका पनि छन् र अहिलेसम्म कुनै पनि कलेज रोज्न सकेका छैन । त्यसो त रेडियो, टेलिभिजन, पत्रपत्रिकामा फैलाइएका विज्ञापनकै भरमा कलेज पुग्नेहरू निराश हुनुपर्ने पनि देखिन्छ । 'देखिए र सुनिएजस्तो न भौतिक सुविधा न गुणस्तरीयता ?' विज्ञापनकै भरमा पढ्न पुगेकी मेरी बहिनी सन्ध्या भन्छिन्- 'गलत छनौट गरिएछ ।'

*(लुइँटेल काठमाडौं विश्वविद्यालयमा इन्जिनियरिङ गर्दैछन् ।)*


## जन्मदिनको शुभकामना



प्राणशु बोहरा २०६१ असार २८
सविन खनाल २०६२ असार २८
महेश मरासिनी २०५८ असार २८
शान्ता मरासिनी २०५५ असार ३०
सवीर थापा २०५७ असार ३०
अनिश कटवाल २०६० असार ३१
सायोग राई २०६० असार ३१
मानसी सोडारी २०६२ असार ३१
रितेश थापा २०६४ असार २७
अभिषेक पराजुली २०५९ असार ३१
दीपेन्द्र अधिकारी २०५६ साउन २
आदित्य तिमिल्सिना २०५७ असार ३०
डेबिड थापा २०६० असार ३०
शुभांश श्रेष्ठ २०६१ असार २७

जन्मदिनको शुभकामना

नाम :.......................................................

जन्म मिति :..................................................................

स्कुल :....................................................

ठेगाना : ............................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।



# आशक्ति अंग्रेजीको

'काला अक्षर भैंसी बराबर' हुन् वा दुई छाक टार्न धौ-धौ हुने अभिभावक सबैले आफ्ना छोराछोरीलाई ठूलै लगानी गरेर अंग्रेजी माध्यमको विद्यालयमा पढाइरहेका छन्। अंग्रेजी माध्यमको विद्यालयप्रति उनीहरूको आशक्तिको एउटै कारण हो- अंग्रेजी। धेरैको बुझाइमा अंग्रेजी जान्नु नै शिक्षा हो। अंग्रेजी माध्यमको विद्यालयमा पढायो भने छोराछोरीले खरर अंग्रेजी बोल्न जान्छन्, अंग्रेजी जान्ने भएपछि उनीहरूलाई 'गरिखान' धेरै विघ्नबाधा झेल्नुपर्दैन भन्ने धारणा अधिकांश अभिभावकको छ।

अहिले श्रम बजारमा अंग्रेजीको माग यति विघ्न छ कि ड्राइभर, सुरक्षा गार्ड र पियनका लागि समेत अंग्रेजी बोल्न र लेख्न सक्नेलाई नै छनौटको आधार बनाउन थालिएको छ। आफ्नो विषयवस्तुमा जतिसुकै पोख्त भए पनि अंग्रेजी नजान्ने व्यक्तिको प्रतिभाले प्राथमिकता पाउन छाडेको छ। यसैकारण औपचारिक शिक्षाको उपल्लो डिग्री हासिल गरिसके पनि अंग्रेजी कमजोर भएका प्रतिष्ठित व्यक्तिहरूलाई समेत ल्याङ्ग्वेज इन्स्टिच्युटतिर देख्न सकिन्छ।

नेपाली समाजमा देखिएको अंग्रेजी मोह भारतमा अंग्रेज साम्राज्यको स्थापना पछि देखिएको बताउनुहुन्छ प्रा.डा. अभि सुवेदी। डा. सुवेदीका अनुसार भारतमा अंग्रेज शासनको प्रारम्भपछि उनीहरूमा देखिएको शक्ति, प्रतिष्ठा, मान, मर्यादा आदि सबै अंग्रेजीकै कारण भएको सोचाइ नेपाली समाजमा विकसित हुँदै गयो। तत्कालीन समयको अंग्रेजी मोहप्रति व्यंग्य गर्दै महाकवि लक्ष्मीप्रसाद देवकोटाले 'हाइ हाइ अंग्रेजी' शीर्षक निबन्धमा लेख्नुभएको थियो- 'अंग्रेजी पढ्नेलाई कुलीनका छोरी छन्, बाबुसाहेवहरूका घरमा मेच, स्कुलमा घडी, कलेजमा दाह्री, व्यापार केन्द्रमा पैसा, परराष्ट्र अफिसमा इज्जत, भाषानुवादमा बोलावट, रोटीमा नौनी, विदेशमा रवाफ, स्वदेशमा धाक, साथीभाइहरूमा नाक, घन्टामा पचास र संसारमा सुवास, हाइ ! अंग्रेजी !'

नेपाली समाजमा बढ्दो अंग्रेजी मोहकै कारण अंग्रेजी माध्यमका विद्यालयहरूले आफ्नो विद्यालयलाई अंग्रेजी माध्यममा पढाइ हुने विद्यालय भनेर जोडतोडका साथ प्रचार गर्ने गरेका छन्। वास्तवमा लगानी उठाउने भरपर्दो माध्यम भएको छ अंग्रेजी तर बुझ्नुपर्ने कुरा के हो भने हाम्रो शैक्षिक प्रणालीभित्र अंग्रेजी भाषाले जुन रूप लिँदै गएको छ त्यसअनुसार विद्यार्थीहरूमा विषयवस्तु बुझाइको धरातलचाहिँ बढ्न सकेको छैन। अंग्रेजी माध्यमका विद्यालयहरूले दिने अंग्रेजी शिक्षा 'सुगा रटाइ' को तहभन्दा माथि उठ्न सकेको छैन। अंग्रेजी माध्यमका विद्यालयहरूबाट उच्चतम अंक ल्याई एसएलसी उत्तीर्ण गरेका 'मेघावी' विद्यार्थीहरूसमेत विश्वविद्यालय तहको परीक्षामा अनुत्तीर्ण हुनु अंग्रेजी माध्यमका विद्यालयहरूको 'सुगा रटाइ' पढाइकै परिणाम हो।

रोजगारीका लागि खोलिएका विज्ञापनहरूमा औपचारिक शैक्षिक योग्यतासँगै 'अंग्रेजी बोल्न र लेख्न जान्ने' विशेष दक्षतासमेत माग्न थालिएको छ, जसले गर्दा ल्याङ्ग्वेज इन्स्टिच्युट धाउनेहरूको भीड बढ्दो छ। यस्ता इन्स्टिच्युटले सिकाउने अंग्रेजी पनि त्यति भरपर्दो छैन। किनभने तीनदेखि छ महिनाको छोटो अवधिमै कसरी अंग्रेजी जान्ने बनाउन सकिन्छ ?

अंग्रेजीको माग बढेअनुसार दक्ष अंग्रेजी जनशक्तिको भने हामीकहाँ अभाव नै छ। त्यसैले अर्धदक्ष जनशक्तिले अंग्रेजी पढाइरहेको तर्फ औंल्याउँदै प्रा. डा. सुवेदी भन्छन्- 'अंग्रेजीमै पढाउनुपर्ने बाध्यात्मक वातावरणका कारण अधिकांश शिक्षकहरू आफूले जानेका कतिपय कुरा भाषिक समस्याका कारण विद्यार्थीलाई बुझाउन असमर्थ छन्।' अंग्रेजी भाषामै पढाउनुपर्छ भन्ने मान्यता नै गलत भएको बताउँदै डा. सुवेदी भन्छन्- 'अंग्रेजीका पुस्तकहरू पढाउनुपर्छ तर अंग्रेजीमा समस्या भए नेपालीमा बुझाउनुपर्छ।'

**– रोहित पराई**



# आईईएलटीएसतिर आकर्षित युवायुवती

अध्ययनका लागि अमेरिका, बेलायत, अस्ट्रेलिया, जर्मनीजस्ता विकसित मूलुकमा जान चाहनेहरूले टोफेल एवं आईइएलटीएस पढेर तोकिएको अंक ल्याउनुपर्छ। तोकिएको अंक प्राप्त गरिसकेपछि मात्र आफूले पढ्न खोजेको विश्वविद्यालयले भर्ना गर्छ। टोफेल र आईइएलटीएस अध्ययनको मुख्य उद्देश्य विद्यार्थीहरूलाई अंग्रेजी भाषामा दक्ष बनाउनु हो।

न्यू अक्सफोर्ड ल्यांग्वेज बागबजारका प्रबन्ध निर्देशक सुमन थापामगरका अनुसार प्रत्येक वर्ष एक हजारभन्दा बढी विद्यार्थी टोफेल गरेर अध्ययनका लागि अमेरिका जाने गरेका छन् भने आईइएलटीएस गरेर बेलायत तथा अस्ट्रेलिया जानेहरूको संख्या पनि बढ्दो छ। राम्रो अंग्रेजी भएकाहरूले केही समयको अध्ययनपछि राम्रो स्कोर ल्याउन सक्छन् भने कमजोर विद्यार्थीहरूले कडा मेहनत गर्नुपर्छ। टोफेल तथा आईइएलटीएस पार गर्न सुन्न, लेख्न दुवैमा दक्षता हासिल गर्नुपर्छ।

अहिले टोफेल र आईइएलटीएसका परीक्षा कम्प्युटरमार्फत् हुने गरेकाले कम्प्युटरको ज्ञान हुनुपनि अनिवार्य हुन्छ। टोफेल गर्न केही वर्ष अघिसम्म निकै अप्ठ्यारो थियो। प्रशस्त शैक्षिक सामग्रीसमेत पाइँदैनथ्यो तर अहिले अडियो एवं भिडियो गरी सम्पूर्ण सामग्री बजारमा सजिलै पाउन सकिन्छ।

**के हो टोफेल ?**

टोफेलको पूरा रूप 'टेस्ट अफ इंग्लिस एज अ फरेन ल्याङ्वेज' हो। यो अमेरिकी विश्वविद्यालयमा पढ्न चाहने विद्यार्थीका लागि अनिवार्य गरिएको छ। स्तरीय एवं नाम चलेका विश्वविद्यालयमा भर्ना हुन टोफेलमा उच्च अंक ल्याउनु अनिवार्य गरिएको हुन्छ भने कतिपय विश्वविद्यालयमा भर्ना हुन अलिक कम अंक प्राप्त गरे पनि हुन्छ। यसका लागि विश्वविद्यालयले छुट्टाछुट्टै अंक तोक्ने गरेको तथा त्यसैअनुसार विद्यार्थी भर्ना हुन गरेको अमेरिकन एजुकेसनल कन्सल्टेन्सी, लैनचौरका संस्थापक भाष्करमान सिंह बताउँछन्। टोफेलले मुख्य रूपमा पढाइ, लेखाइ, बोलाई तथा सुनाइलाई महत्त्व दिएको हुन्छ। यसको अध्ययन गर्दा विद्यार्थीले यी चारवटै विधि प्रयोगात्मक एवं व्यावहारिक दुवै उपायबाट अपनाउनुपर्छ।

छ हप्ताको टोफेल कोर्स गरिसकेपछि अमेरिकन सेन्टरले परीक्षा लिन्छ। टोफेलको परीक्षा दिन एक सय ४० अमेरिकी डलर चाहिन्छ भने अन्य शैक्षिक सामग्रीका लागि थप रकमको आवश्यकता पर्छ। काठमाडौंलगायत देशका अन्य भागमा टोफेल पास गर्न सघाउ पुऱ्याउने उद्देश्यले दर्जनौं इस्टिच्युट खुलेका छन्। यी इस्टिच्युटहरूले छ साताको सैद्धान्तिक कक्षा तथा छ साताको प्रयोगात्मक कक्षा कम्प्युटरको माध्यमबाट लिइन्छ।

**के हो आईइएलटीएस ?**

आईइएलटीएसको पूर्ण रूप 'इन्टरनेसनल इंग्लिस ल्यांग्वेज टेस्टिङ सिस्टम' हो। बेलायत, अस्ट्रेलिया, न्युजिल्यान्ड आदि मूलुकमा अध्ययनका लागि जान चाहनेहरूले उक्त कोर्सको अध्ययन अनिवार्य रूपमा गरेको हुनुपर्ने व्यवस्था छ। जसका लागि छ हप्ताको कोर्स समावेश गरिएको छ। टोफेलको तुलनामा आईइएलटीएस केही सजिलो मानिन्छ।

युरोप तथा अमेरिका जान चाहने युवायुवतीहरूका लागि टोफेल र आईइएलटीएसको कोर्स अनिवार्य गरिएकाले सयौं युवायुवती यसतर्फ आकर्षित छन्। टोफेल तथा आईइएलटीएस सञ्चालन गर्दै आएका संस्थाहरू पनि त्यत्तिकै मौलाइरहेका छन्।

**–देवसिंह भण्डारी**

# Classified

## रोजगार

रिसेप्सनिष्ट-३, कार्यालय सहायक-२, प्रबन्धक-१, चाहियो, कामनपा ४,७,८,९,३५का लागि मात्र, ९८४१४६०१३७

For job www.jobnepal.weebly.com

महिला कर्मचारीहरु चाहियो, घरमै बसि पार्टटाइम, फुलटाइम काम गर्न सकिने ७०००। गौशाला४४६६७००

Online Data Entry Home Typist Redstar 9851106078, 2302518

NGO द्वारा निःशुल्कमा मोबाइल, रेडियो, टिभि, हाउसवाइरिङ्ग तालिम ४२६७३१६

## बिक्रीमा

नयाँ CHINA रिको मेसिन बिक्रीमा ४३५१४४१, ९८५१०४७७७६

## भाडामा

घर फ्ल्याट तुरुन्तै भाडामा लिनदिन ९८४१८१२०९५, २३६२७८०

## होटल तालिम

छुटमा कुक वेटर बारमेन क्याप्टेन तालिम ४२२७३४६

## मर्मत

Key Point ताल्चा साँचो मर्मत केन्द्र ९८४१२७७५३०, ९८४१४०६२६२

कम्प्युटर प्रविधीबाट मोवाइलफोन मर्मत टेलिभिजन, हाउसवाइरिङ्ग, तालिम साथै ५ जनालाई रोजगार दिइने, ०१-२४०५८३२

## कम्प्युटर तथा भाषा तालिम

कम्प्युटरका विभिन्न तालिम सिकी रोजगार बनौ, AUTO CAD,(2D & 3D) Tally, Fact, TATA-Ex, Basic Course, Hardware, 4499967, 9841233730

50% off computer Course का साथै सम्पूर्ण भाषाका कक्षाहरु संचालन हुदैछ, Sagarmatha Computer, Naya Bazar, 4383202, 9841318759

Bloom Academic Institute बालाजुमा विभिन्न कम्प्युटर तालिम , अंग्रेजी भाषा तथा सम्पूर्ण तहको त्गष्यतष्यल कक्षाहरु संचालन भइरहेकोमा मौकाको फाइदा लिई दक्ष शिप तथा ज्ञान आर्जन गनुहोस्, ०१६९१३६३८

## सम्पर्क

किस्ताबन्दीमा: ०% ब्याजदरमा, कम्प्युटर, टेलिभिजन, फ्रीज, वाशिङ्गमेसिन, डिभीडी, मोवाइल, पंखा, मिक्सचर, कोरियन ब्लाङ्केट, डिजिटल क्यामेरा, भ्याकुम क्लिनर, म्याट्रेस, वेल्जीयम कार्पेट, ग्यास चुलोसेट (एट्रेक्सन नेपाल प्रा.लि., २०८२७३५, २०१२७१७) शनिबार पनि खुल्ला रहनेछ।

जुनसुकै पत्रपत्रिकामा विज्ञापन गर्नुपरेमा सम्पर्क ५६३९६४५, ५६३९५९९, सुष्मीता विज्ञापन सेवा कौशलटार चौक।

अष्टनारायण हलसँगैको मालिकामाई स्टोर वालाजुमा Hard Drinks & soft Drinks का सम्पूर्ण सामानहरु होलसेल मुल्यमा पाइन्छ, ९८४१४४२५९५, ४३५१४५६

उच्चस्तरिय कपडा होलसेल मूल्यमा चाहे अनुसारको फिटिङ्गमा पाइने एकमात्र होलसेल पसल X-Press Jeans Wear, Makhan सुरज आर्केडसँगैको K.J complex Shop no: T-4, 9841463384, 9841424402

ऊँ साइबाबा एग्रोकन्सर्न बालाजुमा कृषि औजार, उपकरण, स्प्रेयमेसिन उन्नत तरकारी, फलफुलका बिउहरु, नर्सरी बेर्नाहरु, किटनासक बिसादीहरु मलखाद थोक तथा खुद्रा मुल्यमा पाइन्छ, २०८३०९७, ९८४१७३७७०४

Screen print, thesis binding, letter head, colour photo copy कालागि सम्झनुहोस् Artlex nepal ४२६९९०२

## शैक्षिक परामर्श

Study in Australia with job Guarantee 9841410133

## मेशिन औजार

२,३,४ बोरिङ्ग तथा फिल्टर गरेर खानेपानी निकालिन्छ, ९८०३६३५८४३,९८०३८०४०८३

## ब्यूटि पार्लर

बरिष्ठ ब्यूटिसियनद्धारा हेयरस्ट्रेट ग्यारेण्टीका साथ गर्नुका साथै ब्यूटिपार्लर सम्बन्धि सम्पूर्ण कार्यहरु सस्तो मूल्यमा गरिन्छ, न्यू आई.डि.एल. ब्यूटिपार्लर एण्ड ट्रेनिङ्ग सेन्टर, नयाँ बानेश्वर शिवदर्शन हल देखि ५० मिटर दक्षिण,पहिलो तल्लामा।

ऐश्वर्य ब्युटिपार्लरमा सोन्दर्य सम्बन्धी छोटो कोर्ष सिकाइदैछ, नयाँबानेश्वर, ९८०३१६०९००

## ड्राइभिङ्ग सिकौ

सुमन मोटर ड्राइभिङ्ग ट्रेनिङ्ग सेन्टर नयाँबजार खुशिवुमा महिलाद्धारा महिलाहरुलाई कार रु. ५०००। मोटरसाइकल रु. १५००। स्कुटर रु. २०००। मा सिकाइन्छ, ४३५७०८३, ९८४१२३४६९५

बुढाथोकी ड्राईभिङ्गमा ड्राइभिङ्ग सिकौं, नयाँबानेश्वर, २०४२५१७, ९८४१२३४५५२

नेशनल मोटर ड्राइभिङ्ग सेन्टर मा कार, मोटरसाइकल र स्कुटर ग्यारेन्टीकासाथ रु २५००-कार, रु १०००-मोटरसाइकल, सिकाइन्छ, ९७४१०८०४१५, २०६४१०३

## IELTS/ TOEFL

IELTS @ 3000, Books CD Free, Grand Max, 4485916

**Classified** मा बिज्ञापन दिई आफ्नो व्यापार बढाऔं।

**Rate :**
Normal Rs. 8/- प्रति शब्द
Color Bold Rs. 16/- प्रति शब्द

बिज्ञापन दिन र बुझ्नका लागि आफ्नो नजिकका कान्तिपुर बर्गीकृत संकलन काउण्टर तथा मोवाइल ९८४१-४१७०२२ मा सम्पर्क गर्न अनुरोध गरिन्छ।



# ललितकलाप्रति बढ्दो मोह

अहिले युवायुवतीहरूको ध्यान आमअभिभावकले रोज्ने डाक्टर, इन्जिनियरभन्दा फरक विषयतर्फ केन्द्रित हुन थालेको छ। सैद्धान्तिक शिक्षाको विकर्षणसँगै व्यावहारिक शिक्षाको खाँचो बढ्दै जाँदा ललितकलासम्बन्धी ज्ञान हासिल गर्ने युवायुवतीहरूको संख्या बढ्दो छ। नेपालमा ललितकलासम्बन्धी अध्ययन गर्न काठमाडौंको भोटाहिटीस्थित ललितकला क्याम्पस र काठमाडौं विश्वविद्यालयको सम्बन्धन प्राप्त कला क्याम्पस सञ्चालनमा छ। त्यस्तै, गत वर्षदेखि सिर्जना कलेजमा समेत ललितकलासम्बन्धी पठनपाठन गराइँदै आएको छ।

वि. सं. १९९४ मा आर्ट स्कुल र जुद्धकला पाठशालाका रूपमा स्थापना भएको ललितकला क्याम्पसमा मानविकी संकायअन्तर्गत मूर्तिकला, चित्रकला, संगीत र गायनमा स्नातक तहसम्म अध्ययन गर्न सकिन्छ। त्रिभुवन विश्वविद्यालयको सम्बन्धन प्राप्त यो कलेजमा न्युन शुल्कमा व्यावहारिक शिक्षा लिन पाउने अवसर भएकाले अहिले विद्यार्थीहरूको आकर्षण बढ्दै गएको पाइन्छ।

'यो कलेजबाट अध्ययन पूरा गर्ने विद्यार्थीलाई रोजगारीको अभाव हुँदैन' नेविसंघ क्याम्पस इकाईका अध्यक्ष नगेनसिंह प्रभात भन्छन्- 'यहाँबाट लिइने व्यावहारिक शिक्षाले विद्यार्थीलाई ललितकलाको क्षेत्रमा पूर्ण दक्ष बनाउँछ।' सिंहका अनुसार यहाँ व्यावहारिक शिक्षा हासिल गरिने हुनाले अध्ययन पूरा गरिसकेपछि काम खोज्नु नपर्ने बरु कामले नै मानिसलाई खोज्दै आउने स्थिति हुन्छ।

ऐच्छिक विषयहरू पूर्णत: प्रयोगात्मक भएकाले यो शिक्षा सैद्धान्तिक शिक्षाभन्दा बढी प्रभावकारी भएको प्राध्यापक उत्तम शाक्य बताउँछन्। मूर्तिकलाका प्राध्यापक शाक्यका अनुसार शैक्षिक बेरोगारको संख्या बढ्दै गएकाले विद्यार्थीहरू व्यावहारिक शिक्षाप्रति आकर्षित हुने गरेका छन्।

यो क्याम्पसमा मूर्तिकलाका तीन छुट्टाछुट्टै विधामा अध्यापन गराइन्छ। मूर्तिकलाअन्तर्गत पस्तरकला, काष्टकला र धातुकलासम्बन्धी ज्ञान दिइन्छ। यस विषयमा दक्षता हासिल गरिसकेका विद्यार्थीहरू स्वरोजगार मात्र नभै वैदशिक बजारमा समेत आफ्नो प्रतिभा देखाउन सक्षम हुन्छन्, तर मूर्तिकला अध्ययनको आफ्नै प्रकृति भएकाले सैद्धान्तिक अध्ययन गरिने अन्य विषयजस्तो सजिलो नहुने प्राध्यापक शाक्यको ठहर छ। लामो अभ्यास एवं महँगो प्रयोगात्मक सामग्रीका कारण यो विषय अध्ययन गर्न चाहने विद्यार्थीहरूमा गहन रुचि र धैर्यता उत्तिकै महत्त्वपूर्ण हुन्छ।

प्रमाणपत्र तहमा मूर्तिकलाको आधारभूत सेट मेडलिङ तथा अपडेट मेडलिङको ज्ञान दिइन्छ। दोस्रो वर्षमा कम्पोजिसन एवं आँखा मुख आदिको ज्ञान दिइन्छ, साथै, हेड स्टडी तथा काष्ठमूर्तिकला पनि सिकाइन्छ। स्नातक पहिलो वर्षमा संयोजनसम्बन्धी विस्तृत ज्ञान र दोस्रो वर्षमा पस्तरकला तथा कम्पोजिसन र तेस्रो वर्षमा पूरा शरीर तथा धातुको मूर्ति बनाउन सिकाइने प्राध्यापक शाक्यले बताए।

यसैगरी गायनमा पनि छुट्टै तीन विधामा अध्यापन गराइने प्राध्यापक रविनलाल श्रेष्ठ बताउँछन्। संगीतका प्राध्यापक श्रेष्ठका अनुसार संगीतमा शास्त्रीय गायन, शास्त्रीय वादन (सितार), तल वादन (तबला) सम्बन्धी शिक्षा दिइन्छ। सैद्धान्तिक कम एवं बढी व्यावहारिक शिक्षा दिने यो क्याम्पसमा हाल ८ सय विद्यार्थी अध्ययनरत छन्। यो क्याम्पसबाट यी विधामध्ये कुनैमा स्नातक तहसम्मको अध्ययन पूरा गर्न १२ हजार ५ सयसम्म खर्च लाग्छ।

आमक्याम्पसभन्दा भिन्न विषयमा शिक्षा प्रदान गर्दै आएको यो क्याम्पसमा स्नातकोत्तरसम्मको कक्षा एवं छात्रावासको व्यवस्था हुनुपर्ने विद्यार्थी नगेनसिंह प्रभात बताउँछन्। यो विषयलाई मानविकी संकायअन्तर्गत नराखी छुटै कला संकाय स्थापना हुनुपर्ने पनि उनले बताए।

अध्ययनका क्रममा आवश्यक सामग्रीहरू विद्यार्थीले नै जुटाउनुपर्छ। कलाका माध्यमबाट भावना व्यक्त गर्न आवश्यक सीप लिन प्राज्ञिक अध्ययनको खाँचो यो क्याम्पसले पूरा गर्दै आएको प्राध्यापक उत्तमलाल शाक्य बताउँछन्।

**– शिव मुखिया**

# मोबाइल सफ्टवेयर विकासको अध्ययन



नेपालमै मोबाइलको सफ्टवेयरसम्बन्धी अध्ययन गर्न सकिने भएको छ। मोबाइलको सफ्टवेयर विकास गर्ने प्रयोगात्मक शिक्षा 'ब्याचलर डिग्री इन मोबाइल एप्लिकेसन टेक्नोलोजी' को कक्षा यसै वर्षदेखि काठमाडौं, कमलपोखरीस्थित इन्फरम्याटिक्समा प्रारम्भ भएको छ। मोबाइलको प्रकृतिअनुसार त्यसमा उपयुक्त सफ्टवेयर विकास गर्न सिकाइने यो पाठ्यक्रम तीनवर्षे शैक्षिक कार्यक्रम हो।

पूर्णत: प्रयोगात्मक विधिअपनाएर शिक्षा दिइने मोबाइल एप्लिकेसन कोर्स पूरा गर्न प्रति वर्ष १ लाख ४० हजारका दरले कुल ४ लाख २० हजार रुपैयाँ लाग्ने कलेजका धुव्र सेन बताउँछन्। मोबाइल सप्लायर कम्पनीका लागि दक्ष जनशक्ति उत्पादन गर्ने साथै स्वरोजगारीको अवसर सृजना गर्ने लक्ष्यका साथ सुरु गरिएको यो विषयमा अध्ययन गर्न प्लस टु वा प्रमाणपत्र तह उत्तीर्ण गरेको हुनुपर्छ।

प्रत्येक चार महिनाको अन्तरमा परीक्षा लिइने र सोही अवधिमा भर्ना पनि लिइने भएकाले यस विषयमा दक्षता हासिल गर्न अन्य शैक्षिक कार्यक्रममा झैं वर्ष कुर्नुपर्ने बाध्यता छैन। आफूले सबै विषयमा परीक्षा दिन नसके आफूले अध्ययन गरिसकेको विषयमा मात्र पनि परिक्षा दिन सकिन्छ।

यस विषयअर्न्तगत मोबाइलको सामन्य हार्डवेयर शिक्षा दिइने र बाँकी सफ्टवेयर प्रोगाम विकाससम्बन्धी अध्यापन गराइन्छ। मोबाइलमा आवश्यक सफ्टवेयर विकास गर्नका लागि विद्यार्थीमा उच्च कल्पनाशीलता एवं सिर्जनात्मक क्षमता हुनुपर्ने भएकाले त्यस्ता विद्यार्थीले यो विषयमा चाँडै दक्षता हासिल गर्न सक्छन्।

यो विषयअर्न्तगत इन्टरडक्सन टु कम्प्युटर एन्ड नेटवर्क, स्टक्चर क्युरी ल्याङ्वेज, नेटवर्किङ एसेन्टायल, वयरलेस एन्ड कम्युनिकेशन टेक्नोलोजी, म्याथम्याटिक्स फर कम्युनिकेशन सिस्टम, इन्टरडक्सन टु जाभा, इन्टरडक्सन टु मोबाइल कम्प्युटिङ तथा मोबाइल विजनेस इन्फर मेसन सिस्टमका बारेमा जानकारी दिइन्छ। यसैगरी दोस्रो चरणमा सिस्टम एनलाइसेस एन्ड डिजाइन, सफ्टवेयर इन्जिनियरीङ, अब्जेक्ट ओरियन्ट प्रोग्राम, इ कमर्स टेक्नोलोजी, मोबाइल एप्लिकेसन डेभलपमेन्ट, मोबाइल अपरेटिङ सिस्टम, प्रोग्रामिङ वेयरलेस एप्लिकेसन तथा एप्लाइड म्याथम्याटिक्स फर कम्युनिकेसन सिस्टमजस्ता विषयमा प्रयोगात्मक शिक्षा प्रदान गरिन्छ।

यी विषयमध्ये आफूले अध्ययन पुरा गरिसकेका विषयमा हरेक चार महिनामा परिक्षा दिइ अघि बढ्न सकिन्छ। यो शैक्षिक कार्यक्रम बेलायत, अस्ट्रेलिया तथा युएसको ४० वटा विश्व विद्यालयको सहकार्यमा सञ्चालित छ। परीक्षाका लागि सिंगापुरको युनिभर्सिटीबाट प्रश्नपत्रहरू आउने तथा यो शैक्षिक कार्यक्रममा उत्कृष्टता हासिल गर्ने विद्यार्थीलाई बेलायतको विश्व विद्यालयले छात्रावृत्तिसमेत प्रदान गर्ने सेनले बताए।

# व्यवस्थापन संकाय : अवसर र प्रतिस्पर्धा दुवै



नेपाली समाजमा कुनै जमानामा 'छोरी बिग्रिए नर्स, छोरा बिग्रिए कमर्स' भन्ने उखान प्रचलित थियो भने हिजोआज धेरै अभिभावक एवं विद्यार्थीको पहिलो रोजाइ व्यवस्थापन संकाय बन्ने गरेको छ। अन्य संकायमा २०-२५ जना विद्यार्थी जम्मा गर्न पनि धौधौ पर्ने कलेजहरूले व्यवस्थापन संकायमा भने थुप्रै विद्यार्थी पाएबाटै यो संकायको लोकप्रियता अनुमान लगाउन सकिन्छ।

यसैगरी पहिले-पहिले ब्रिजकोर्स विज्ञान, नर्सिङ आदि विषय पढाउनमात्र खोलिने गरेकोमा अहिले व्यवस्थापन संकायका लागि पनि ब्रिजकोर्स खोलिएबाट यसको लोकप्रियता बढेको अनुभव गर्न सकिन्छ। कृषिबाट बजारीकरणतर्फ उन्मुख हाम्रो समाजको प्रत्यक्ष प्रभाव व्यवस्थापन संकायको लोकप्रियता हो। अझ पछिल्लो समयमा चाटर्ड एकाउन्टेन्सी (सी.ए.) को लोकप्रियताले युवा पुस्तामा यो संकायतर्फ झुकाव बढेको छ। बजारमा व्यवस्थापन संकायको उत्पादनको बढी माग हुन थालेपछि चलाख विद्यार्थीले विज्ञान संकाय नै पढ्नुपर्छ भन्ने परम्परागत सोचमा परिवर्तन आएको छ। चाहे अस्पतालको प्रशासन हेर्न होस् वा बैंक, होटल अर्थात् अरू कुनै व्यापारिक प्रतिष्ठान नै किन नहुन्, व्यवस्थापन संकायका उत्पादन नभै कामै चल्दैन। टोल-टोलमा खुलेका बचत तथा ऋण सहकारी संस्था एवं विभिन्न बैंकका दर्जनौं शाखा बजारमा व्यवस्थापन संकायको माग कति छ, अनुमान गर्न सकिन्छ।

आई. कम. वा दस जोड दुईमध्ये कुनै एक गरी विद्यार्थीहरू व्यवस्थापन संकायमा पाइला बढाउन सक्छन्। त्यसपछि स्नातक, स्नातकोत्तर, एम. फिल. र पीएचडीसम्म गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समेत धेरै बाटा छन्, तर व्यवस्थापन संकायमा भर्ना हुन चाहने विद्यार्थीमा गणित, लेखा र अर्थशास्त्रको ज्ञान तथा रुचि भने हुनैपर्छ। व्यवस्थापन संकायमा आफ्नो क्यारियर बनाउन चाहने विद्यार्थीहरूले गर्नुपर्ने अर्को कार्य भनेको यो क्षेत्रका प्रतिष्ठित व्यक्तिहरूसँग भेटेर ज्ञान लिनु पनि हो। किनकि अरूबाट सुनेको भन्दा आफैंले भेटेर जिज्ञासाहरू राख्दा छर्लङ्ग हुन्छ र निर्णय लिन पनि सजिलो हुन्छ। जुनसुकै संकायमा पढ्ने विद्यार्थीहरूमा पनि मीठो बोली, स्पष्टवक्ता, कामप्रतिको लगाव, मिहिनेती, मिलनसारिताजस्ता गुण हुनुपर्नेमा व्यवस्थापन संकायमा भर्ना हुन चाहने विद्यार्थीहरूमा यी गुण अलि बढी हुनुपर्छ। किनभने व्यापार-व्यवसायको क्षेत्र भनेको दिनहुँ नागरिकसँग सम्पर्क र अन्तरक्रिया गरिरहनुपर्ने क्षेत्र हो।

जागिर खोज्नेहरू मात्र होइन, व्यापारिक घरानाका सदस्यहरूसमेत व्यवस्थापन संकायतर्फ आकर्षित पाइन्छन्। उनीहरू आफ्नो व्यवसाय चम्काउन सैद्धान्तिक ज्ञानका लागि यो विषय रोज्छन्। त्यसो त कामको धेरै अवसर प्राप्त हुने व्यवस्थापन संकायमा प्रतिस्पर्धासमेत बढिरहेको छ। यसबाट बच्न विद्यार्थीहरूले प्रयोगात्मक ज्ञान प्राप्त गर्ने प्रयास गर्नु फलदायी हुन्छ, अर्थात् इन्टर्नसिपलगायतका काममा झारा टार्नुभन्दा त्यसलाई वास्तविक ज्ञान प्राप्त गर्ने अवसरका रुपमा उपयोग गरिनुपर्छ।

**–विश्वमणि अधिकारी**

# अवसर र चुनौती बनेको ई-पत्रकारिता



नेपालमा आमसञ्चारको क्षेत्रमा विकास हुन थालेका अनलाइन सञ्चारमाध्यम एवं ई-पत्रकारिताले सम्भावनाका नयाँ ढोका खोलेको छ। अहिले नेपालमा पनि इन्टरनेट नेटवर्कको माध्यमबाट अनलाइन सञ्चारमाध्यम र ई-पत्रकारिताको विकास द्रुत गतिमा भैरहेको छ। छापा पत्रकारिताबाट सुरु भएको पत्रकारिता अहिले रेडियो, टेलिभिजन हुँदै ई-पत्रकारितासम्म पुगिसकेको छ।

सूचना प्रविधिको विकास र विस्तारमार्फत नेपालमा सबैभन्दा बढी विकास भएको क्षेत्र पत्रकारिता नै हो। रेडियो र टेलिभिजन हुँदै अहिले आएर हामीकहाँ इन्टरनेट पत्रकारिता पनि सुरु भएको छ। ई-पत्रकारिता सूचना-प्रविधि जान्ने-बुझ्ने मानिसका लागि पत्रकारिता सबैभन्दा नयाँ आकर्षण बन्न पुगेको छ। कम्प्युटर पनि जान्ने र पत्रकारिता पनि जान्ने कतिपय विशेषज्ञका लागि त ई-पत्रकारिता काम, दाम र यशका लागि सबैभन्दा उपयुक्त माध्यम बन्न पुगेको छ। त्यस्तै इन्टरनेट चहार्ने र तत्कालै आफूलाई चाहिएको सूचना, जानकारी र समाचार पाउन लालयीत हुनेहरूका लागि अनलाइन आमसञ्चार माध्यम सबैभन्दा उपयुक्त माध्यम बन्न पुगेको छ। सूचना, समाचार र जानकारीका सबै रूप चाहे त्यो तस्बिरमा होस्, लेखमा होस् वा भिडियो दृश्य होस् एकै ठाउँमा तत्कालै प्राप्त गर्न सकिने विशेषता नै ई-पत्रकारिताको सबैभन्दा ठूलो आर्कषण बन्न पुगेको छ।

ई-पत्रकारिताको माध्यम वा अनलाइन सञ्चारका माध्यमबाट मानिसहरूले घन्टाको समाचार अहिले मिनेटमा पाउन थालेका छन्। अहिले नेपालमा ई-पत्रकारिताको क्षेत्रमा हाम्रो सामाचार डटकम, नेपालन्यूज डटकम, ई-कान्तिपुर डटकम, न्युज अफ नेपाल डटकम, हिमालखबर डटकम सबैभन्दा बढी हेरिने अनलाइन समाचार वेबसाइट हुन्। यसैगरी बीबीसी न्यूज डटकम, सीएनएन डटकम, एपी डटकम आदिले अन्तर्राष्ट्रिय अनलाईन समाचार वेबसाइटका रूपमा साख कायम गरेका छन्। यी समाचारमूलक वेबसाइटले मिनेट-मिनेटमा आफ्ना सामाचारलाई अपडेट गरिरहेका हुन्छन्, जसका कारण कुनै घटनाका सम्बन्धमा तत्कालै जानकारी पाउन सकिन्छ।

ई-पत्रकारिता अहिले सूचना, समाचार वा जानकारी पाउने प्रमुख माध्यम भैसकेको छ। ई-पत्रकारिताको अभ्यास र प्रयोगले यस क्षेत्रमा काम गर्नेहरूका लागि चुनौती र अवसर दुवै उपलब्ध गराएको छ। अहिले विदेशमा बसेर नेपालका बारेमा जान्न चाहने नेपालीहरू र नेपालका बारेमा थाहा पाउन चाहने विदेशीहरूका लागि सजिलो, भरपर्दो र उपयुक्त माध्यम नै अनलाइन समाचार वेबसाइटहरू हुन पुगेको छ।

**–भोला**



# जर्सीको पीडा मलेसियामा बिर्सने प्रयास

जुलाईको अन्त्यमा मलेसियामा हुने एसीसी इलाइट ट्रफीका लागि नेपाली टिम तयारीमा जुटिसकेको छ । अस्ट्रेलियाको ओल्ड कलेजियन टिमसँग मैत्रीपूर्ण क्रिकेट खेलेको नेपालका लागि भर्खरै सम्पन्न डिभिजन पाँच क्रिकेट प्रतियोगितामा लागेको घाउ पुर्ने महत्त्वपूर्ण अवसर सावित हुन सक्छ । यसैका लागि नेपाली टिम बन्द सत्रमा रहेर दैनिक चार घन्टा अभ्यासमा जुटेको छ ।

नेपालले प्रतियोगिताको पहिलो चरणमा कतार, कुवेत, हङकङ र सिंगापुरसँग खेल्नेछ, जहाँ नेपालले सिंगापुरसँग सहज विजय हात पार्ने अपेक्षा गरिएको छ । कतार, हङकङ र कुवेतमध्ये दुई टिमसँगको विजयले नेपालको सेमिफाइनल प्रवेश सम्भव हुनेछ ।


प्रतियोगिताको पछिल्लो ६ संस्करणमा तेस्रोदेखि लगातार उपाधि जित्दै आएको संयुक्त अरब इमिरेट्स नै प्रतियोगिताको मुख्य दावेदार हो । मलेसिया, अफगानिस्तान, बहराइन, युएई र साउदी अरेबिया सम्मिलित समूहको तुलनामा नेपाल सजिलो समूहमा रहेको कुरामा शंका छैन ।

दुई वर्षभन्दा बढी समय विदेशमा रहेर भर्खरै नेपाल फर्किएका कनिष्क चौगाईंका लागि यो खेल अझ महत्त्वपूर्ण हुनेछ । उनको उपस्थितिले नेपाली ब्याटिङ केही बलियो हुने अनुमान गरिएको छ । यसअघि चौगाईंको नेतृत्वमा नेपालले दुई पटक एसीसी यू-१९ क्रिकेट प्रतियोगिताको उपाधि जितेको थियो भने त्यसअघिको उपाधि विजेता टिममा पनि चौगाईं महत्त्वपूर्ण सदस्य थिए ।

नेपाली टिममा चौगाईंका अतिरिक्त परेस लोहनी, शरद भेषवाकर, ज्ञानेन्द्र मल्ल र दीपेन्द्र चौधरीजस्ता ब्याट्सम्यान छन् । विनोद दास, मेहबुब आलम, शक्ति गौचन, पारस खड्का र वसन्त रेग्मी गरी पाँच जना अलराउन्डर टिममा समावेश गरिएका छन् । यसैगरी टिमका अन्य सदस्यमा राजकुमार प्रधान, सन्जम रेग्मी, अमृत भट्टराईका साथमा विकेटकिपर ब्याट्सम्यान महेश छेत्री छन् । वैकल्पिक खेलाडीमा धीरेन्द्र चन्द, राज श्रेष्ठ, मन्जित श्रेष्ठ र यसवन्त सुवेदी छन् ।

सिंगापुरमा सम्पन्न चौथो एसीसी ट्रफीको फाइनलमा स्थान बनाएको नेपालले त्यो प्रदर्शनलाई दोहोऱ्याउन नसकेको चर्चा चलिरहेकै समयमा नेपाली राष्ट्रिय टिमका कप्तान विनोद दास भने यसलाई अस्वीकार गर्छन् । दासको विचारमा एसियाली ननटेस्ट टिमका बीचमा बलियो मानिएको युएइसँग सेमिफाइनलमा प्रतिस्पर्धा हुनु दुर्भाग्य हो । दासको यो दाबीका बाबजुद पछिल्ला दुई संस्करणमध्ये पहिलो चरणमा आशातीत प्रदर्शन गर्न नसकेको कारण सेमिफाइनलमा बलियो प्रतिद्वन्दीको सामना गर्नुपरेको तथ्यलाई भने नकार्न मिल्दैन । खाडीका टिममा भारतीय र पाकिस्तानी मूलका खेलाडीको वर्चस्वका कारण अप्ठेरोमा परेको नेपाली टिमले यस पटक पनि यो समस्याको मुकाबिला गर्नुपर्नेछ ।

भर्खरै जर्सीमा सम्पन्न डिभिजन पाँच खेलमा नवौं अर्डरमा ब्याटिङ गरेका कप्तान विनोद दास नेपाली टिमको ब्याटिङ सधैंको भन्दा राम्रो भएको भन्न हिचकिचाउँदैनन् । 'जर्सीमै अफगानिस्तानसँग भएको कमजोर प्रदर्शन हाम्रो दुर्भाग्य हो । हामी साँच्चै कमजोर भने होइनौं ।' १ सय ८० र ९० बीचको स्कोर जर्सीको भूमिमा उपयुक्त भएको दाबी गर्दै दासले भने । जर्सीमा भएको खेलभन्दा अघिको अभ्यास खेलमा गरेको सानदार ब्याटिङ दोहोऱ्याउने कुरामा पनि उनी प्रतिबद्ध छन् ।





# नाडाल र विलियम्सलाई विम्बल्डन

लगातार छैटौं पटक विम्बल्डन टेनिस प्रतियोगिताको उपाधि जित्दै नयाँ इतिहास बनाउने सोचमा रहेका स्वीस टेनिस मास्टर रोजर फेडेररको सपना स्पेनिस खेलाडी राफेल नाडालले चकनाचूर पारेका छन् ।

विगत केही वर्षदेखि पुरुष टेनिसमा आफ्नो आधिपत्य कायम गर्दै आएका फेडेररको यो पराजयले उनलाई यो वर्षको तेस्रो ग्रान्डस्ल्याम प्रतियोगिता हात पार्नबाट विमुख बनाएको छ । विम्बल्डनको इतिहासमै सर्वाधिक लामो पौने ५ घन्टासम्म चलेको फाइनलमा फेडेरर राफेल नाडालद्वारा ६-४, ६-४, ६-७ (५-७), ६-७ (८-१०) र ९-७ ले पराजित भएका थिए । सन् १९६६ मा मानोला सान्टालाले विम्बल्डन प्रतियोगिता जितेपछि कुनै पनि स्पेनिस खेलाडीले कप उचाल्न नसकेको अवस्थामा नाडालले यो सफलतामार्फत स्पेनिस टेनिसको इतिहासलाई एकपटक दोहोऱ्याएका छन् । यसैगरी एकै वर्षमा फ्रेन्च ओपन (माटोको कोर्ट) तथा विम्बल्डन (घाँसको कोर्ट) मा सफलता पाउने उनी दोस्रो खेलाडी भएका छन् । यसअघि सन् १९८० मा जोनबर्गले यस्तो सफलता हात पारेका थिए ।

घाँसे टेनिस कोर्टका बादशाह फेडेररले सन् २००२ देखि विम्बल्डन टेनिस प्रतियोगितामा लगातार आफ्नो आधिपत्य जमाउँदै आएका थिए । फेडेरर यसपटक विम्बल्डन जितेर आफूलाई जोन बर्ग र विली रेन्सोले लगातार ६ पटक पाएको सफलताको समकक्षमा आफूलाई पुऱ्याउने सोचमा थिए भने पिट साम्प्रासले जितेको १४ औं ग्रान्डस्ल्यामको बराबरी गर्ने मनसाय उनको थियो ।

त्यसो त यो वर्षको ग्रान्डस्ल्याम प्रतियोगितामा फेडेरर विगतको तुलनामा केही कमजोर देखिएका थिए । उनी वर्षको पहिलो ग्रान्डस्ल्याम अस्ट्रेलियन ओपनको सेमिफाइनलबाटै घर फर्किएका थिए भने माटोको कोर्टका उत्कृष्ट खेलाडी नाडालले उनलाई फ्रेन्च ओपनको फाइनलमा पराजित गरेका थिए । फ्रेन्च ओपनको बदला विम्बल्डनमा देखिने अनुमान धेरैले गरे पनि अन्ततः त्यसको परिणाम पनि नाडालकै पक्षमा गयो ।

पुरुष एकल प्रतियोगिता जसरी रोमाञ्चक मोडमा समाप्त भयो, एक दिनअघि भएको महिला एकलको फाइनल पनि उत्तिकै रोचक रह्यो ।

पाँचौं पटक विम्बल्डन टेनिसको उपाधि हात पार्न फाइनलमा उत्रिएकी भेनस विलियम्सको सामना आफ्नै बहिनी सेरेना विलियम्ससँग भएको थियो, तर फाइनलमा दिदीले बहिनीलाई ७-५ र ६-४ को सोझो सेटमा पराजित गरिन् । ७ पटक बहिनीसँग ग्राण्डस्ल्यामको फाइनलमा आमने सामने भए पनि २८ वर्षीय भेनसले आफ्नो खेलमा सुधार गर्दै यो सफलतासहित २ विजय हात पारिन् । यो सफलताले उनलाई सातौं पटक ग्रान्डस्ल्यामको उपाधिसमेत दिलायो, जसमा तीनवटा विम्बल्डन विजेताका रूपमा छ । सन् २००२ र ०३ मा आफ्नै बहिनीसँग पराजय भोगेकी भेनसले यसपटक आफ्नो पूर्वविजेता छवि प्रस्तुत गरिन् । विम्बल्डन टेनिसको फाइनलमा यी दिदी-बहिनी आमने-सामने भएको यो तेस्रो अवसर हो ।

## ५ प्रश्न

उत्तम राज थापा, तनहुँका प्रतिभाशाली बुद्धिचाल खेलाडी । हालै भारतको मुम्बईमा सम्पन्न अन्तर्राष्ट्रिय रेटिङ बुद्धिचाल प्रतियोगितामा थापाले ७ अंक प्राप्त गर्दै आफ्नो समूहमा शीर्ष स्थान हात पारे ।



**उपाधि जित्दा कस्तो लाग्यो ?**

खुसी लाग्नु स्वाभाविक हो । यो उपाधिले बुद्धिचालमा ध्यान दिए यसमा भविष्य सुखद छ भन्ने प्रमाणित भएको छ । खास गरेर नेपालको परिप्रेक्ष्यमा भन्ने हो भने हामी थुप्रै खेलाडी एउटै तहका छौं । यो प्रतियोगितामा पनि हामी धेरै खेलाडी ६ देखि ७ अंकको बीचमा रह्यो । म आफू मात्र होइन, नियमित रूपमा स्तरीय प्रतियोगितामा खेल्ने अवसर पाए हामी सबैले प्रगति गर्न सक्छौं ।

**राष्ट्रिय च्याम्पियनसिपमा लक्ष्य ?**

मेरो लक्ष्य उपाधि नै हो, तर नेपाली बुद्धिचालको अवस्था अलि फरक छ । हामी धेरै खेलाडीबीच ठूलो ठूलो प्रतिस्पर्धा छ, जसको बीचबाट जो पनि राष्ट्रिय विजेता हुन सक्छ । मेरो लक्ष्य च्याम्पियन हुने हो, यद्यपि च्याम्पियन भइएन भने पनि शीर्ष पाँचमा पर्ने हो । यसैका लागि तयारी पनि गरिरहेको छु ।

**यो वर्ष कति कमाइयो ?**

नेपालमा चेसको व्यावसायिक विकास भएको छैन, विदेशी भूमिमा लगातार पुरस्कार जित्ने स्तर पनि हाम्रो छैन । यस कारण खासै धेरै कमाएको छैन । भारतमा १६ हजार रुपैयाँ र नेपालमा अन्दाजी ४० हजार रुपैयाँ, तर हाम्रो जुन स्तर छ त्यसमा १० प्रतिशत मात्र वृद्धि गर्न सक्यौं भने हाम्रो आम्दानी पनि १० गुणा बढ्छ । हामीले त्यसो गर्न सकिरहेका छैनौं ।

**परिवारले कसरी हेरेको छ ?**

खेलेर मात्र भएन । घर-परिवारमा त ध्यान दिनै पऱ्यो । त्यसपछि त केही भन्ने कुरै आउँदैन । सधैं खेल्यो हाऱ्यो र हुने भए घरमा पनि सबैलाई दिक्क लाग्थ्यो होला तर नेपालमा हुने प्रायः प्रतियोगितामा उपाधि नजिते पनि राम्रै स्थान पाएको छु । त्यसकारण घर-परिवारमा सबै दंग नै छन् ।

**छोरालाई चेस खेलाडी नै बनाउने ?**

छोरो पाँच वर्षको भएको छ । उसलाई पनि सिकाउँदै छु । राम्रै खेलाडी बनाउने विचार छ तर देशको खेलको अवस्थाले दिक्क लाग्छ । राम्रो प्रशिक्षक, क्लब र प्रतियोगिताको क्रम सुरु भए व्यवस्थित ढंगले राम्रो खेलाडी बनाउने उद्देश्यले नै खेलाउने थिएँ ।



# अन्यौलमा सुन्दरी प्रतियोगिता



पोखरा- हरेक वर्षजसो मिस नेपाल प्रतियोगिता विरोधका बीच सम्पन्न हुँदै आएको छ। यस पटक हुन लागेको मिस नेपाल प्रतियोगिता गर्न नदिन अखिल नेपाल महिला संघ (क्रान्तिकारी) अहिलेदेखि नै सक्रिय हुन थालेको छ।

हिडेन ट्रेजरले मिस नेपाल प्रतियोगितामा पोखराका युवतीहरूको छनौटका लागि द लुक्स फेसन होम्सका कोरियोग्राफर रवीन्द्र बज्राचार्यलाई जिम्मेवारी दिएको छ। सम्पर्कका लागि सञ्चारमाध्यममा सम्पर्क नम्बर प्रकाशित भएपछि बज्राचार्यलाई क्रान्तिकारी महिलाहरूले युवतीहरू नपठाउन बारम्बार चेतावनी दिइरहेका छन्। प्रतियोगिता गरे दुर्घटना बेहोर्नुपर्ने धम्की पनि महिला संघले दिएको छ।

द लुक्स फेसन होम्सले हरेक वर्षजसो मिस पश्चिमाञ्चल प्रतियोगितासमेत गर्दै आएको छ, अहिले अखिल महिला संघ (क्रान्तिकारी) कास्कीले मिस पश्चिमाञ्चल प्रतियोगिता नगर्न दबाब दिएको छ। कार्यक्रम गरे नराम्रो हुने धम्की दिएका छन्, –बज्राचार्यले बताए। प्रतियोगिता साउन ११ गते हुने तयसमेत भैसकेको थियो।

मिस पश्चिमाञ्चल प्रतियोगितामा सहभागी प्रतिस्पर्धीहरूको तयारीका लागि आयोजकहरूले फोटोसेसन समेत गराइसकेका थिए। क्रान्तिकारी महिलाहरूको धम्कीले कार्यक्रम गर्ने कि नगर्ने कुरामा अहिले आयोजकहरू अलमल्ल परेका छन्। क्रान्तिकारीकी दुर्गा शर्माले सौन्दर्य प्रतियोगिता छाडेर अरू नृत्य प्रतियोगिता गर्न भनेको आयोजक समितिका राजेश जोशीले बताए। हामी सबैसँग छलफल गरेर मात्र प्रतियोगिता गर्ने-नगर्ने निर्क्योल गर्नेछौं, जोशीले साप्ताहिकसँग भने, तर क्रान्तिकारी महिलाहरू भने कुनै पनि हालतमा प्रतियोगिता गर्न नदिने निर्णयमा पुगेका छन्।

सौन्दर्य प्रतियोगितालाई अखिल नेपाल महिला संघ (क्रान्तिकारी) ले महिला अस्मितामाथि खेलबाड गर्ने माध्यम बताएका छन्। मिस नेपाल र मिस पश्चिमाञ्चल प्रतियोगिताको यही अर्थमा हामीले विरोध गरेका हौं, अखिल नेपाल महिला संघ क्रान्तिकारीकी केन्द्रीय सचिवालय सदस्य सुशीला सिम्खडाले भनिन्- 'सौन्दर्य प्रतियोगिताले नेपाली महिलाहरूको उपहास गरेको छ।'

सिंखडाको धारणाको सौन्दर्यकर्मीहरू प्रतिवाद गर्छन्। सौन्दर्य प्रतियोगिता केवल अंगप्रदर्शनका लागि गरिएका हुँदैनन्। सौन्दर्य प्रतियोगितामा सहभागी भएर धेरैले आफ्नो भाग्य चम्काएका मात्र नभै थुप्रै अवसर पनि पाइरहेका छन्। सौन्दर्य प्रतियोगिता रोक्नु प्रतिभावान् युवतीहरूको क्षमतामाथि खेलबाड गर्नु हो, पोखराका कोरियोग्राफर तथा मोडल आशिष श्रेष्ठ भन्छन्- 'ट्यालेन्ट हन्टको पर्याय बनेको सौन्दर्य प्रतियोगिता कुनै पनि हालतमा रोक्नु हुँदैन।' प्रारम्भका दिनमा मिस पोखरा प्रतियोगिताको पनि विरोध भएको हो, तर विरोधका बीच पनि प्रतियोगिता सम्पन्न भएका थिए। क्रान्तिकारी महिलाहरूको निर्देशनसँगै प्रतियोगितामा सहभागी भएर आफ्नो क्षमता देखाउन लालायित युवतीहरूमा निराशा छाएको छ। पहिलो पटक मिस पश्चिमाञ्चलमा सहभागी जमुना गुरुङले भनिन्- 'सौन्दर्य प्रतियोयिगतामार्फत पनि आफ्नो ट्यालेन्ट देखाउन सकिन्छ, यसलाई रोक्नु हुँदैन।'

**–शिव शर्मा**


बेरोजगारहरूको लागि सुवर्ण अवसर ३०% छुटमा
फोटोग्राफी भिडियोग्राफी
DIGITAL VIDEO EDITING
PHOTO-VIDEO पत्रकारिता
FREE Camera, Lens, Film Studio Lab, IELTS Computer Lab, Library etc.
नेपालको नं. 1 Study Center (CTEVT द्वारा सम्बन्धनप्राप्त)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९








मोबाईल तालिम
मोबाईल फोन
रेडियो, क्यासेट, DVD, VCD, TV
एसी / फ्रिज
हाउसवायरिङ्ग
मोटरवाईण्डिङ्ग
कम्प्युटर हार्डवेयर, सफ्टवेयर
१२ वर्ष पुरानो
३०% छुटमा
Job को लागि सहयोग
तालिमका लागि सम्पर्क :
राज इलेक्ट्रोनिक्स
शिव दर्शन हल अगाडी
नयाँ बानेश्वर फोन: 4495581
कालिमाटी 01-6224798
नोट: विदेश जानेलाई विशेष कोर्ष।



Learn Language & Computer
TOEFL/IELTS (Free Books, CDs, Lab Practice, Weekly test.)
English, Chinese, French German, Korean, Hebrew Japanese, Spanish, Italian
विदेश जाने र अंग्रेजी जान्दै नजान्नेहरुका लागि विशेष व्यवस्था छ।
Computer Basic to Diploma (Tally/Fact/Tata-EX/MsAccess etc)
Osish Language & Computer Center (OLC) Adwait Marg, Old BusPark 4232866
बसपार्क बाट शंकरदेव कलेज जाँदा २०० मि. अगाडि बायाँ तर्फ
New Baneshwor, Bicc पानी ट्याङकि अगाडि Ph.016217094



तालिम
अरुण दत्त पन्त द्वारा
वि.सं. २०५३ देखि निरन्तर.........
फोटोग्राफी
भिडियोग्राफी
फोटो एडिटिङ्ग
भिडियो एडिटिङ्ग
फोटो लेमिनेशन
नेपाल सरकार पाठ्यक्रम
पाठ्यक्रम विज्ञद्वारा
अन्तराष्ट्रिय स्तर
हजारौं लाभान्वित
SLC Discount
नेपाल फोटोग्राफी
मान्यता प्राप्त पहिलो फोटो/भिडियो इन्स्टिच्यूट
भोटाहिटी, साझा भण्डार ४२१६२९१



होटल तालीम
छुटमा %
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Hotel Mgmt
★F & B Mgmt ★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo
(International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसँगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)



अंग्रेजी दुई महिना मै
Basic to Advanced
Free Books, Audio & Video CD
Free Internet & E-Mail
Every day Audio & Video Cl...
Computer Lab
Daily new materials
Latest Method and Techn...
Experienced Teacher
...learn us & be confident...
Getway Tel: 4241870
2003 Educational Consultancy (P) Ltd.
Bagbazar, Kathmandu Nepal


**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली** तथा **स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल**।